सं.द.नं. : २७२(१२)०५९/०६०

पान नं.: ३०३८७५२७५

"कृषि, उद्योग, शिक्षा, स्वास्थ्य र रोजगार, BASUCOL सेवाका मूल आधार"

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

**(वातावरण भवन)**

वीरेन्द्रनगर-८, सुर्खेत



# २४औं वार्षिक साधारणसभा

# वार्षिक प्रतिवेदन २०८३

**(गत आ.व. २०८२/०८३ को यथार्थ, चालु आ.व. २०८३/०८४ को संशोधन र आगामी आ.व. २०८४/०८५ को लागि प्रस्तावित बजेट, कार्यक्रम र नीति समेत)**

(२४औं वार्षिक साधारणसभाको एकाई बैठकहरूको कार्यतालिका यसभित्र छ ।)



ब्याज अनुदान सुविधा लिई भैसी पालन व्यवसाय गर्नुभएको सदस्य



व्यापार व्यवसाय गर्नुभएको शेयर सदस्य ग्राहकसँग पसलमा



संस्थाले सञ्चालन गरेको लेखा व्यवस्थापन तालिमका सहभागी तथा उपस्थित संस्थाका पदाधिकारीहरू



समिति/उपसमितिका पदाधिकारीहरुका लागि सञ्चालन गरिएको अभिमुखीकरण कार्यक्रममा उपस्थित अतिथिहरू



अध्ययन अवलोकन भ्रमणको क्रममा संस्थाका पदाधिकारी, सल्लाहकार तथा कर्मचारीहरू



जि.आ. सुविधा अन्तर्गत बिमा वापतको रकम सहित श्रद्धाञ्जली एवसमवेदना प्रकट गर्दै संस्थाका कर्मचारी







संस्थाद्वारा सञ्चालित वातावरण दुग्धशाला तथा वातावरण खाद्य उद्योग

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

**वातावरण भवन**

**वीरेन्द्रनगर–८, सुर्खेत**

प.स. : ०८३/०८४

च.नं. : ९६

मिति : २०८३/०४/२७

**विषय : २४औं वार्षिक साधारणसभामा उपस्थित हुने सम्बन्धमा ।**

***श्री आदरणीय शेयर सदस्य ज्यू,***

संस्था सञ्चालक समितिको मिति २०८३ श्रावण २६ गतेको बैठकको निर्णयानुसार यस संस्थाको २४ औं **वार्षिक साधारणसभाको एकाई बैठक सम्बन्धी कार्यक्रमहरु तपसिल** बमोजिमको **मिति र स्थानहरुमा बिहान १०:०० बजेदेखि नाम दर्ता र औपचारिक शुरुवात ११:०० बजेदेखि** हुने भएको हुँदा सो एकाई बैठकहरुमा तपाईंको अनिवार्य र महत्वपूर्ण उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

एकाई बैठकमा छलफल हुने विषयहरू :

१) वार्षिक साधारणसभामा उठेका र भएका विषयवस्तुको टिपोट र निर्णय प्रमाणित प्रतिनिधी छनौट ।
२) संस्थाको वार्षिक कार्यक्रम तथा नीति, नियमावली (अनुसूची १ देखि अनुसूची २ सम्मको) माथि छलफल र निर्णय ।
३) संस्थाको वार्षिक बजेट प्रतिवेदन (अनुसूची ३ देखि अनुसूची ४ सम्मको) माथि छलफल र निर्णय ।
४) लेखापरीक्षण प्रतिवेदन माथि छलफल र निर्णय ।
५) आ.व. ०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धी निर्णय ।
६) शेयर लाभांस तथा संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
७) संस्थाको विनियम संशोधन सम्बन्धमा ।
८) जग्गा खरिद सम्बन्धमा ।
९) एकाई प्रतिनिधिहरुको सभाका लागि प्रतिनिधि छनौट सम्बन्धमा ।
१०) विविध (खुल्ला छलफल तथा निर्णय) ।

साधारणसभाको एकाई बैठक हुने मिति र स्थान तथा सहभागी हुने सदस्यहरुको विवरण :

| क्र. सं. | एकाई बैठक नं. | एकाई बैठक हुने | | | कैफियत |
|---|---|---|---|---|---|
| | | मिति | स्थान | सहभागी हुने सदस्यहरु | |
| १ | ४ | २०८३ असोज १ | कालिमाटी ३, सल्यान | रामपुर सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| २ | ७ | २०८३ असोज ४ | दुल्लु ७, दैलेख | डुंगेश्वर, दुल्लु र चामुण्डा सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ३ | ६ | २०८३ असोज ७ | गुराँस ८, धरमपोखरा दैलेख | मेहेली धरमपोखरा सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ४ | ५ | २०८३ असोज १० | सिम्ता ६, जामुनेबजार सुर्खेत | राकम र देवस्थल सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ५ | १ | २०८३ असोज १४ | वराहताल ५, वड्डीचौर सुर्खेत | वड्डीचौर र बाबियाचौर सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ६ | २ | २०८३ असोज १८ | संस्था परिसर, वीरेन्द्रनगर ८, सुर्खेत | वीरेन्द्रनगर, यरिचोक र बचत तथा ऋण कार्यक्रम अन्तर्गतका सदस्यहरु | |
| ७ | ३ | २०८३ असोज २१ | भेरीगंगा ११, राताचौर, सुर्खेत | मेहेलकुना र रामघाट सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ८ | | २०८३ असोज २३ | संस्था परिसर, वीरेन्द्रनगर ८, सुर्खेत | सबै एकाई बैठकबाट चयन भएका प्रतिनिधिहरु | एकाई प्रतिनिधिहरुको सभा |

**नोट :** १) एकाई बैठकहरुको कार्यक्रम संचालन तालिका सेवाकेन्द्रहरुले तय गरेअनुसार हुनेछ ।

..............................

**(खगेन्द्रप्रसाद भट्टराई)**

**अध्यक्ष**

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

**वातावरण भवन**

वीरेन्द्रनगर–८, सुर्खेत

## वार्षिक प्रतिवेदन

## २०७३

**सम्पादन सल्लाहकार**

श्री कमलराज रेग्मी
श्री कृष्णप्रसाद पौडेल
श्री डम्बरप्रसाद अर्याल
श्री चन्द्रलाल आचार्य
श्री देवकुमार सुवेदी
श्री खगेन्द्रप्रसाद भट्टराई

**बजेट तथा कार्यक्रम मस्यौदा उपसमिति**

| | | |
|---|---|---|
| कोषाध्यक्ष (सं. समिति) | श्री हिरा बुढा मगर : | **संयोजक** |
| संयोजक (लेखा समिति) | श्री तिलक खनाल : | **सदस्य** |
| संयोजक (दुग्धशाला उ.स.) | श्री प्रेमप्रसाद चालिसे : | **सदस्य** |
| संयोजक (रोजगार उ.स.) | श्री पोषणराज रेग्मी : | **सदस्य** |
| संयोजक (उद्योग उ.स.) | श्री डिले वली : | **सदस्य** |
| संयोजक (महिला बा.उ.स.) | श्री काँशीमाया राना : | **सदस्य** |
| संयोजक (युवा, ज्ये.ना.उ.स.) | श्री सुवास आचार्य : | **सदस्य** |
| संयोजक (शिक्षा, ता.उ.स.) | श्री ईमादेवी पोखेल : | **सदस्य** |
| वरिष्ठ प्रवन्धक | श्री किरण बस्नेत : | **सदस्य** |
| बचत तथा ऋण का. प्रवन्धक | श्री अम्बिका खनाल : | **सदस्य** |
| लघुवित्त कार्यक्रम प्रवन्धक | श्री श्यामलाल न्यौपाने : | **सदस्य** |
| कार्यकारी प्रवन्धक | श्री सुरजप्रसाद आचार्य : | **सदस्य सचिव** |

**सम्पादन सहयोगी**

| | |
|---|---|
| श्री झंकप्रसाद अर्याल | श्री हरिप्रसाद चालिसे |
| श्री राजेश अधिकारी | श्री उर्मिला रोकाय |
| श्री सोमप्रसाद थारु | श्री पूर्णबहादुर रोका |
| श्री नारायण भट्टराई | श्री ठुम्राकुमारी गिरी |
| श्री खगेन्द्र पौडेल (ख) | श्री कृष्णबहादुर अधिकारी |
| श्री महेशकुमार ढकाल | श्री वेदराज खनाल |
| श्री पारसकुमार खड्का | श्री गंगाराम सापकोटा |

**कम्प्यूटर**

श्री देवेन्द्रकुमार सेजुवाल

**प्रकाशक**

**BASUCOL वीरेन्द्रनगर–८, सुर्खेत**

**सर्वाधिकार**

**प्रकाशकमा सुरक्षित**

**मुद्रण सहयोगी**

विन्ध्यावासिनी प्रिन्टर्स एण्ड सप्लायर्स

*वीरेन्द्रनगर-६, सुर्खेत*

# हार्दिक शुभ-कामना

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. आर्थिक, सामाजिक, व्यवसायिक लगायतका विभिन्नखाले सेवा क्रियाकलापहरु संचालन र व्यवस्थापन गर्दै सदस्य तथा समुदायको मन जित्न सफल कर्णाली प्रदेशकै एक अग्रणी सहकारी संस्था रहेको व्यहोरा सर्वविदितै छ । यसै परिप्रेक्ष्यमा सदस्य तथा समुदायका आवश्यकता र माग बमोजिमका विभिन्न सेवा क्रियाकलापलाई अझ परिस्कृत किसिमले संचालन गर्दै संस्था अहिले २४औं वार्षिक साधारण सभाको पूर्वसन्ध्यामा आइपुगेको छ । संस्थाको **२४औं वार्षिक साधारण सभा**को यस पावन अवसरमा संस्थाका संस्थापक तथा वातावरण परिसरमा अवस्थित विभिन्न संघ-सस्थाहरूको तर्फबाट हामी सम्पूर्ण शेयर सदस्यहरु, बचतकर्ता, संचालक, कर्मचारीहरू, यस संस्थाका शुभचिन्तक एवं समग्र संस्थाप्रति **हार्दिक बधाई तथा शुभ-कामना** व्यक्त गर्न चाहन्छौं । अहिलेको अवस्थासम्म आईपुग्दा यस संस्था समुदाय र अन्य संघ-सस्थाहरूमाझ स्थापित हुँदै कर्णाली प्रदेशका सुर्खेत, दैलेख, जाजरकोट र सल्यान जिल्लामा प्रभावकारी सेवाका साथ आफ्नो उत्कृष्ट पहिचान स्थापित गर्न सफल भएको छ। संस्थाको यस २४औं वार्षिक साधारण सभाको अवसरमा आगामी दिनमा सहकारी व्यवसायमुखी स्वस्थ, सुन्दर, स्वावलम्बी एवं सहयोगी सहकारी समाज निमार्ण गर्ने संस्थाको परिकल्पनालाई अझ सार्थक बनाउनुको साथै उत्तरोत्तर प्रगति गर्दै जाओस् भन्ने **शुभ-कामना** समेत व्यक्त गर्न चाहन्छौं ।

सँधै झैं यस वर्ष पनि संस्थाले आफ्नो वार्षिक साधारण सभाको अवसरमा वार्षिक प्रतिवेदन पुस्तिका प्रकाशन गर्न लागेकोमा हामी अत्यन्त खुशी भएका छौं । आफ्ना गतिविधिहरूको सूचना सम्प्रेषण गर्ने क्रममा प्रतिवेदन मार्फत सु-सूचित गराउने प्रयत्नका निम्ति संस्था सँधै बधाईको पात्र रहँदै आईरहेको छ। शिक्षा, स्वास्थ्य, कृषि, उद्योग व्यवसायका क्षेत्रमा सहकारी सेवा विस्तार गर्नुका साथै संस्थाको मानवीय तथा सामाजिक सेवामा समेत संलग्न भई संस्थाको गरिमालाई अझ माथि उठाउने कार्य अति प्रशंसनीय छ। दैवी प्रकोप एवं प्राकृतिक प्रकोपको समयमा मात्र होईन विभिन्न महामारी तथा संकटको अवस्थामा पनि समुदाय तथा सदस्यलाई यस संस्थाले उदारताका साथ राहत तथा सहयोगका हात अगाडी बढाएको देखिन्छ। यसरी समुदायस्तरमा संस्था अझ जिम्मेवार भई प्रस्तुत हुने गरेकोमा हामी सबैले गर्वको महशुस गर्दै आएका छौं ।

अन्तमा, आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमहरूको प्रभावकारी संचालन र विस्तार एवं निरन्तरता दिँदै थप व्यवसायिक क्षेत्रको खोजी गरी संस्था एवं सदस्यहरुको सीप विकास गर्दै थप परियोजना एवं कार्यक्रमहरू जन्माउँदै सहकारी आन्दोलन एवं सामाजिक सेवामा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछौं । जय सहकारी ॥

**अम्विका खनाल**
**अध्यक्ष**
वातावरण सुधार समाज
(EDS) परिवार

**कमलराज रेग्मी**
**संस्थापक सल्लाहकार**
BASUCOL तथा EDS

**शरद पौड्याल**
**कम्पनी अध्यक्ष**
चिल्ड्रेन्स प्याराडाईज स्कूल प्रा.लि. तथा
सञ्चालक एवं शेयर सदस्य परिवार

**होमलाल भण्डारी**
**सभापति**
नेपाल रेडक्रस सोसाईटी उपशाखा
वीरेन्द्रनगर ८, सुर्खेत परिवार

**मीनराज पन्त**
**अध्यक्ष**
तथा
प्रेरणा पुस्तकालय परिवार

# परिकल्पना, ध्येय, लक्ष्य तथा कार्यनीति (VMGS)

**परिकल्पना (Vision)**

सहकारी व्यवसायमुखी स्वस्थ, सुन्दर, स्वावलम्बी एवं सहयोगी सहकारी समाज निमार्ण गर्ने ।

**संस्थाप्रतिको सोच (Thinking About The Organization)**

सहकारिताको मूल्य र मान्यतामा आधारित बहु-व्यवसायात्मक अति उत्तम बहुउद्देश्यीय सहकारी संस्था ।

**ध्येय (Mission)**

आर्थिक विपन्नताका कारण गरिबीको कुचक्रमा परेका विपन्न वर्गका महिला, पुरुषहरूलाई सहकारी शिक्षाको कुशल सहजीकरणको माध्यमबाट उनीहरूमा जागरण ल्याउने कार्यक्रमहरु संचालन गरी सहकारी व्यवसाय तथा कृयाकलापमा स्वःस्फुर्त संलग्न भई सामुहिक रूपमा आफ्नो आर्थिक, सामाजिक एवं सांस्कृतिक विकास गर्न सक्षम तुल्याउने ।

**लक्ष्य (Goal)**

आर्थिक विपन्नतामा रुमल्लिएका हुँदा खाने र गरी खाने पिछडिएको वर्ग, समान आर्थिक स्थिति र उद्देश्य भएका महिला र पुरुष सदस्यहरूलाई बहुउद्देश्यीय सहकारी संस्थाको माध्यमबाट सामुहिक रूपमा बचत परिचालन बाट उत्पादन तथा व्यवसायिक ऋण वितरण, उपभोक्ता भण्डार, गुणस्तरीय शिक्षा, स्वास्थ्य, कृषि तथा विभिन्न आयमूलक व्यवसाय सञ्चालन गरी सदस्य तथा लक्षित वर्गहरूमा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता पूरा गर्न राष्ट्रिय सहकारी आन्दोलनमा सरिक हुने ।

**कार्यनीति (Stratagies)**

१. लक्षित वर्गसम्म सेवा पुर्‍याउनका लागि प्रत्येक वर्ष क्रमिक रूपले कार्यक्षेत्र विस्तार गर्दै खुला सदस्यताको नीति अवलम्बन गर्ने ।
२. सदस्य तथा समुदायको विकासका लागि कृषि, शिक्षा, स्वास्थ्य, रोजगार र उद्योगसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरू विभिन्न समुदायहरुमा सदस्यहरुको आवश्यकता अनुसार सेवाकेन्द्र कार्यालयहरु मार्फत सञ्चालन गर्ने ।
३. सदस्यहरूको आवश्यकता र रुचि अनुरूप बचत तथा अन्य सेवाहरू विस्तार गर्नुको साथै गुणस्तरीय तथा सुलभ सेवा प्रदान गर्ने ।
४. सदस्यहरूले गरेको शेयर लगानीमा वार्षिक लाभांश वितरण गर्ने ।
५. प्रत्येक आर्थिक वर्षमा निम्नआय भएका विपन्न वर्गहरूलाई संगठित गरी लघुवित्त कार्यक्रम, लघुउद्यम कार्यक्रम तथा पशुपालन व्यवसायका लागि ऋण तथा बचत परिचालनमा प्राथमिकता दिई ततसम्बन्धी क्षमताको अभिवृद्धि गर्दै जाने ।
६. संस्थाले भविष्यमा बैंकिङ्ग सेवा पनि सञ्चालन गर्ने उद्देश्य लिएको र सो उद्देश्य परिपूर्तिका लागि सदस्यहरूलाई आवधिक तथा स्वेच्छिक बचतजस्ता स्वेच्छिक कारोबार खाता खोल्न उत्प्रेरित गर्ने र कारोबार खाताको संख्या क्रमिक रूपले वृद्धि गरि बैंकिङ्ग सेवा सञ्चालन सम्बन्धी अनुभवहरू समेत हाँसिल गर्ने ।
७. संस्थागत कोषका रकमहरूलाई सुरक्षित तथा अधिक आय-आर्जन हुने क्षेत्रमा लगानी गर्ने ।
८. सामाजिक विकास निर्माणका कार्यमा संलग्न रहन सामाजिक विकास कोषको स्थापना गरी परिचालन गर्ने ।
९. संस्थाको मानवीय संसाधन, सदस्यहरुको सीप विकास तथा क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि कोष स्थापना गरी उचित व्यवस्थापन र परिचालन गरी सीपयुक्त र दक्ष जनशक्ति तयार पार्दै जाने ।
१०. प्रत्येक वर्ष शेयर सदस्यहरूलाई सहकारी शिक्षाका सन्दर्भ सामाग्री, स्वास्थ्य र सहकारी अवलोकनजस्ता कार्यमा निरन्तर रूपमा संलग्न गराई राख्न प्रत्येक आर्थिक वर्षमा संस्थाको आम्दानीलाई मध्यनजर राखी आर्थिक सहयोग वितरणको व्यवस्था गर्ने ।
११. सामाजिक तथा आर्थिक विपन्नताको वातावरणलाई सन्तुलन राख्न संस्थाको कार्यक्षेत्रभित्र क्रमिक रुपमा गुणस्तरीय सहकारी विद्यालय, सुलभ र भरपर्दो सहकारी औषधालय, सहकारी यातायात, उपभोक्ता भण्डार, कृषि उद्योग, रेमीटान्स कार्यक्रम संचालनजस्ता सेवाहरू सदस्यहरूलाई संस्थागत रुपमा प्रदान गर्दै जाने ।
१२. समाजका बेरोजगार युवायुवतीहरूलाई उनीहरूको चाहना र सीपअनुसारको रोजगार प्रदान गर्न आवश्यक पर्ने शिक्षा, स्वास्थ्य, उपभोक्ता भण्डार, साना तथा मझौला उद्योगहरू, कृषि व्यवसाय, होटल, रेष्टुरेन्ट जस्ता व्यवसायहरू सामुहिक रूपमा सञ्चालन गर्न उत्प्रेरित गरी उनीहरुको योजना अनुसार आर्थिक ऋण सहयोग प्रदान गर्दै सामुहिक लगानीको क्षेत्रमा जोड दिदैं जाने ।
१३. सञ्चालकहरूको व्यवसायकीरणमा जोड दिदै संस्थाभित्र असल संस्कृति निर्माणमा जोड दिने ।
१४. समान प्रकृतिका व्यवसाय गर्ने संघ-संस्थाहरूसँग नेटवर्क र सरोकारवालाहरूसँग सम्पर्क समन्वय सुदृढ गर्ने ।
१५. सेवाग्राही सदस्यहरूमा हुने दोहोरोपनाको पहिचान गरी त्यसको अन्त्य गर्न त्यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
१६. सदस्यहरुको आवश्यकता र संस्थाको स्रोत साधनको मध्यनजर गरी संस्थाका नीति नियमहरु समय सापेक्ष परिमार्जित गर्दै जाने ।
१७. सम्पादित तथा संचालित कार्यक्रमहरुको निरीक्षण, अनुगमनलाई प्रभावकारी बनाउँदै उपलब्धीहरुको समिक्षा गरी सदस्य तथा समुदायबाट प्राप्त सुझावहरुको आधारमा सहकारीको मूल सिद्धान्त र आदर्शको जगमा रहेर कार्यक्रमहरु तय गर्दै जाने ।
१८. सदस्य सर्वोच्चताको आधारमा सेवा तथा कार्यहरु सम्पादन गर्ने ।
१९. सदस्य, संचालक तथा कर्मचारीहरुमा सहकारी शिक्षा, संस्थाका गतिविधी एवं नीति नियमहरुका बारेमा पारदर्शी तरिकाले सुसूचित हुन प्रभावकारी संचार प्रणाली सुदृढिकरण गर्दै जाने ।
२०. वर्तमान वित्तीय बजार, मुद्रा स्फ्रीति, संस्थाको लागत तथा संचालन खर्च, आर्थिक अवस्था र सेवाको स्थिति विश्लेषण गरी लिने र दिने ब्याजदर समय सापेक्ष निर्धारण गर्दै जाने ।
२१. संस्थाका सदस्य, संचालक तथा कर्मचारीहरुको मूल्याङ्कनका आधारमा उचित पुरस्कार, सम्मान तथा जरिवानाको व्यवस्था गरी संस्था सुदृढिकरण एवं सुशासन कायम गर्दै जाने ।
२२. सहकारी सम्बन्धी सरकारी कानुन, नीति नियम र मापदण्ड तथा निर्देशनको पूर्ण रुपमा लागु गर्दै जाने अवस्था सिर्जना गर्ने ।

# विषयसुची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | अध्यक्षको भनाई | १ |
| २. | संस्थाका परम्पराहरु | २ |
| ३. | संस्थाका मूल मन्त्रहरु | ३ |
| ४. | संस्थाको वर्तमान संक्षिप्त गतिविधि | ४ |
| ५. | लेखापरिक्षण प्रतिवेदन (आ.व. २०८२/०८३ को) | ८ |
| ६. | कार्यक्रम प्रतिवेदन (सचिवबाट प्रस्तुत कार्यक्रम र संशोधित नीति सहित) | १६ |
| ६.१ | अनुसूची १ : २०८२/०८३ को उपलब्धी, चालु आ.व.को संशोधन र आगामी प्रस्तावित कार्यक्रमहरु | १८ |
| ६.२ | अनुसूची २ : नीति, नियम तथा नियमावलीहरुमा थप, परिमार्जन तथा संशोधन २०८३ | २१ |
| ७. | बजेट प्रतिवेदन (कोषाध्यक्षबाट प्रस्तुत गत समिक्षा, चालु संशोधन र आगामी प्रस्तावित बजेट सहित) | २४ |
| ७.१ | अनुसूची ३ : गत आ.व. २०८२/०८३ को स्वीकृत बजेटको आय व्यय उपलब्धी समिक्षा | २६ |
| ७.२ | अनुसूची ४ : चालु आ.व.को संशोधन प्रस्ताव र आगामी आ.व. २०८२/०८३ को लागि प्रस्तावित बजेट | २७ |
| ८. | लेखा समितिको प्रतिवेदन २०८२/०८३ | २९ |
| ९. | ऋण लगानी तथा असुली उपसमितिको प्रतिवेदन २०८२/०८३ | ३२ |
| १०. | शिक्षा तथा तालिम उपसमितिको प्रतिवेदन २०८२/०८३ | ३४ |
| ११. | दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उपसमितिको प्रतिवेदन २०८२/०८३ | ३५ |
| १२ | कार्यक्रम विस्तार तथा रोजगार प्रवर्द्धन उपसमितिको प्रतिवेदन २०८२/०८३ | ३६ |
| १३ | खाद्य उद्योग प्रवर्द्धन तथा व्यवस्थापन उपसमितिको प्रतिवेदन २०८२/०८३ | ३७ |
| १४ | युवा तथा जेष्ठ नागरिक उपसमितिको प्रतिवेदन २०८२/०८३ | ३९ |
| १५ | महिला तथा बालबालिका उपसमितिको प्रतिवेदन २०८२/०८३ | ४० |
| १६ | अनुसूची ५ : संस्थाको स्थापनादेखि हालसम्मको मुख्य कारोबार विवरण | ४१ |
| १७. | अनुसूची ६ : आ.व. २०८२/०८३ मा प्रदान गरिएको जी.आ. सुविधाको विवरण | ४२ |
| १८. | अनुसूची ७ : पुरस्कार तथा सम्मान विवरण | ४३ |
| १९. | अनुसूची ८ : संस्थाद्वारा संचालित विद्यालय (चिल्ड्रेन्स प्याराडाईज स्कुल)को संक्षिप्त गतिविधि | ४७ |
| २०. | अनुसूची ९ : व्यवस्थापकीय कर्मचारीहरुको नामावली | ४८ |
| २१. | सफलताका कथाहरु | ५१ |

# अध्यक्षको भनाई



**– खगेन्द्रप्रसाद भट्टराई**
*अध्यक्ष, BASUCOL*

***आदरणीय शेयर सदस्य ज्यूहरु,***

सामाजिक क्षेत्रमा क्रियाशील कर्णाली प्रदेशको एक अग्रणी संस्था वातावरण सुधार समाज (EDS) ले वि.सं. २०५४ मा शुरु गरेको बचत तथा ऋण कार्यक्रमको जगमा यस वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाको स्थापना भएको कुरा हामी सबैमा विदितै छ । संस्थाका अग्रजहरुको मार्गदर्शन तथा योगदान र यस क्षेत्रका सहयोगी व्यक्तिहरुको सकारात्मक सोच, निरन्तरको साथ, सहयोगका कारण अनेक प्रकारका समस्या एवं चुनौतीहरुसँग मुकाविला गर्दै यो संस्थाले सदस्य तथा सामुदायिक सेवालाई केन्द्रमा राख्दै समर्पित भावका साथ सक्रिय रहेका कारण आज यो उचाई ग्रहण गर्न सफल भएको महशुस भइरहेको छ । समुदाय तथा सदस्यको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि सहकारीका मूल्य र मान्यताहरुलाई आत्मसाथ गर्दै सहकारी आन्दोलनमा औपचारिक रुपमा संलग्न भएको आज २४ वर्ष पुरा भएको छ । स्थापनाकालमा १०० जना सदस्यहरुबाट शुरु भएको यस संस्था अहिलेको अवस्थासम्म आईपुग्दा संस्थामा ३२ हजार भन्दा बढी सदस्यहरु स्वस्फूर्त रुपमा संलग्न रही आफ्नो तथा समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक साथै व्यक्तित्व विकास गर्न सामुहिक रुपमा लागिपरेका छौं । संस्थाले पस्केका कार्यक्रमहरुबाट आज कर्णाली प्रदेशका सुर्खेत सहित दैलेख, जाजरकोट तथा सल्यान जिल्लामा पनि सकारात्मक प्रभाव परेको छ । जसको फलस्वरुप उक्त जिल्लाहरुका गाउँ, शहर तथा समुदाय स्तरमा संस्थाका क्रियाकलापहरुको प्रसंशा हुनुका साथै संस्थाको वकालत र संरक्षण गर्ने हजारौ हजार हातहरु हामीसँग सँगसँगै छन् । तसर्थ यस पावन अवसरमा हामी हाम्रा आदरणीय शेयर सदस्यज्यूहरु, संचालक समितिका साथीहरु, सल्लाहकार, अन्य शुभचिन्तक महानुभावहरु एवं कर्मचारी वर्गहरुमा संस्थाको तर्फबाट धन्यवाद सहित सहकारीताको न्यानो अभिवादन व्यक्त गर्न चाहन्छौं ।

सहकारी संस्थाहरु सदस्यद्वारा नियन्त्रित संस्था भएको ब्यहोरा सर्वविदितै छ । तसर्थ सदस्यहरुले चासो नराखेमा संस्थाले सोचेअनुसारको प्रगति हासिल गर्न नसक्ने र पतन उन्मुख हुने हुँदा संस्थाका सम्पूर्ण सदस्यहरु पूर्ण रुपले क्रियाशील हुन आवश्यक देखिन्छ । सहकारी संस्थामा प्रजातान्त्रिक प्रक्रियाबाट आर्थिक प्रणालीमा पारदर्शिता, सुशासनयुक्त व्यवस्थापन, प्रभावकारी सूचना तथा मूल्याङ्कन प्रणालीको अवलम्वन गरिएको हुन्छ । आजको युग सूचना, सञ्चार र प्रविधिको युग भएको हुँदा अन्य क्षेत्रमा जस्तै सहकारीमा पनि सूचना सञ्चारको महत्वलाई आत्मसाथ गर्दै सदस्य सर्वोच्चतालाई ध्यानमा राखी सहकारी संस्थामा सूचना सञ्चारको पहुँचलाई पनि महत्व दिनुपर्ने हुन्छ । यसै यथार्थतालाई महसुस गरी संस्थाका सेवा क्रियाकलापहरुको यथार्थ सूचना सदस्य तथा शुभ चिन्तकहरु समक्ष पुर्‍याउन सँधै झैं यस वर्ष पनि यो वार्षिक प्रतिवेदन पुस्तिका प्रकाशित गरिएको छ ।

शेयर सदस्यहरुलाई संस्थाका गतिविधिको पूर्व जानकारी गराई २४ औं वार्षिक साधारणसभामा गरिने महत्वपूर्ण निर्णयहरु गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले साधारणसभा अगावै यो प्रतिवेदन पुस्तिका प्रकाशित गरिएको छ । सदस्यज्यूहरुबाट यस प्रतिवेदनको अध्ययन गरी २४ औं वार्षिक साधारणसभा अन्तर्गत एकाई बैठकहरुको बन्दसत्रहरुमा सक्रिय सहभागिता जनाई आवश्यक छलफलका साथै रचनात्मक सुझाव सहित कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिई स्वीकृत गरी कार्यान्वयनका लागि संचालक समितिलाई सहयोग प्रदान गर्नुहुनेछ भन्ने विश्वास लिएका छौ । यो प्रतिवेदन तयार पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न बजेट तथा कार्यक्रम मस्यौदा उपसमितिका पदाधिकारी, संचालक समितिका पदाधिकारी, सल्लाहकार तथा सदस्यहरु, कर्मचारी, उपसमिति र तमाम शेयर सदस्यज्यूहरुको जिम्मेवारी, मेहनेत र लगनशीलताबाट यो प्रतिवेदन पुस्तिका तयार भएको छ । यस प्रतिवेदनमा संलग्न सबै विवरण तथा क्रियाकलापहरुको अध्ययनबाट यस संस्थाको क्रियाकलाप तथा आर्थिक बजेट र नीति नियमहरुका सम्बन्धमा अझ स्पष्ट हुनुहुनेछ भन्ने विश्वास समेत लिएको ब्यहोरा अनुरोध छ ।

अन्तमा, गतवर्ष सम्पन्न संस्थाको साधारणसभा पश्चात यस २४ औं वार्षिक साधारणसभासम्म आईपुग्दा हामीसँग हातेमालो गर्दै आउनुभएका केही शेयर सदस्यहरुको स्वर्गारोहण भएको छ । ती दिवंगत सदस्यहरुको आत्माको चीर शान्तिको कामनाका लागि श्रद्धाञ्जली व्यक्त गर्दछौं । यस समयमा संस्थामा आवद्ध हुनुहुने नयाँ सदस्य महानुभाव र सहकारी सेवाको भावनाले संस्थामा नियुक्त हुनुभएका नयाँ कर्मचारी साथीहरुलाई स्वागत एवं बधाई दिन चाहन्छौं । संस्थाको विकासका लागि सल्लाह, सुझाव प्रदान गर्ने सहकारीसँग सम्बन्धित सबै सरकारी निकायहरु, सहकारी तथा अन्य गैर सरकारी संघ सस्थाहरु तथा शुभेच्छुक महानुभावहरुप्रति पनि कृतज्ञता व्यक्त गर्न चाहन्छौं । निरन्तर रुपमा संस्थाका सेवा क्रियाकलापहरुमा संलग्न हुनुहुने आदरणीय शेयर सदस्य महानुभावहरु, समिति-उपसमितिका साथीहरु, कर्मचारी वर्ग एवं शुभेच्छुक सबैको महत्वपूर्ण योगदानको उच्च कदर र सम्मानका साथ संस्थागत हितलाई सँधै उच्च महत्व दिई निरन्त रुपमा संस्थागत गतिविधिहरुमा संलग्न हुनुहुन अनुरोध गर्दै आगामी दिनहरुमा पनि सँधैं झैं निरन्तर सकारात्मक र रचनात्मक किसिमको सहयोग, सल्लाह, समन्वय र सहकार्यको अपेक्षा राखेका छौं । *धन्यवाद ! जय सहकारी !!*

# संस्थाका परम्पराहरु


## राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।
प्रकृतिका कोटीकोटी सम्पदाका आँचल
वीरहरूको रगतले स्वतन्त्र र अटल ।
ज्ञानभूमि शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

## BASUCOL संस्थागत गान

सत्य बोल्छौं, अनुशासित परिश्रमी हुन्छौं ।
फजुल खर्च नगरेर बचत गर्ने गर्छौं ॥

सफा राख्छौं घर-आँगन, बाल-बच्चालाई ।
सहकारीमा मिली बस्छौं, सधैं-सधैंलाई ॥

बिंडी, चुरोट, खैनी, रक्सी अब खाने हैन ।
परिवार सानो राख्छौं, झुठो बोलिँदैन ॥

गरिँदैन अन्याय त सहिँदैन पनि ।
जे-जे बोल्छौं गरिछाड्छौं हामी स्वाभिमानी ॥
हामी स्वाभिमानी ॥

## सदस्य प्रतिज्ञा

| | |
|---|---|
| १. समूहमा सधैं | - मिलेर बस्छौं । |
| २. जहाँ दोहोरोपना | - ताहाँ हाम्रो आलोचना । |
| ३. कसैको कुभलो | - चिताउने छैनौं । |
| ४. झुटो कहिल्यै | - बोल्दैनौं-बोल्दैनौं । |
| ५. लिएको कर्जा | - सदुपयोग गर्छौं । |
| ६. कर्जाको किस्ता | - नियमित तिर्छौं । |
| ७. नियमित बचत | - गर्छौं-गर्छौं । |
| ८. घर-आँगन, बालबच्चालाई | - सफा राख्छौं । |
| ९. बालबच्चालाई स्कूल | - पठाउँछौं-पठाउँछौं । |
| १०. चर्पीको प्रयोग | - नियमित गर्छौं-गर्छौं । |
| ११. परिवार सानो | - राख्छौं-राख्छौं । |
| १२. आफू अन्याय | - गर्दैनौं-गर्दैनौं । |
| १३. कसैले अन्याय गरे | - सहने छैनौं । |
| १४. एक सदस्य, एक संस्था | - हाम्रो अठोट प्रतिवद्धता । |
| १५. ईश्वर साक्षी छन् | - जे बोल्छौं गरिछाड्छौं । |

नमस्कार ।

## कर्मचारी प्रतिज्ञा

हामी निस्वार्थ भावले संस्था, सदस्य तथा विपन्न वर्गका मानिसहरूको सामाजिक, सांस्कृतिक र आयस्तर वृद्धिका लागि वातावरण सुधार बहुद्देश्यीय सहकारी संस्था लि.का विभिन्न कार्यक्रमहरुबाट परिचालित भई सदस्य तथा समुदायको सहयोगी बन्नेछौं । संस्थाका विविध सेवा तथा कर्जा वितरण गर्दा एक संस्था एक सदस्यको अवधारणा अनुसार दोहोरोपना नपर्ने गरी विपन्न वर्गका महिलाहरूलाई प्रथम प्राथमिकता दिनेछौं । यसो गर्दा हामी जातजाति, धर्म, वर्ग, वर्ण तथा राजनैतिक आस्थाका आधारमा कसैलाई पनि भेदभाव गर्ने छैनौं । हामी हाम्रो कर्तव्य पालना गर्ने गराउने क्रममा बिनामूल्य कसैबाट केही लिने/दिने छैनौं । ईश्वर साक्षी छन् जे बोल्छौं, सोही गर्छौं ।

नमस्कार ।

⌘

# संस्थाका मूल मन्त्रहरु

**"कृषि, शिक्षा, स्वास्थ्य र रोजगार, BASUCOL सेवाका मूल आधार"**

**सहकारीका सात सिद्धान्तहरु :**

- ✯ स्वेच्छिक तथा खुल्ला सदस्यता ।
- ✯ सदस्यहरूद्वारा आर्थिक सहभागिता ।
- ✯ नियमित शिक्षा, तालिम र सूचना ।
- ✯ समुदायप्रति चासो ।
- ✯ सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण ।
- ✯ स्वायत्तता र स्वतन्त्रता ।
- ✯ सहकारीबीच पारस्परिक सहयोग ।

**संस्थाका विश्वास (मूल्य)हरु :**

- ✯ लैङ्गिक समानता र समता ।
- ✯ स्वावलम्बन र स्व-उत्तरदायित्व ।
- ✯ विपन्नता न्यूनीकरण ।
- ✯ ऐक्यबद्धता ।
- ✯ संस्था विकास ।
- ✯ प्रजातन्त्र र समावेशीकरण ।
- ✯ सामाजिक उत्तरदायित्व ।
- ✯ अरुको हेरचाह ।
- ✯ क्षमता अभिवृद्धि ।
- ✯ आत्म सहयोग ।
- ✯ इमान्दारिता ।
- ✯ खुल्लापन ।

**संस्थाका आचरण (मान्यता)हरु :**

- ✯ भेदभावरहीत मानवीय व्यवहार ।
- ✯ स्वावलम्वी र पारस्परिक सहयोगपूर्ण व्यवहार ।
- ✯ अग्रजहरूको विश्वास र आदर ।
- ✯ सादा जीवन उच्च विचार ।
- ✯ आर्थिक अनुशासन ।
- ✯ आत्मालोचना र भूल स्वीकार ।
- ✯ क्रमबद्ध बचत दर ।
- ✯ सेवामूखी कार्यक्रम ।
- ✯ राजनीतिक, धार्मिक तटस्थता ।
- ✯ समान सहभागिता तथा समानुपातिक वितरण
- ✯ एक सदस्य, एक संस्थामा आवद्धता ।
- ✯ मानवीय मूल्य-मान्यताको कदर ।
- ✯ निस्वार्थता र त्यागको भावना ।
- ✯ विपन्नवर्गलाई प्राथमिकता ।
- ✯ सु-शासनमूखी प्रबन्धकीय व्यवस्था ।
- ✯ सहकारी सिद्धान्त, विनियमको पूर्ण पालना ।
- ✯ उचित मूल्य र प्रमाणित नापतौल ।
- ✯ पारदर्शी लेखा व्यवस्था ।
- ✯ स्वयंसेवकीय सेवा ।
- ✯ न्याय, शान्ति र एकता ।
- ✯ सन्तुलित ब्याज दर ।
- ✯ निरन्तर सेवामा समर्पण ।

समुदायमा धनीले गरिबलाई, विद्वान्ले अशिक्षितलाई, शहरीयाले गाउँलेलाई, एउटा जातले अर्को जातलाई, माथिल्लो तहकाले तल्लो तहकालाई हेप्नेलगायत धेरैखालका असामाजिक व्यवहार र संरचनात्मक हिंसाहरू छन् । सामाजिक रूपान्तरणका लागि यस्तो स्थितिबाट समाजलाई मुक्त गर्न, लोकतान्त्रिक र सहमत विधिलाई प्राथमिकता दिनुपर्दछ । त्यसको लागि सबैभन्दा उत्तम र भरपर्दो विधिको रूपमा सहकार्य र सहकारी पद्धति बढी सहज र वैज्ञानिक हुने कुरामा शंका गरिनुहुँदैन ।

*- BASUCOL मान्यता*

**"सदस्यका रचनात्मक तथा श्रृजनात्मक सुझावहरु संस्थाका अमूल्य सम्पत्ति हुन् ।"**

*– BASUCOL*

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

*वीरेन्द्रनगर–८, सुर्खेत*

## संस्थाको वर्तमान संक्षिप्त गतिविधि

**१. सदस्य सहभागिता तथा अन्य संस्थागत विवरण : (२०८३ श्रावण मसान्तसम्मको)**

| सदस्य संख्या | | | | सेवाकेन्द्र संख्या | लघुवित्त केन्द्र संख्या | लघुवित्त समूह संख्या | शेयर कित्ता संख्या | शेयर रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | अन्य | जम्मा | | | | | |
| २८८३२ | ३४१८ | २१ | ३२२७१ | १३ | १६६८ | ८६८० | ३०४००६५ | ३०४००६५०० |

**२. संस्थाको स्वीकृत कार्यक्षेत्र :**

– सुर्खेत, दैलेख र जाजरकोट जिल्लाभरी तथा सल्यान जिल्लाका बनगाड कुपिण्डे, कालिमाटी, सिद्ध कुमाख, शारदा, कुमाख गरी ५ वटा स्थानीय तह (साविकका देवस्थल, मुलखोला, वामे, माझकाँडा, कुभिण्डेदह, घाँजरीपिपल, निगालचुला, चाँदे, काभ्रिचौर, मार्के, कालिमाटी काल्चे, कालिमाटी रामपुर र सुईकोट गा.वि.स.हरु)।

**३. संस्थाका कार्यालयहरुको विवरण :**

| क्र.सं. | कार्यालयको नाम | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | केन्द्रीय कार्यालय | वीरेन्द्रनगर न.पा.-८, सुर्खेत | ०८३-५२३४२८ |
| २ | बचत तथा ऋण कार्यक्रम | वीरेन्द्रनगर न.पा.-८, सुर्खेत | ०८३-५२४९७७ |
| ३ | वातावरण दुग्धशाला | वीरेन्द्रनगर न.पा. ८, सुर्खेत | ०८३-५२३०९३ |
| ४ | वातावरण खाद्य उद्योग | वीरेन्द्रनगर न.पा. १२, सुर्खेत | ०८३-५९०४०९ |
| ५ | वीरेन्द्रनगर सेवाकेन्द्र | वीरेन्द्रनगर न.पा.-८, सुर्खेत | ०८३-५२३७५९, ९८०२५१४७०१ |
| ६ | मेहेलकुना सेवाकेन्द्र | गुर्भाकोट न.पा.-८, सुर्खेत | ०८३-४१००२२, ९८०२५१४७०२ |
| ७ | बड्डीचौर सेवाकेन्द्र | वराहताल गा.पा.-५, सुर्खेत | ९८०२५१४७०३ |
| ८ | राकम सेवाकेन्द्र | सिम्ता गा.पा.-६, सुर्खेत | ९८०२५१४७०४ |
| ९ | बाबियाचौर सेवाकेन्द्र | पञ्चपुरी न.पा.-५, सुर्खेत | ०८३-४१६०२४, ९८०२५१४७०५ |
| १० | मेहेली धरमपोखरा सेवाकेन्द्र | गुराँस गा.पा.-८, दैलेख | ९८०२५१४७०६ |
| ११ | डुंगेश्वर सेवाकेन्द्र | डुंगेश्वर गा.पा.-७, दैलेख | ९८०२५१४७०७ |
| १२ | यरिचोक सेवाकेन्द्र | वीरेन्द्रनगर न.पा.-४, सुर्खेत | ०८३-५२४५३४, ९८०२५१४७०८ |
| १३ | रामघाट सेवाकेन्द्र | भेरीगंगा न.पा.-११, सुर्खेत | ९८०२५१४७०९ |
| १४ | देवस्थल सेवाकेन्द्र | बनगाड कुपिण्डे न.पा.-१, सल्यान | ०८८-४११०१७, ९८०२५१४७१० |
| १५ | रामपुर सेवाकेन्द्र | कालिमाटी गा.पा.-३, सल्यान | ९८०१३६९९४३ |
| १६ | दुल्लु सेवाकेन्द्र | दुल्लु न.पा.-७, दैलेख | ०८९-४११०५५, ९८०१३६९९४४ |
| १७ | चामुण्डा सेवाकेन्द्र | चामुण्डा बिन्द्रासैनी न.पा. ८, दैलेख | ९८०२५३६२४७ |

**४. संस्थाले संचालन गरेका मुख्य सेवा तथा कार्यक्रमहरु :**

– सहकारी वचत तथा ऋण कार्यक्रम ।
– लघुवित्त कार्यक्रम ।
– लघुउद्यम कार्यक्रम ।
– गुणस्तरीय शिक्षा कार्यक्रम (चिल्ड्रेन्स प्याराडाईज स्कूल प्रा.लि.)।
– वातावरण दुग्धशाला कार्यक्रम ।
– वातावरण खाद्य उद्योग कार्यक्रम ।
– रेमिटान्स सेवा कार्यक्रम (आई.एम.ई., हिमाल, मुक्तिनाथ, सिटी एक्सप्रेस, वेष्टर्न युनियन, पानस रेमिट, वुम रेमिट आदि)।
– वैकल्पिक उर्जा कार्यक्रम ।
– तालिम तथा सहजीकरण कार्यक्रम (आन्तरिक तथा वाह्य संघ संस्थाहरुका लागि)
– अन्य सामाजिक सेवाका क्रियाकलापहरु ।

**५. पूँजी संरचना तथा परिचालन (२०८३ श्रावण मसान्तसम्मको) :**

| पूँजी स्रोत | जम्मा सम्पत्ति रु. | ३०४२८१३९१५.६७ | कैफियत |
|---|---|---|---|
| | रकम रु. | प्रतिशत | |
| शेयर पूँजी रकम | ३०४००६५००.०० | ९.९९ | |
| जगेडा तथा अन्य कोषमा रहेको रकम | २५५१९३२४९.२२ | ८.३९ | |
| भुक्तानी दिनुपर्ने तथा अन्य दायित्वको जम्मा रकम | ५३२४५६६६४.१३ | १७.४९ | |
| सदस्यहरूको बचत रकम | १९३७६२६९१३.३५ | ६३.६८ | |
| वित्तीय संस्थाबाट लिएको ऋण रकम | ८०७०४१५.०० | ०.२७ | |
| चालु आम्दानी (मोटामोटी बचत) | ५४६०१७३.९७ | ०.१८ | |
| **जम्मा** | **३०४२८१३९१५.६७** | **१००** | |

**६. सदस्यहरुसँग बाँकी ऋणसम्बन्धी अवस्था (२०८३ श्रावण मसान्तसम्मको) :**

| क्र.सं. | विवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | ऋणी संख्या | १२६७१ | |
| २ | कूल लगानीमा रहिरहेको ऋण रकम | २१७६०२३०९१ | |
| ३ | भाखा नाघेको ऋण रकम | २७१५५१९६४.३३ | |
| ४ | भाखा नघाउने ऋणी संख्या | २२६३ | |
| ५ | असुली दर (प्रतिशत) | ८७.५२ | |
| ६ | ऋण जोखिम कोषमा रहेको रकम | १९३९६९२७५.९२ | |

**७. संस्थाबाट भाग लिइएका बाह्य कार्यक्रमहरुको विवरण (२०८२ असोजदेखि २०८३ श्रावणसम्म) :**

| क्र.सं. | कार्यक्रमको नाम | स्थान | आयोजक | अवधि | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | Climate Smart Agriculture र Digilization सम्बन्धी कार्यशाला गोष्ठी | वीरेन्द्रनगर | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | १ दिन | १ जना |
| २ | सहकारी व्यवसाय प्रवर्द्धन तालिम | वीरेन्द्रनगर | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ७ दिन | १ जना |
| ३ | पाँचौं राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन | काठमाण्डौं | CSD, काठमाण्डौं | २ दिन | ६ जना |
| ४ | सहकारी “नीति संवाद” | झापा | सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | २ दिन | १ जना |
| ५ | सहकारी कानुन तथा नियमन सम्बन्धी अन्तरक्रिया | काठमाण्डौं | राष्ट्रिय सहकारी बैंक लि. | १ दिन | १ जना |
| ६ | ब्याज अनुदान सम्बन्धी अभिमुखिकरण | वीरेन्द्रनगर | कृषि विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेत | १ दिन | २ जना |

**८. संस्थाको स्वामित्वमा रहेको जग्गा भवन तथा अचल सम्पत्ति विवरण :**

- सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ मा २१२८ वर्ग मिटर तथा सुर्खेतकै गुर्भाकोटको भुल्केमा २४४८.२९ वर्ग मिटर गरी जम्मा ४५७६.२९ वर्ग मिटर क्षेत्रफलको जग्गा संस्थाको स्वामित्वमा रहेको छ ।
- सुर्खेतको वीरेन्द्रनगरमा भएको उल्लेखित जग्गाभित्र हेल्भीटेट मोडेलको २ कोठे भवन र अर्को सिमेन्ट स्लावबाट निर्मित ४ कोठे हेविटाट मोडेलको घरमा वातावरण दुग्धशाला तथा ३ तलाको ठूलो भवनमा संस्थाले आफ्ना अन्य सम्पूर्ण दैनिक क्रियाकलापहरु संचालन गर्दै आईरहेको छ ।

## ९. संस्थाको गतिविधि विश्लेषण (२०८३ असार मसान्तसम्मको) :

### क) PEARLS विश्लेषण :

| | मापन | हुनुपर्ने सूचक | यथार्थ सुचाङ्क | कैफयत |
|---|---|---|---|---|
| | **Protection** (सुरक्षणको अवस्था) | | | |
| P1 | ऋणी हानी कोष व्यवस्था | १०० | १७० | |
| P2 | खुद नोक्सानको व्यवस्था | ३५ | १२३ | |
| P3 | अ. ऋण नोक्सान कोष व्यवस्था | १ | १० | |
| | **Effecftive Financal Structure** (प्रभावकारी वित्तीय संरचना) | | | |
| E1 | उठ्न बाँकी ऋण रकम | ७० देखि ८० | ७५ | |
| E2 | सदस्य बचत रकम | ७० देखि ८० | ६६ | |
| E3 | लिएको ऋण अवस्था | ० देखि ५ | ०.२७ | |
| E4 | शेयर पुंजी | १० देखी २० | १०.३२ | |
| E5 | संस्थागत पुंजी | १० भन्दा माथि | १६.५५ | |
| | **Assets Quality** (सम्पत्तिको गुणस्तर) | | | |
| A1 | भाखा नाघेको ऋणको अवस्था | ५ भन्दा कम | १२.४३ | |
| A2 | भाखा नाघेको ऋणी संख्या | | २३०१ | |
| A3 | प्रतिफल आर्जन नगर्ने सम्पत्ति अवस्था | ५ प्रतिशत भन्दा कम | १.३५ | |
| | **Rate of Returns and Costs** (प्रतिफल र लागत दर) | | | |
| R1 | ऋणमा आम्दानीको अवस्था | प्रत्यक्ष अप्रत्यक्ष खर्च | १२.१६ | |
| R2 | बचतमा तिरेको ब्याज अवस्था | बजार मुल्य र मुद्रा स्फुर्ति | ७ | |
| R3 | ऋण रकमको लागत अवस्था | खूद बचतभन्दा कम | ४.१३ | |
| R4 | जम्मा संचालन खर्च अवस्था | मार्जिन भन्दा कम | ११.९८ | |
| R5 | शेयर लाभांस अवस्था | मूद्रा स्फूर्तिभन्दा बढि | ५.१७ | |
| | **Liquidity** (तरलता) | | | |
| L1 | तरलताको अवस्था | १० प्रतिशत | ३४.८९ | |
| L3 | नगद तरलता खाताको अवस्था | ३ प्रतिशत भन्दा कम | ०.०१ | |
| | **Sign of Growth** (बृद्धिको चिन्ह) | | | |
| S1 | सम्पत्ति तथा जाय जेथामा वृद्धि अवस्था | मुद्रा स्फुर्ति दर बराबर | ४.३९ | |
| S5 | सदस्य बृद्धि अवस्था | १० प्रतिशत भन्दा बढि | १.१८ | |
| | संचालन स्वक्षमता | १०० प्रतिशतभन्दा बढि | ११६ | |

**ख) अन्य वित्तीय तथा व्यवस्थापकीय सूचकहरु :**

| क.सं. | विवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | संचालन स्वसक्षमता (Operational Self-sufficiency) | ११६% | |
| २ | वित्तीय स्वसक्षमता (Financial Self-sufficiency) | १११% | |
| ३ | ऋणबाट व्याज आम्दानी प्रतिशत (Yield on Portfolio) | १२.१३% | |
| ४ | प्रति शाखा केन्द्र संख्या (Center per branch) | १२८ | |
| ५ | प्रति शाखा सदस्य संख्या (Member per branch) | २२५५ | |
| ६ | प्रति शाखा लगानीमा रहेको ऋण (Outstanding Loan per branch) | १४,९७,३४,४६८ | |
| ७ | प्रति कर्मचारी सदस्य संख्या (Member per Staff) | २८१ | |
| ८ | प्रति फिल्ड कर्मचारी केन्द्र संख्या (Center per field staff) | ३० | |
| ९ | प्रति फिल्ड कर्मचारी सदस्य संख्या (Member per field staff) | ५२३ | |
| १० | प्रति फिल्ड कर्मचारी ऋणी संख्या (Borrower per field staff) | २२२ | |
| ११ | प्रति फिल्ड कर्मचारी लगानीमा रहेको ऋण (Outstanding Loan per field staff) | ३,४७,५९,७८७ | |
| १२ | हालसम्मको समूह छाड्ने दर | ३७% | |
| १३ | ऋणको औसत आकार (Average Loan size) | १,५६,६६४ | |
| १४ | ऋणको औसत आकार (यस वर्षको लगानीमा) (Average Loan size this year) | १,७९,३८७ | |
| १५ | ऋणी र सदस्यको अनुपात (Borrower per member) | ३९.५५% | |
| १६ | बाँकी ऋणमा वचतको अनुपात (Saving percentage) | ८७.८८% | |
| १७ | असूली दर (Repayment rate) | ८७.५७% | |
| १८ | जोखिममा रहेको ऋण (Poartfolio at risk) | २७,७३,१५,०२५ | |
| १९ | भाखा नाघेको दर (Over due rate) | १२.४३% | |

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants
Bhimdatt-6, Mahendranagar, Kanchanpur

COP No.: 650
PAN No.: 305088848
Firm regd.no.: 547
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका शेयर सदस्य महानुभावहरू समक्ष
स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**कैफियत सहितको लेखापरीक्षकको राय:**

हामीले वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको आषाढ ३२, २०८३ को वित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य समष्टिगत आम्दानीको विवरण तथा सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र मुख्य लेखा नीतिहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा कैफियत सहीतको राय व्यक्त गर्ने आधारमा र प्रारम्भिक प्रतिवेदनमा उल्लेखित व्यहोराले पार्न सक्ने असरका बाहेक संलग्न वित्तीय विवरणहरूले वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, २०८३ आषाढ, ३२ गतेको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

**कैफियत सहीतको राय व्यक्त गर्ने आधार:**

हामीले नेपाल वित्तीय प्रतिवेदनमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरू यस प्रतिवेदनमा लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरूप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरू पुरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरूले हाम्रा राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार देहाय बमोजिम छन:**

(क) कर्मचारी संचित विदा र कर्मचारी उपदान कोषको खर्च व्यवस्था गरी दायित्वमा देखाएकोमा उक्त दायित्वको बिमाकं गणना विधि बमोजिम गणना नगरेको पाईयो तथा जिवन तथा आवास व्यवस्था गरेकोमा उक्त व्यवस्थाको बैज्ञानिक तरिकाले मुल्याकंन गरेको छैन ।

(ख) कर्मचारी बोनस व्यवस्था बोनस ऐन बमोजिम नगरि सहकारी ऐन, २०७४ बमोजिम गरिएको पाईयो ।

(ग) विगत बर्ष देखि प्रभु म्यानेजमेन्ट कम्पनी प्रा. ली. बाट पाउनुपर्ने रु. ३८,६०,६६०.८४ र तुलाराम शर्माबाट पाउनु पर्ने रु. ६७,१५० रहेकोमा उक्त रकम असुली हुन सकेको नदेखिएकोले सम्भावित नोक्सानी व्यवस्था गरेको पाइएन ।

(घ) कर्जा नोक्सानी व्यवस्था, ब्याज आम्दानीहरुको नेपाल वित्तिय प्रतिवेदनमान (NFRS) बमोजिम लेखांकन नगरेको पाईयो तथा सम्पत्ति तथा उपकरणहरुको पुर्नमूल्याङ्कन नगरेकोले उक्त पुर्नमूल्याङ्कनबाट हुन सक्ने असरको अनुमान यस वित्तिय विवरणमा गरीएको छैन ।

**वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व:**

यथार्थ र उचित चित्रण गर्ने वितीय विवरणहरू तयार एवम प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । उल्लिखित उत्तरदायित्व अन्तर्गत चाहे जालसाँजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा

P. Bhatta & Associates ★ Chartered Accountants ★

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants
Bhimdatt-6, Mahendranagar, Kanchanpur

COP No.: 650
PAN No.: 305088848
Firm regd.no.: 547
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

गर्ने कार्य, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, सम्पतिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरूको छनौट तथा लागू गर्ने कार्य एवम्, परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरू पर्दछन् ।

वित्तीय विवरणहरू तयार गर्दा संस्थाको अविछिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरू खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेका छन् ।

**लेखापरीक्षकको जिम्मेवारी:**

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू तथ्यको गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्, छैनन्, भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन प्राप्त भएतापनि नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरू जालसाँजी वा गल्तीबाट निम्तिन्छन्, र त्यसमा त्रुटीहरू जसले आर्थिक प्रयोगकर्ताहरूले सो विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछन्, सोलाई प्राथमिकता दिइन्छ ।

**लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरू:**

- लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलस्त गरिएका कुराहरूको लेखापरीक्षणका प्रमाण प्राप्त गर्ने कार्यविधिहरू सम्पादन गरेका छौं । यसरी छनौट गरिएका कार्यविधिहरू लेखापरीक्षकको व्यवसायिक विवेकमा भर पर्दछन् । जोखिम मूल्याङ्कनका आधारमा सोको निर्धारण गरिन्छ ।
- उक्त जोखिम मुल्याङ्कन गर्दा आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सही प्रस्तुतिकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणहरूको जानकारी प्राप्त गर्ने हुन्छ ।
- लेखापरीक्षणमा चालु संस्थाको रूपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेका अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा, वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ । परन्तु भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविछिन्न नरहनपनि सक्दछ ।
- व्यवस्थापनले प्रयोग गरेको लेखा नीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वितीय विवरणहरूको समष्टीगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।
- व्यवस्थापनले तयार पारेको विवरणहरूको समग्र प्रस्तुति ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।
- अन्य विषयका साथसाथै योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ ।

P. Bhatta & Associates ★ Chartered Accountants ★

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants
Bhimdatt-6, Mahendranagar, Kanchanpur

COP No.: 650
PAN No.: 305088848
Firm regd.no.: 547
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

- स्वतन्त्रता सम्बन्धी नैतिक आवश्यकताहरूको पूर्णरूपले पालना गरिएको छ अनी शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई जानकारी गराइन्छ।
- शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

उपरोक्त अनुसार हामीले परीक्षण गरेका वित्तीय विवरणहरूको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं:

(क) लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टीकरणहरू उपलब्ध भएका छन्।

(ख) यस प्रतिवेदनसँग सम्बन्धित वित्तीय स्थितिको विवरण, नाफा नोक्सान विवरण तथा नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण कैफियत सहितको राय र प्रारम्भिक प्रतिवृदनमा उल्लेखित कुराहरु वाहेक प्रचलित कानुनलाई पालना गरी तयार भएका छन्, र संस्थाले राखेका हिसाब किताबसँग दुरूस्त रहेका छन्।

(ग) हामीले लेखापरीक्षण गरेका श्रेष्ताहरूको आधारमा संस्थाको कारोवार सन्तोषजनक रहेको पाइयो।

(घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरूबाट संचालक समिति कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले माथी उल्लेखित कुरा बाहेकका अन्य कानुनी व्यवस्था विरूद्ध कामकाज वा हानी नोक्सानी गरेको, वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरेको जानकारी हामीलाई छैन।




..........................................

प्रकाश दत्त भट्ट, एफसिए
पि. भट्ट एण्ड एशोसियट्स
स्थान: महेन्द्रनगर, कञ्चनपूर, नेपाल।
मिति: २०८३/०५/११
**UDIN: 260830CA00811lhnvGW**

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.
वित्तीय स्थितिको विवरण
२०८३ आषाढ मसान्तसम्म

| विवरण | नोट | २०८३ आषाढ ३२ | पुन: स्थापित | |
|---|---|---|---|---|
| | | | २०८२ आषाढ ३२ | २०८१ श्रावण ०१ |
| सम्पत्ति | | | | |
| नगद तथा नगद सरह | ४.१ | ६६९,२३७,४०४.४३ | ६११,९९४,२१०.१६ | ३९५,८७१,२५६.२५ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | - | - | - |
| सदस्यलाई प्रदान गरिएको कर्जा सापटी | ४.३ | १,९८८,६०५,५७८.०० | १,८८८,२९८,६६५.७३ | १,९६४,९२५,४३१.७९ |
| लगानी उपकरण | ४.४ | ४,३२५,२००.०० | ४,३२५,२००.०० | ४,३२५,२००.०० |
| सम्पत्ति तथा उपकरण | ४.६ | ४३,७७१,४१६.७८ | ३३,२६१,५३६.४१ | ३६,०५१,८६१.१० |
| ख्याती तथा अभौतिक सम्पत्ति | ४.७ | २२,६००.०० | ३३,९००.०० | ४५,२००.०० |
| स्थगन कर सम्पत्ति | ४.८ | ४,३८९,२०८.४३ | ३,८६१,३८४.३७ | ३,४७१,४३६.७३ |
| अन्य सम्पत्ति | ४.९ | ३८,६९३,९८७.३५ | ३५,११६,६१५.८१ | ३८,१०८,६७६.९१ |
| **कुल सम्पत्ति** | | २,७४९,०४५,३९४.९९ | २,५७६,०९१,५१२.४८ | २,४४२,७९९,०६२.७८ |
| दायित्व | | | | |
| निक्षेप | ४.१० | १,९१८,०३५,४०४.३२ | १,७८५,१७८,५६५.३० | १,५९९,८५८,६५६.१८ |
| सापटी | ४.११ | ८,०७०,४१५.०० | ४८,५४१,६५३.२९ | १५६,९१२,८५९.६४ |
| आयकर दायित्व | ४.५ | २,८६५,७५१.४२ | २,११२,०३१.१६ | ५,९५५,६०५.९० |
| नोक्सानी व्यवस्थाहरु | ४.१२ | | | - |
| अन्य दायित्वहरु | ४.१३ | २६०,७०१,९६७.२२ | २०७,०८३,२७९.३९ | १८२,071,५९९.५६ |
| **कुल दायित्व** | | २,१८९,६७३,५३७.९६ | २,०४२,९१५,५२९.१४ | १,९४४,७९८,७२१.२८ |
| इक्विटी | | | | |
| शेयर पुंजी | ४.१४ | ३०४,०३२,०००.०० | २८६,७३७,७००.०० | २७२,८०५,८००.०० |
| जगेडा कोष | | १८३,७१५,५३९.०७ | १६९,७५२,९११.८१ | १५३,३९८,२६८.४१ |
| अन्य कोषहरु | ४.१५ | ७१,६२४,३१६.९६ | ७६,६८५,३७१.५३ | ७१,७९६,२७३.०९ |
| **Total equity attributable to equity holders** | | ५५९,३७१,८५६.०३ | ५३३,१७५,९८३.३४ | ४९८,०००,३४१.५० |
| **Non-controlling interests** | | - | - | - |
| **कुल पुँजी** | | ५५९,३७१,८५६.०३ | ५३३,१७५,९८३.३४ | ४९८,०००,३४१.५० |
| **कुल पुँजी तथा दायित्व** | | २,७४९,०४५,३९४.९९ | २,५७६,०९१,५१२.४८ | २,४४२,७९९,०६२.७८ |
| सम्भावित दायित्व तथा प्रतिबद्धता | ४.१६ | - | - | - |
| प्रति शेयर खुद सम्पत्ति मुल्य | | १८३.९८ | १८५.९५ | १८२.५५ |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्वन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार

पोषणराज रेग्मी
सचिव

खगेन्द्र प्रसाद भट्टराई
संचालक अध्यक्ष

सिए प्रकाश दत्त भट्ट
पि. भट्ट एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

हिरा बुढा मगर
कोषाध्यक्ष

सुरज प्रसाद आचार्य
कार्यकारी प्रबन्धक

किरण बस्नेत
वरिष्ठ प्रबन्धक

मिति : २०८३।०५।११
स्थान : विरेन्द्रनगर, सुर्खेत

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.

नाफा वा नोक्सान विवरण

२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्मको

| विवरण | नोट | आ.व. २०८२/०८३ | आ.व. २०८१/०८२ (पुन:स्थापित) |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१७ | २६२,५२३,९८१.८७ | २९०,९७७,११०.१९ |
| ब्याज खर्च | ४.१८ | १३१,८६४,६१०.८३ | १४४,६२९,००४.६४ |
| **खुद ब्याज आम्दानी** | | **१३०,६५९,३७१.०४** | **१४६,३४८,१०५.५५** |
| शुल्क तथा कमिशन आम्दानी | ४.१९ | १६,४७६,९१६.४५ | १४,७६४,०३२.०३ |
| शुल्क तथा कमिशन खर्च | ४.२० | - | - |
| खुद शुल्क तथा कमिशन आम्दानी | | **१६,४७६,९१६.४५** | **१४,७६४,०३२.०३** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **१४७,१३६,२८७.४९** | **१६१,११२,१३७.५८** |
| खुद व्यापार आम्दानी | ४.२१ | ८,७१८,४९४.०७ | ८,४८७,५६३.०८ |
| अन्य सञ्चालन आम्दानी | ४.२२ | - | - |
| **कुल सञ्चालन आम्दानी** | | **१५५,८५४,७८१.५६** | **१६९,५९९,७००.६६** |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/( | ४.२३ | १९,६४५,९६१.७३ | १८,७५८,७४७.४४ |
| **खुद सञ्चालन आम्दानी** | | **१३६,२०८,८१९.८३** | **१५०,८४०,९५३.२२** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.२४ | ६७,९७०,७०५.०० | ६८,३७१,०२५.०० |
| अन्य सञ्चालन खर्च | ४.२५ | १९,२५७,६८८.६८ | १७,३७५,१५४.७३ |
| ह्रासकट्टिट्ट र परिशोधन | ४.२६ | २,६९५,७८८.६३ | २,५६८,६४८.८९ |
| **सञ्चालन मुनाफा** | | ४६,२८४,६३७.५२ | ६२,५२६,१२४.६० |
| गैर सञ्चालन आम्दानी | ४.२७ | - | १,२०८,३४०.१९ |
| गैर सञ्चालन खर्च | ४.२८ | - | - |
| **आयकर अघिको नाफा** | | ४६,२८४,६३७.५२ | ६३,७३४,४६४.७९ |
| **आयकर खर्च** | ४.२९ | ६,९६९,२२१.१५ | ८,४७७,६४८.९३ |
| चालु आयकर | | ६,९६९,२२१.१५ | ८,४७७,६४८.९३ |
| **स्थगन कर आम्दानी** | | ५२७,८२४.०६ | ३८९,९४७.६४ |
| **खुद नाफा/(नोक्सान)** | | ३९,८४३,२४०.४३ | ५५,६४६,७६३.५१ |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,

पोषणराज रेग्मी
सचिव

खगेन्द्र प्रसाद भट्टराई
संचालक अध्यक्ष

सिए प्रकाश दत्त भट्ट
पि. भट्ट एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

हिरा बुढा मगर
कोषाध्यक्ष

सुरेश प्रसाद आचार्य
कार्यकारी प्रबन्धक

किरण बस्नेत
वरिष्ठ प्रबन्धक

मिति : २०८३।०५।११
स्थान : विरेन्द्रनगर, सुर्खेत

**वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.**
**अन्य समष्टिगत आम्दानीको विवरण**
**२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्मको**

रकम रु. मा

| विवरण | नोट | आ.व. २०८२/०८३ | आ.व. २०८१/०८२ (पुनःस्थापित) |
|---|---|---|---|
| **यस वर्षको नाफा** | | ३९,८४३,२४०.४३ | ५५,६४६,७६३.५१ |
| **आयकर पछिको अन्य समष्टिगत आम्दानी** | | | |
| **क) नाफा/(नोक्सान) मा पुनःवर्गिकरण नगरिने वस्तुहरू** | | | |
| फेयर भ्याल्यूमा मूल्यांकन गरिएका इक्विटी उपकरणको लगानीबाट भएका नाफा/(नोक्सान) | | - | - |
| पुर्नमुल्यांकनबाट भएको नाफा/(नोक्सान) | | | |
| परिभाषित लाभ योजनाबाट बिमाङ्किक नाफा/(नोक्सान) | | - | - |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गीकरण नगरिने अन्य खुद विस्तृत आम्दानी** | | - | - |
| **ख) नाफा/(नोक्सान) मा पुनःवर्गीकरण गरिएका वा गर्न सकिने बुँदाहरु** | | | |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | | | |
| नाफा/(नोक्सान) को पुन वर्गीकरण | | | |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न सकिने अन्य खुद समष्टिगत आम्दानी** | | - | - |
| **आयकर पछिको अन्य समष्टिगत आम्दानी** | | - | - |
| **यस वर्षको जम्मा समष्टिगत आम्दानी** | | ३९,८४३,२४०.४३ | ५५,६४६,७६३.५१ |
| **यस अवधिको जम्मा समष्टिगत आम्दानी** | | ३९,८४३,२४०.४३ | ५५,६४६,७६३.५१ |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,

पोषणराज रेग्मी
सचिव

खगेन्द्र प्रसाद भट्टराई
संचालक अध्यक्ष

सिए प्रकाश दत्त भट्ट
पि. भट्ट एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

हिरा बुढा मगर
कोषाध्यक्ष

सुरज प्रसाद आचार्य
कार्यकारी प्रबन्धक

किरण बस्नेत
वरिष्ठ प्रबन्धक

मिति : २०८३।०५।११
स्थान : विरेन्द्रनगर, सुर्खेत

**वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.**
**वीरेन्द्रनगर, सुर्खेत**
**नाफा बाँडफाँड हिसाब**
**२०८३ आषाढ मसान्तसम्म**

| विवरण | प्रतिशत | आ.व. २०८२/०८३ | आ.व. २०८१/०८२ (पुन:स्थापित) |
|---|---|---|---|
| **खुद नाफा/(नोक्सान)** | | ३९,८४३,२४०.४३ | ५५,६४६,७६३.५१ |
| **बाँडफाँड (१)** | १००% | ३९,८४३,२४०.४३ | ५५,६४६,७६३.५१ |
| जगेडा कोष | २५% | ९,९६०,८१०.११ | १३,९११,६९०.८८ |
| बाँकि रकम | ७५% | २९,८८२,४३०.३२ | ४१,७३५,०७२.६३ |
| **बाँडफाँड (२)** | १००% | २९,८८२,४३०.३२ | ४१,७३५,०७२.६३ |
| संरक्षित पुंजी फिर्ता कोष | २५% | ७,४७०,६०७.५८ | १०,४३३,७६८.१६ |
| सहकारी प्रवर्द्धन कोष | ०.५०% | १४९,४१२.१५ | २०८,६७५.३६ |
| बाँकि रकम | ७४.५०% | २२,२६२,४१०.५९ | ३१,०९२,६२९.११ |
| **बाँडफाँड (३)** | १००% | २२,२६२,४१०.५९ | ३१,०९२,६२९.११ |
| शेयर लाभांस कोष | ७०% | १५,५८३,६८७.४१ | २१,७६४,८४०.३७ |
| कर्मचारी बोनस कोष | ५% | १,११३,१२०.५३ | १,५५४,६३१.४६ |
| सहकारी (सदस्य) शिक्षा कोष | ५% | १,११३,१२०.५३ | १,५५४,६३१.४६ |
| सहकारी विकास कोष | ५% | १,११३,१२०.५३ | १,५५४,६३१.४६ |
| घाटापुर्ति कोष | ५% | १,११३,१२०.५३ | १,५५४,६३१.४६ |
| समुदायिक बिकास कोष | ५% | १,११३,१२०.५३ | १,५५४,६३१.४६ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% | १,११३,१२०.५३ | १,५५४,६३१.४६ |

P. Bhatta & Associates ★ Chartered Accountants ★

**वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.**
**२०८२/८३ को**
**नगद प्रवाह विवरण**

| विवरण | आ.व. २०८२/०८३ | आ.व. २०८१/०८२ |
|---|---|---|
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | |
| आयकर व्यवस्था अगाडिको नाफा | ४६,२८४,६३७.५२ | ६३,७३४,४६४.७९ |
| जोडने: | | |
| लगानीमा सम्भावित हानी वापत व्यवस्था | | - |
| कर्जा नोक्सानी व्यवस्था | १९,६४५,९६१.७३ | १८,७५८,७४७.४४ |
| ह्रास कट्टी | २,६९५,७८८.६३ | २,५६८,६४८.८९ |
| कमचारी बोनस व्यवस्था | - | - |
| घटाउने: | | |
| लांभाश आम्दानी | - | - |
| सम्भावित नोक्सानी आम्दानी | - | - |
| **कार्यसिल पूँजीमा भएको परिवर्तन:** | | |
| निक्षेप हिसाबमा बृद्धि (कमी) | १३२,८५६,८३९.०२ | १८५,३१९,९०९.१२ |
| अन्य दायित्वमा बृद्धि (कमी) | ५५,८८०,८३६.८७ | २१,७६९,१४२.९१ |
| कर्जा सापटीमा कमी (बृद्धि) | (११९,९५२,८७४.००) | ५७,८६८,०१९.०० |
| अन्य सम्पत्तिमा कमी (बृद्धि) | (३,५७७,३७१.५४) | २,९९२,०६१.१० |
| **आयकर भुक्तानी अगाडी सञ्चालनबाट नगद प्रवाह** | **१३३,८३३,८१८.२३** | **३५३,०१०,९९३.२५** |
| घटाउने: | | |
| यस आ.व. मा आयकर (भुक्तानी)/फिर्ता | (८,४७७,६४८.९३) | (९,०७८,६८७.४५) |
| कमचारी बोनस भुक्तानी | | |
| **कुल सञ्चालन गतिविधिबाट नगद प्रवाह** | **१२५,३५६,१६९.३०** | **३४३,९३२,३०५.८०** |
| **लगानी गतिबिधिको नगद प्रवाह** | | |
| लगानीमा (बृद्धि)/कमी | - | - |
| शेयर तथा डिवेन्चर लगानी बिक्रि (खरिद) | - | - |
| स्थिर सम्पत्ति बिक्रि (खरिद) | (१३,१९४,३६९.००) | २३२,९७५.८१ |
| **कुल लगानी गतिबिधिको नगद प्रवाह** | **(१३,१९४,३६९.००)** | **२३२,९७५.८१** |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | | |
| चुक्ता शेयर पूंजीमा भएको वृद्धि (बोनस शेयर बाहेक) | १७,२९४,३००.०० | १३,९३१,९००.०० |
| सापटीमा बृद्धि (कमी) | (४०,४७१,२३८.२९) | (१०८,३७१,२०६.३५) |
| कोषबाट भुक्तानी | (३०,९४१,६६७.७४) | (३४,४०३,०२१.३५) |
| **कुल वित्तिय गतिविधिबाट नगद प्रवाह** | **(५४,११८,६०६.०३)** | **(१२८,८४२,३२७.७०)** |
| **कुल गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **५८,०४३,१९४.२७** | **२१५,३२२,९५३.९१** |
| **जोडने:** | | |
| गत वर्षको बैंक तथा नगद मौज्दात | ६११,१९४,२१०.१६ | ३९५,८७१,२५६.२५ |
| **कुल नगद तथा बैंक मौज्दात** | **६६९,२३७,४०४.४३** | **६११,१९४,२१०.१६** |

P. Bhatta & Associates ★ Chartered Accountants ★

# संचालक समितिको तर्फबाट प्रस्तुत नीति तथा कार्यक्रम सम्बन्धी मन्तव्य



**– पोषणराज रेग्मी**
*सचिव, BASUCOL*

***आदरणीय शेयर सदस्य साथीहरु,***

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL) आफ्नो २४ औं वार्षिक साधारण सभा भव्यताका साथ सम्पन्न गर्दै २५ औं वर्षमा प्रवेश गर्दै छ । हालसम्म आईपुग्दा सदस्यहरुलाई उनीहरुको चाहना अनुसारका सेवाहरु उत्पादन गर्दै समुदायका बिचमा निरन्तर गरिएको सहकारीमय हातेमालोबाट सदस्य समुदायको मन जित्दै परिस्कृत, परिपक्व र सफल संस्थाको रुपमा स्थापित हुँदै गईरहेको कुरा हामी सबैमाझ छर्लङ्ग छ । संस्थालाई यस अवस्थासम्म ल्याईपुर्‍याउने हाम्रा अग्रज एवं संस्थापकहरु, समिति/उपसमितिका साथीहरु, शेयर सदस्य मित्रहरु, कर्मचारी वर्ग, सरकारी तथा गैर सरकारी निकायहरु, शुभचिन्तक एवं समुदायका महानुभावहरु सबैमा संस्थाको २४ औं वार्षिक साधारण सभाको पूर्व सन्ध्यामा हाम्रो सहकारीताको हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छौं ।

संस्थाको यस २४ औं वार्षिक साधारणसभाको पावन अवसरमा हामी सँधैझैं सहकारीकर्मीहरुका स्मरणीय पात्रहरु फ्रान्ज शुल्ज, एफ.डब्लु. राईफेसन तथा रोचडेल अग्रदुतहरु जस्ता सहकारी आन्दोलनका राष्ट्रिय अन्तर्राष्ट्रिय अग्रजहरुको स्मरण गर्दै भावपूर्ण श्रद्धासुमन व्यक्त गर्न चाहन्छौं । त्यस्तै गरीब तथा विपन्न वर्गको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि सहयोगीको रुपमा लघुवित्त कार्यक्रमको माध्यमबाट प्रसिद्धी प्राप्त गर्ने गरिबका अग्रणी तथा पथप्रदर्शक आदरणीय डा. मुहम्मद युनुसप्रति समेत सभक्तिपूर्वक श्रद्धा र सम्मान समेत व्यक्त गर्न चाहन्छौं ।

साथै, यसै अवसरमा संस्थाका क्रियाकलापहरुमा हातेमालो गर्दै आउने क्रममा असामयिक निधन भई हामीबाट बिछोड हुनुभएका हाम्रा अन्य सयौं सहकर्मी आत्माहरुको समेत चीर-शान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छौं ।

**शेयर सदस्य महानुभावहरु,**

सहकारी संस्थाको सर्वोच्च निकाय वार्षिक साधारण सभा नै हो । साधारण सभाबाट संचालन गर्न स्वीकृति दिएका कार्यक्रमको प्रगति समिक्षाका साथै आगामी वर्षमा गर्नुपर्ने सुधार तथा क्रियाकलापहरु र यसका लागि चाहिने स्रोत साधनको व्यवस्थापन कसरी गर्ने भन्ने कुराको छिनोफानो पनि हामीले संस्था स्थापना कालदेखि नै साधारण सभाबाट गर्दै आईरहेका छौ । यस वर्ष पनि संस्थाको २४ औं वार्षिक साधारण सभा अन्तर्गत विभिन्न ७ वटा एकाई बैठक पश्चात एकाई प्रतिनिधिहरुको सभा गरेर वार्षिक साधारण सभा सम्पन्न गर्न गइरहेकोका छौं । यसै प्रक्रियानुसार संचालक समितिबाट पेश गरिने वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिका लागि आ.व. २०८२/०८३ को प्रगति समिक्षा, चालु आ.व. २०८३/०८४ लागि गत स्वीकृतिमा आवश्यक संशोधन प्रस्ताव तथा आ.व. २०८४/०८५ का लागि प्रस्तावित कार्यक्रमहरुको पूर्ण विवरण यसै वार्षिक प्रतिवेदन २०८३ को **अनुसूचि १ मा** प्रस्तुत गरिएको छ । सो को विस्तृत अध्ययन गरी बन्दसत्रमा रचनात्मक सुझाव सहित कार्यक्रम स्वीकृत हुने आशा एवं विश्वास लिएका छौं ।

विशेषगरी राज्यको आर्थिक, सामाजिक तथा वित्तीय पहुँचबाट पछाडी परेको एवं भौगोलिक कारणले समेत विकट क्षेत्रमा अवस्थित यस कर्णाली प्रदेशको वास्तविक अवस्था हो । यस्तो अवस्थामा रहेका विभिन्न समुदायका गरिब विपन्नहरुको उत्थान गर्न उपयुक्त ठहराई संस्थाले हाल विशेषतः लघुवित्त कार्यक्रमको माध्यमबाट कर्णाली प्रदेशका सुर्खेत, दैलेख, जाजरकोट र सल्यान जिल्लामा संस्थागत क्रियाकलापहरु संचालन गरी लक्षित वर्गसँग हातेमालो गर्दै आईरहेको व्यहोरा अवगत नै छ ।

**सहकर्मी शेयर सदस्य मित्रहरु,**

अब यहाँ गत आ.व. २०८२/०८३ का लागि स्वीकृत गरिएका कार्यक्रम र सो को उपलब्धीको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छौं । उक्त आ.व मा पनि सहकारी तथा लघुवित्त क्षेत्रमा देखिएका विभिन्न चुनौतीहरुका कारणले तोकिएको लक्ष्यमा अपेक्षित उपलब्धी हालिस गर्न नसकिएपनि सदस्यहरुको सकारात्मक समन्वय, भूमिका र कर्मचारीवर्गको जिम्मेवारीवोधका कारण अधिकतम रुपमा संस्थागत गतिविधिहरु संचालन गर्ने प्रयास गरिएको थियो । सो आ.व.मा स्वीकृत कार्यक्रमको आधारमा ७०.४० प्रतिशत उपलब्धी हासिल गरिएको व्यहोरा अनुरोध छ । सोको विस्तृत विवरण **अनुसूचि १ मा** नै समावेश गरिएकाले यहाँ प्रस्तुत नगरिएको जानकारी गराउँदै उक्त आ.व.मा भएगरेका केही मुख्य मुख्य गतिविधि तथा उपलब्धीहरुको बारेमा यहाँ बुँदागत रुपमा प्रस्तुत गरिएको व्यहोरा अनुरोध छ ।

**गत आ.व. २०८२/०८३ मा सम्पादन गरिएका केही मुख्य मुख्य क्रियाकलापहरु :**

- गत आ.व. संस्थाको जीवन तथा परिवार सुरक्षण योजनामार्फत मृत्यु, सुत्केरी, आवाश क्षति, औषधी उपचार तथा राहत सहयोग लगायतका सुविधामा गरी कूल २६८ जना शेयर सदस्यलाई रु.८३,४२,४००।- रुपैयाँ सुविधा उपलब्ध गराइएको छ । जसको विस्तृत विवरण यसै प्रतिवेदन पुस्तिकाको **अनुसूचि नं. ६ मा** देखाइएको छ ।
- संस्थामा संलग्न जनशक्तिहरुको क्षमता अभिवृद्धिलाई मध्यनजर गर्दै संस्थाको आफ्नै आयोजनामा तथा संस्थाका साझेदार संस्थाहरुसँगको समन्वयमा समेत संस्थाका पदाधिकारी एवं कर्मचारीहरु विभिन्न तालिम, गोष्ठी, अध्ययन अवलोकन तथा अन्तरक्रियात्मक कार्यक्रमहरुमा सहभागी हुनुको साथै सो अवसरमा भएका सिकाइहरुलाई संस्था हितमा प्रयोग गर्ने प्रयास गरिएको छ ।

- गत आ.व.मा स्वीकृत कार्यक्रम अन्तर्गत मुख्यतः ऋण लगानी तथा असुली, बचत संकलन, सदस्यहरुको क्षमता अभिवृद्धि, सहकारी तथा वित्तीय साक्षरता तालिम, समिक्षा बैठक, निरीक्षण अनुगमन जस्ता कार्यहरु संचालन भई सन्तोषजनक दरमा प्रगति हाँसिल गरिएको छ ।
- साथै, दिवस समारोह मनाउने क्रममा संस्था स्थापना दिवस, सहकारी दिवस, शुभकामना आदान प्रदान जस्ता विभिन्न दिवस तथा कार्यक्रमहरु उत्साहपूर्वक मनाईएको थियो ।
- संस्थाले महिला, बालबालिका, युवा तथा जेष्ठ नागरिकसँग सम्बन्धित विभिन्न क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गरेर समाजका सबै उमेर, वर्ग र क्षेत्रका सरोकारवाला पक्षहरुसँग आफ्नो सम्बन्धलाई सदृढ गर्ने प्रयास गरेको छ ।
- त्यस्तै, संचालक समिति र उपसमितिका वैठकहरु आवश्यकता अनुसार निरन्तर रुपमा भएका थिए । उक्त आ.व.मा संचालक समितिको बैठक १४ पटक, ऋण उपसमितिको बैठक ११४७ पटक र अन्य उपसमितिहरुको बैठक ४४ पटक बसेका थिए ।
- वातावरण दुग्धशालाले हाल संस्थाको उद्देश्य अनुरुप सफलता हासिल गरिरहेको छ । दुग्धशाला व्यवसायबाट ५०० भन्दा बढी कृषक एवं सदस्यहरु प्रत्यक्ष लाभांवित भएका छन् भने दैनिक औषतमा २१०० लिटर दुध खरिद गरिरहेको छ ।
- दुग्धशालाले खरिद गरेको दुधलाई आवश्यकता अनुसार दही, पनिर, खुवा, घ्यू, छुर्पी समेत बनाई बिक्रि गर्दै आइरहेको छ ।
- त्यस्तै संस्थाले वीरेन्द्रनगर औद्योगिक क्षेत्रभित्र संचालनमा ल्याएको वातावरण खाद्य उद्योगले पनि समुदायमा सकारात्मक प्रभाव तथा योगदान पुऱ्याउने आशा गरिएको छ ।

**सहयात्री शेयर सदस्य मित्रहरु,**

अब संस्थाको वर्तमान अवस्थाको बारेमा यथार्थ सार संक्षेप चित्रण गर्ने अनुमति चाहन्छौं ।

- हाल संस्थाले २०८२ श्रावणसम्म आईपुग्दा ३२२७१ सदस्यहरुसँग हातेमालो गरी सहकार्य गर्दै आईरहेको छ ।
- संस्थाका सेवालाई व्यवस्थित गर्नका लागि सुर्खेत जिल्लाको विभिन्न क्षेत्रहरुमा ७ वटा, दैलेखमा ४ वटा र सल्यान जिल्लामा २ वटा गरी जम्मा १३ वटा सेवाकेन्द्रहरु समेत स्थापना भई संचालनमा आएका छन् ।
- सदस्यहरुमा पुऱ्याउने सेवालाई प्रभावकारी किसिमले प्रवाह गर्न कार्यकारी अधिकार सहितको व्यवस्थापकीय कर्मचारी टिम संलग्न हुँदै आएको छ । जसमा हाल ११२ जना कर्मचारी एवं प्रशिक्षार्थीहरु संलगन रहेका छन् ।
- सदस्यसँग हाल २०८३ श्रावण मसान्तसम्मको लगानीमा बाँकी ऋण रकम रु.२,१७,६०,२३,०९१।- रहेको छ ।
- त्यस्तै संस्थासँग सदस्यहरुको जम्मा बचत रु.१,९३,७६,२६,९१३।३५ र शेयर रु.३०,४०,०६,५००।- रहेको छ ।
- त्यसैगरी यस संस्थाले बाह्य बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी ऋण रु.८०,७०,४१५।- रहेको छ ।
- त्यस्तै श्रावण मसान्तसम्मको मोटामोटी बचत रु.५४,६०,१७३।९७ रहेको छ ।

**शेयर सदस्य महानुभावहरु,**

वर्तमान अवस्थाका साथै चालु एवं आगामी आ.व. का लागि समेत प्रस्तावित नीति तथा कार्यक्रमहरुको विस्तृत विवरण यसै मन्तव्यको अनुसूचीहरुमा समावेश गरिएकाले यहाँ प्रस्तुत नगरिएको ब्यहोरा अनुरोध छ । विशेषगरी संस्था संचालनका लागि आवश्यक पर्ने नियम तथा कार्यनीतिहरुको सम्बन्धमा संस्थाका शेयर तथा बचत नीति २०५९, ऋण नीति २०५९, लघुवित्त कार्यक्रम संचालन सम्बन्धी नीति २०६८ र कर्मचारी दरबन्दी तथा सेवा, सुविधा सम्बन्धी नीति २०५९ मा आवश्यक संशोधन, परिमार्जन तथा थप गरी स्वीकृतिका लागि यसै प्रतिवेदन पुस्तिकाको **अनुसूची २ मा** समावेश गरिएको छ । साथै संस्था संचालन नियमावली २०५९ र संस्थाको विनियम २०५९ को (संशोधन सहित) पुनर्लेखन विनियम २०८० मा समेत समय सापेक्ष संशोधन तथा परिमार्जन गर्नुपर्ने देखिएको हुँदा सोका सम्बन्धमा वार्षिक साधारण सभाको बन्द सत्रहरुमा सदस्यहरुका बिचमा व्यापक छलफल गरी सोही अनुसार निर्णय गर्नेगरी संशोधन प्रस्ताव गरिएको ब्यहोरा अनुरोध छ । त्यस्तै संस्थाको उद्देश्य अनुसार सेवामा विविधिकरण ल्याउने उद्देश्यले वीरेन्द्रनगरस्थित औद्योगिक क्षेत्रभित्र वातावरण खाद्य उद्योग संचालनमा ल्याइएकोमा चालु आ.व.मा सो उद्योगलाई उच्च महत्व उद्योग संचालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट तथा कार्यक्रम निर्धारण गरिएको छ । साथै संस्था, सदस्य तथा समुदायको आवश्यकतालाई समेत मध्यनजर गर्दै विगतदेखि संचालन गर्दै आईरहेका अन्य कार्यक्रमहरुलाई पनि आवश्यकताको आधारमा आगामी आ.व.को लागि आवश्यक संख्या र रकममा लक्ष्य निर्धारण गरी प्रस्तावित गरिएको छ ।

यस संस्थाको अहिलेसम्मको विकासक्रम र वर्तमान अवस्थालाई नियालेर विश्लेषण गर्ने हो भने संस्था प्रगतिपथमा लम्किरहेको देखिन्छ । यो हामी सबैको योगदानको प्रतिफल हो । जस्तोसुकै संकट र समस्याको समयमा पनि संस्था नडगमगाई आफ्नो कर्तव्य र सेवा क्रियाकलापहरु पुरा गर्दै आइरहेको छ । त्यसैले संस्थालाई आगामी दिनमा अझ उचाईमा पुऱ्याउन हामी सबैको भूमिका सँधै झैं अझ महत्वपूर्ण रहिरहनेछ भन्ने अपेक्षा गर्दै सोही अनुसारको निरन्तर सक्रियता, तदरुकता र योगदानको लागि अनुरोध गरिएको ब्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।

अन्तमा, संस्था संचालक समितिको अनुमतिबाट सदस्यज्यूहरु समक्ष हामीबाट प्रस्तुत कार्यक्रम, गत आ.व.को प्रगति समिक्षा, आगामी आ.व.को लागि प्रस्तावित कार्यक्रम तथा बजेट र नीति नियम जस्ता संस्थाका विविध पक्षहरु यस प्रतिवेदन पुस्तिकामा राखिएको छ । सम्पूर्ण शेयर सदस्यज्यूहरुले सोको पूर्ण अध्ययन गरी संस्थालाई सँधै झैं सृजनात्मक र रचनात्मक सुझाव दिनुहुनेछ भन्ने आशा लिएका छौं । यस संस्थालाई जन्माई, हुर्काई यस अवस्थासम्म ल्याइपुऱ्याउन प्रत्यक्ष एवं अप्रत्यक्ष रुपबाट सहयोग गर्ने सहकारीसँग सम्बन्धित विभिन्न सरकारी निकायहरु, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थाहरु, प्राज्ञिक वर्ग, नागरिक समाज, संचार माध्यम, विभिन्न पेशा, वर्ग तथा समुदायका व्यक्तित्वहरु, संस्थाका अग्रज एवम् अन्य शुभेच्छुक सबैमा संस्थाको यस २४ औं वार्षिक साधारण सभाको पावन अवसरमा हार्दिक धन्यवाद समेत दिन चाहन्छौं ।

*जय सहकारी !*

अनुसूची- १

# वातावरण सुधार बहुउद्धेश्यीय सहकारी संस्था लि. (BASUCOL)

(वातावरण भवन)

*वीरेन्द्रनगर-८, सुर्खेतको*

## आ.व. २०८२/०८३ को यथार्थ प्रगति, २०८३/०८४ को लागि स्वीकृतिमा आवश्यक संशोधन तथा आगामी आ.व. २०८४/०८५ का लागि प्रस्तावित वार्षिक कार्यक्रम

| क्र.सं. | कार्यक्रम शिर्षक र विवरण | इकाई | आ.व. २०८२/०८३ को | | | चालु आ.व. २०८३/०८४ को स्वीकृति तथा संशोधन | | | | आ.व. २०८४/०८५ को लागि प्रस्तावित लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत लक्ष्य | यथार्थ प्रगति | प्रगति प्रतिशत | स्वीकृत लक्ष्य | संशोधन थप/घट | जम्मा स्वीकृति लक्ष्य | बजेट | प्रस्तावित लक्ष्य | बजेट | स्रोत |
| १ | शेयर बिक्री | कित्ता | ३६०००० | २८१०६१ | ७८.०७ | ४५०००० | -५०००० | ४००००० | ० | ४६०००० | ० | |
| २ | शेयर सदस्य वृद्धि | जना | २००० | १०७३ | ५३.६५ | २५०० | ५०० | ३००० | ० | ३५०० | ० | |
| ३ | बहुउद्देश्यीय सेवा थप र संचालन | वटा | निरन्तरता दिने | १ | १०० | निरन्तरता दिने | ० | निरन्तरता दिने | निर्णय अनुसार | निरन्तरता दिने | निर्णय अनुसार | आन्तरिक |
| ४ | संकलन केन्द्र विस्तार | वटा | १ | १ | १०० | १ | ३ | ४ | निर्णय अनुसार | २ | निर्णय अनुसार | आन्तरिक |
| ५ | प्रशिक्षार्थी/कर्मचारी नियुक्ति | जना | १० | ७ | ७० | १० | ० | १० | ५०००० | १० | ५०००० | आन्तरिक |
| ६ | पि.जि.टी. सञ्चालन | वटा | ११५ | १८ | १५.६५ | ११५ | ० | ११५ | ११५००० | १२० | १२०००० | आन्तरिक/बाह्य |
| ७ | कुल ऋणी संख्या | जना | १५००० | १२७६४ | ८५.०९ | १६५०० | -५०० | १६००० | ० | १६५०० | ० | |
| ८ | ऋण सदुपयोगिता निरिक्षण | पटक | १५००० | १०५२७ | ७०.१८ | १६५०० | -५०० | १६००० | ० | १६५०० | ० | |
| ९ | ऋण लगानी | रु | २२०५०००००० | १४१६४४१००० | ६४.२४ | २७५००००००० | -९००००००० | १८५००००००० | ० | २१०००००००० | ० | |
| १० | ऋण असुली | रु | २०००००००००० | १२९६४८८१२६ | ६४.८२ | २५००००००० | -८५००००००० | १६५००००००० | ० | १८५००००००० | ० | |
| ११ | लगानीमा बाँकी ऋण | रु. | २२६७६२६५०६ | २१८२५७९३८० | ९६.२५ | २५१७६२६५०६ | -१३५०४७१२६ | २३८२५७९३८० | ० | २६३२५७९३८० | ० | |
| १२ | सदस्यको बचत प्राप्त | रु. | १०५००००००० | १०००३८५०६० | ९५.२७ | १३००००००००० | -१९००००००० | १११००००००० | ० | १३५००००००० | ० | |
| १३ | सदस्यको बचत फिर्ता | रु. | ७६५०००००० | ८७२३४८९३७ | ११४.०३ | ९४५०००००० | ० | ९४५०००००० | ० | ११५००००००० | ० | |
| १४ | बाँकी बचत | रु | २०७०१७८५६५ | १९१८०३५४०४ | ९२.६५ | २४२५१७८५६५ | -३४२१४३१६१ | २०८३०३५४०४ | ० | २२८३०३५४०४ | ० | |
| १५ | ऋण लिने | रू | १५०००००० | ०.०६ | ० | २००००००० | -१५०००००० | ५०००००० | ० | ५०००००० | नियमानुसार | आन्तरिक |
| १६ | आर्थिक सहायता | वटा | निर्णय अनुसार | ४७ | १०० | निर्णय अनुसार | ० | निर्णय अनुसार | निर्णय अनुसार | निर्णय अनुसार | निर्णय अनुसार | आन्तरिक |
| १७ | पुनर्ताजगी तालिम | वटा | आवश्यक्तानुसार | ७५६ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक/बाह्य |
| १८ | अध्ययन अवलोकन भ्रमण | पटक | निर्णय अनुसार | ११ | १०० | निर्णय अनुसार | ० | निर्णय अनुसार | निर्णय अनुसार | निर्णय अनुसार | निर्णय अनुसार | आन्तरिक |
| १९ | शाखा प्रबन्धकबाट केन्द्र निरीक्षण | पटक | ३००० | २८६२ | ९५.४० | ३००० | ० | ३००० | ० | ३००० | ० | |
| २० | केन्द्रीय कार्यालयबाट सेवाकेन्द्र/केन्द्र निरीक्षण | पटक | २८० | १०७ | ३८.२१ | २८० | ० | २८० | नियमानुसार दै.भ्र.भ. | ३०० | नियमानुसार दै.भ्र.भ. | आन्तरिक |
| २१ | कर्मचारी बैठक | पटक | ४०० | २६६ | ६६.५० | ४०० | ० | ४०० | नियमानुसार | ४०० | नियमानुसार | आन्तरिक |
| २२ | सेवाकेन्द्र प्रमुखहरुको बैठक | पटक | १२ | १२ | १०० | १२ | ० | १२ | नियमानुसार | १२ | नियमानुसार | आन्तरिक |
| २३ | विभिन्न उप-समितिहरुको बैठक | पटक | ६० | ४४ | ७३.३३ | १२ | ४८ | ६० | नियमानुसार | ६० | नियमानुसार | आन्तरिक |
| २४ | आन्तरीक समिक्षा बैठक (त्रैमासिक) | पटक | ४ | ४ | १०० | ४ | ० | ४ | ३००००० | ४ | ३००००० | आन्तरिक |
| २५ | केन्द्र प्रमुखहरुको गोष्ठी | वटा | ३५ | ५ | १४.२९ | ४० | -५ | ३५ | २६२५००० | ४० | ३०००००० | आन्तरिक |

*क्रमशः*

| क्र.सं. | कार्यक्रम शिर्षक र विवरण | इकाई | आ.व. २०८२/०८३ को | | | चालु आ.व. २०८३/०८४ को स्वीकृति तथा संशोधन | | | | आ.व. २०८४/०८५ को लागि प्रस्तावित लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत लक्ष्य | यथार्थ प्रगति | प्रगति प्रतिशत | स्वीकृत लक्ष्य | संशोधन थप/घट | जम्मा स्वीकृति लक्ष्य | बजेट | प्रस्तावित लक्ष्य | बजेट | स्रोत |
| २६ | संचालक, सदस्य, कर्मचारी क्षमता अभिवृद्धि | पटक | १५ | ११ | ७३.३३ | १५ | ० | १५ | ७५०००० | १५ | ७५०००० | आन्तरिक |
| २७ | गोष्ठी/अन्तरक्रिया कार्यक्रम | वटा | १५ | ९ | ६० | १५ | ० | १५ | ७५०००० | १५ | ७५०००० | आन्तरिक |
| २८ | सदस्यलाई सहकारी शिक्षा/वित्तीय साक्षरता तालिम | वटा | २० | २ | १० | २५ | -१० | १५ | ७५०००० | १५ | ७५०००० | आन्तरिक/बाह्य |
| २९ | तीन शुन्य कार्यक्रम व्यवस्थापन/संचालन | वटा | १४ | ० | ० | १४ | ० | १४ | १००००० | १४ | १२०००० | आन्तरिक |
| ३० | सूचना प्रविधि विकास तथा व्यवस्थापन कार्यक्रम | पटक | निरन्तर | १ | १०० | निरन्तर | निरन्तर | निरन्तर | नियमानुसार | निरन्तर | नियमानुसार | आन्तरिक |
| ३१ | वातावरण Agro Mart सम्भाव्यता अध्ययन/संचालन | वटा | निरन्तर | ० | ० | निरन्तर | ० | निरन्तर | १०००००० | निरन्तर | आवश्यकतानुसार | आन्तरिक |
| ३२ | खाद्य उद्योगको भवन, गोदाम घर निर्माण तथा मर्मत | वटा | १ | १ | १०० | ० | १ | १ | ५५००००० | १ | ६५००००० | आन्तरिक |
| ३३ | खाद्य उद्योगको लागि मेसिनरी औजार/सामाग्री खरिद | रु. | १४०००००० | ९८२६३०० | ७०.१९ | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | निर्णय अनुसार | आवश्यक्तानुसार | निर्णय अनुसार | आन्तरिक |
| ३४ | उद्योग संचालन पूँजी, विक्रीका सामाग्री खरिद | रु. | १६०००००० | १४०००००० | ८७.५० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | निर्णय अनुसार | आवश्यक्तानुसार | निर्णय अनुसार | आन्तरिक |
| ३५ | ❋अनुज्ञा पत्र लिने | वटा | ० | ० | ० | ० | २ | २ | नियमानुसार | २ | नियमानुसार | आन्तरिक |
| ३६ | ❋उत्पादित वस्तुको ब्राण्डिङ्ग गर्ने र ट्रेडमार्क लिने | वटा | ० | ० | ० | ० | २ | २ | नियमानुसार | २ | नियमानुसार | आन्तरिक |
| ३७ | औषधी उपचार तथा राहत सहयोग | जना | माग/निर्णय अनुसार | ३० | १०० | माग/निर्णय अनुसार | ० | माग/निर्णय अनुसार | ० | माग/निर्णय अनुसार | ० | आन्तरिक |
| ३८ | सदस्यका छोराछोरी तथा विद्यार्थीका लागि वित्तीय शिक्षा | जना | ३०० | १५० | ५० | ३०० | -१०० | २०० | १००००० | २०० | १००००० | आन्तरिक |
| ३९ | दिवस, उत्सव, कार्यक्रम तथा प्रतियोगिताहरु | वटा | २५ | २२ | ८८ | २५ | ० | २५ | ५००००० | २५ | ५००००० | आन्तरिक |
| ४० | संचालक कर्मचारी मिलन कार्यक्रम | वटा | १ | १ | १०० | १ | ० | १ | २००००० | १ | २००००० | आन्तरिक |
| ४१ | संचालक समिति बैठक | पटक | १६ | १४ | ८७.५० | १६ | ० | १६ | नियमानुसार | १६ | नियमानुसार | आन्तरिक |
| ४२ | लेखा समितिको बैठक | पटक | ४ | ३ | ७५ | ४ | ० | ४ | नियमानुसार | ४ | नियमानुसार | आन्तरिक |
| ४३ | ऋण उपसमितिको बैठक | पटक | आवश्यक्तानुसार | ११४७ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | नियमानुसार | आवश्यक्तानुसार | नियमानुसार | आन्तरिक |
| ४४ | ऋणी भेटघाट, सम्पर्क, अनुगमन निरीक्षण | जना | २००० | ११८१ | ५९.०५ | २००० | ० | २००० | नियमानुसार | २००० | नियमानुसार | आन्तरिक |
| ४५ | कार्यक्रम योजना निर्माण (रातो किताब) | वटा | १ | १ | १०० | १ | ० | १ | ५००० | १ | ५००० | आन्तरिक |
| ४६ | दुग्धशालामा चिस्यान केन्द्र निर्माण | वटा | १ | १ | १०० | ० | ० | ० | ० | ० | ० | आन्तरिक |
| ४७ | ❋दुग्धशालामा सोलार हिटर जडान | वटा | ० | ० | ० | ० | १ | १ | २००००० | ० | ० | आन्तरिक |
| ४८ | ❋दुग्धशालामा निर्माण | वटा | ० | ० | ० | ० | १ | १ | १५००००० | ० | ० | आन्तरिक |
| ४९ | दुग्धशालामा मेसिनरी औजार/सामाग्री खरिद | रु. | ० | ० | ० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | निर्णय अनुसार | आवश्यक्तानुसार | निर्णय अनुसार | आन्तरिक |
| ५० | दुग्ध उत्पादन पकेट क्षेत्र सम्भाव्यता अध्ययन | वटा | ५ | २ | ४० | ५ | ० | ५ | १००००० | ५ | १००००० | आन्तरिक |
| ५१ | कृषक भेला तथा संकलन केन्द्र संचालन समिति गठन | वटा | ४ | २ | ५० | ४ | ० | ४ | ० | ४ | ० | |
| ५२ | दुग्ध कृषक तथा संकलन केन्द्र समिति अभिमूखिकरण | पटक | २ | १ | ५० | २ | ० | २ | ५०००० | २ | ५०००० | आन्तरिक |
| ५३ | दुग्ध उत्पादक कृषक तथा संकलन केन्द्रसँग सम्झौता | वटा | ३ | ३ | १०० | ३ | ० | ३ | ० | ३ | ० | |
| ५४ | दुग्ध संकलन केन्द्र निरीक्षण | पटक | २० | ६ | ३० | २५ | -५ | २० | नियमानुसार | २० | नियमानुसार | आन्तरिक |
| ५५ | संकलन केन्द्रसँग समन्वय बैठक | पटक | ३ | ३ | १०० | ३ | ० | ३ | ६०००० | ३ | ६०००० | आन्तरिक |
| ५६ | दुग्ध उत्पादक कृषक घर दैलो भेटभाट | पटक | १० | ६ | ६० | १० | ० | १० | नियमानुसार | १० | नियमानुसार | आन्तरिक |
| ५७ | दुग्ध उत्पादक कृषक बैठक | पटक | १० | ३ | ३० | १० | ० | १० | १००००० | १० | १००००० | आन्तरिक |

क्रमशः

| क्र.सं. | कार्यक्रम शिर्षक र विवरण | इकाई | आ.व. २०८२/०८३ को | | | चालु आ.व. २०८३/०८४ को स्वीकृति तथा संशोधन | | | | आ.व. २०८४/०८५ को लागि प्रस्तावित लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत लक्ष्य | यथार्थ प्रगति | प्रगति प्रतिशत | स्वीकृत लक्ष्य | संशोधन थप/घट | जम्मा स्वीकृति लक्ष्य | बजेट | प्रस्तावित लक्ष्य | बजेट | स्रोत |
| ५८ | दुग्ध जन्य पदार्थ विक्रि केन्द्र छनौट तथा सम्झौता | वटा | १० | ५ | ५० | १५ | -५ | १० | ० | १० | ० | |
| ५९ | दुग्ध जन्य पदार्थ विक्रि केन्द्र निरीक्षण | पटक | २० | ११ | ५५ | २० | ० | २० | नियमानुसार | २० | नियमानुसार | आन्तरिक |
| ६० | दुग्ध पदार्थ विक्रि केन्द्र संचालकसँग समन्वय बैठक | पटक | १५ | ५ | ३३.३३ | १५ | ० | १५ | ३००००० | १५ | ३००००० | आन्तरिक |
| ६१ | कृषकलाई घाँसको बेर्ना, बिउँबिजन सहयोग | जना | आवश्यक्तानुसार | ० | ० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | निर्णय अनुसार | आवश्यक्तानुसार | निर्णय अनुसार | आन्तरिक/बाह्य |
| ६२ | उत्कृष्ट दुग्ध संकलन केन्द्र पुरस्कार | वटा | २ | ० | ० | २ | ० | २ | १५००० | २ | १५००० | आन्तरिक |
| ६३ | उत्कृष्ट दुग्ध जन्य पदार्थ विक्रि केन्द्र पुरस्कार | वटा | १ | ० | ० | १ | ० | १ | १५००० | १ | १५००० | आन्तरिक |
| ६४ | उत्कृष्ट कृषक पुरस्कार | वटा | ५ | ० | ० | ५ | ० | ५ | ६०००० | ५ | ६०००० | आन्तरिक |
| ६५ | सामाजिक सम्मान | जना | निर्णय अनुसार | १ | १०० | निर्णय अनुसार | ० | निर्णय अनुसार | निर्णय अनुसार | निर्णय अनुसार | निर्णय अनुसार | आन्तरिक |
| ६६ | उत्कृष्ट केन्द्र पुरस्कार (प्रति शाखा ५ केन्द्र) | वटा | ६५ | ६५ | १०० | ७० | -५ | ६५ | १३००००० | ७० | १४००००० | आन्तरिक |
| ६७ | सदस्यहरुलाई व्यवसाय प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण | वटा | ६ | ० | ० | ६ | ० | ६ | ३००००० | ६ | ३००००० | आन्तरिक |
| ६८ | BASUCOL छात्र वृत्ति प्रदान (प्रा. स्तर) | जना | २ | २ | १०० | २ | ० | २ | १५००० | २ | २०००० | आन्तरिक |
| ६९ | BASUCOL छात्र वृत्ति प्रदान (मा.वि. स्तर) | जना | २ | २ | १०० | २ | ० | २ | २५००० | २ | ३५००० | आन्तरिक |
| ७० | उत्कृष्ट ऋणी सदस्य सम्मान/पुरस्कार | जना | ४५ | ४४ | ९७.७८ | ५० | -५ | ४५ | १३५००० | ४८ | १४४००० | आन्तरिक |
| ७१ | उत्कृष्ट वचतकर्ता सदस्य सम्मान/पुरस्कार | जना | ३५ | ३१ | ८८.५७ | ४० | -८ | ३२ | ९६००० | ३४ | १०२००० | आन्तरिक |
| ७२ | उत्कृष्ट कर्मचारी पुरस्कार | जना | ६ | ५ | ८३.३३ | ६ | ० | ६ | १२०००० | ६ | १५०००० | आन्तरिक |
| ७३ | ❋मोवाईल बैंकिङ्गको सेवा संचालन | जना | ० | ० | ० | ० | ५००० | ५००० | निर्णय अनुसार | १०००० | निर्णय अनुसार | आन्तरिक |
| ७४ | ❋मिसकल बैंकिङ्ग सेवा संचालन | जना | ० | ० | ० | ० | ५००० | ५००० | निर्णय अनुसार | १०००० | निर्णय अनुसार | आन्तरिक |
| ७५ | ❋उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई वित्तीय शिक्षा | वटा | ० | ० | ० | ० | ३ | ३ | निर्णय अनुसार | ४ | निर्णय अनुसार | आन्तरिक |
| ७६ | ❋विद्यालय अक्षयकोष स्थापना | रु. | ० | ० | | ० | २००००० | २००००० | २००००० | ० | ण | आन्तरिक |
| ७७ | स्वास्थ्य शिविर | वटा | ३ | ० | ० | २ | ० | २ | ३००००० | २ | २००००० | आन्तरिक |
| ७८ | मृत सदस्य श्रद्धान्जली/परिवार सहयोग कार्यक्रम | वटा | आवश्यक्तानुसार | ९५ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | रु.५५०० बराबर | आवश्यक्तानुसार | रु.५५०० बराबर | आन्तरिक |
| ७९ | सुत्केरी पोषण सहयोग कार्यक्रम | वटा | आवश्यक्तानुसार | १४३ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | रु.२५०० बराबर | आवश्यक्तानुसार | रु.२५०० बराबर | आन्तरिक |
| ८० | व्यवसायिक/रणनैतिक योजना निर्माण | वटा | २ | १ | ५० | २ | ० | २ | निर्णय अनुसार | २ | निर्णय अनुसार | आन्तरिक |
| ८१ | ऋण धितो लिलाम कार्यक्रम | पटक | १ | ० | ० | १ | ० | १ | आवश्यक्तानुसार | १ | आवश्यक्तानुसार | आन्तरिक |
| ८२ | आन्तरिक लेखापरीक्षण (त्रैमासिक) | पटक | ६५ | ४५ | ६९.२३ | ७० | -१० | ६० | नियमानुसार | ६५ | नियमानुसार | आन्तरिक |
| ८३ | वार्षिक लेखा परिक्षण | पटक | १ | १ | १०० | १ | ० | १ | निर्णय अनुसार | १ | निर्णय अनुसार | आन्तरिक |
| ८४ | साधारण सभा (एकाई बैठक/एकाई प्रतिनिधिको सभा) | वटा | ८ | ८ | १०० | ८ | ० | ८ | ५५५०००० | ८ | ६०५०००० | आन्तरिक |
| ८५ | संचालन स्वक्षमता (OSS) | % | ११२ | ११६ | १०३.५७ | ११२ | ० | ११२ | ० | १११ | ० | |
| | सरदर उपलब्धी प्रतिशत | | | | ७०.४० | | | | | | | |

**नोट :**

१) नयाँ प्रस्तावित कार्यक्रमहरुको संकेत : ❋

२) पेश गरिएको प्रस्ताव स्वीकृति पश्चात संचालन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित उपसमितिको हुनेछ । व्यवस्थापनले आवश्यक सहयोग गर्नेछ ।

३) स्वीकृत कार्यक्रमहरु संचालन गर्दा प्रस्ताव गरिएको बजेटमा अपुग वा बचत हुन जाने देखिएमा सोलाई संचालक समितिको निर्णय अनुसार व्यवस्थापन गर्न सकिनेछ ।

४) आन्तरिक स्रोतबाट संचालन गरिने कार्यक्रमहरु सम्बन्धित कोष तथा चालु खर्चबाट प्रस्तावमा उल्लेख भएअनुसार गरिनेछ ।

अनुसूची- २(क)

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

*वीरेन्द्रनगर-८, सुर्खेत*

# नीतिहरूमा थप तथा संशोधन २०८३

वातावरण सुधार वहुउद्देश्यीय सहकारी संस्था लि.को शेयर सदस्यता प्रदान, बचत तथा ऋण परिचालन कार्यको सेवा क्षेत्रलाई बढी सक्षम, सुदृढ गरी संस्था तथा सदस्यहरू बीचको सेवा आदान-प्रदान कार्यलाई अझ प्रभावकारी बनाउन संस्थाबाट संचालनमा ल्याइएका विभिन्न नीतिहरुलाई प्रस्तुत कार्यक्रम तथा बजेटको भावना अनुरुप तथा समय सापेक्ष संशोधन र परिमार्जन गर्न वान्छनीय भएकाले संस्थाको आर्थिक, प्रशासन नियम २०५९ (संशोधन समेतको) नियम १९ को (क) १ ले दिएको अधिकार प्रयोग गरी संस्थाको २४ औं वार्षिक साधारण सभाले भइरहेको व्यवस्थामा संशोधन, नयाँ व्यवस्था थप गर्दै **तपसिल** बमोजिमका नीतिहरुको परिमार्जन तथा संशोधन प्रस्ताव गरी मूल नीतिमा समावेश गर्न प्रस्ताव गरिएको छ ।

## १) संक्षिप्त नाम र प्रारम्भ

क) **नाम :** यी नीतिहरुको नाम वातावरण सुधार वहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)ले कार्यान्वयनमा ल्याएका निम्न नीतिहरुमा (२०८३ सम्मको संशोधन) रहने छ ।

ख) **प्रारम्भ :** यी नीतिहरु वार्षिक साधारण सभाले स्वीकृत गरेपछि संचालक समितिको निर्णय अनुसार लागु हुनेछन् ।

| नीतिमा भएको हालको व्यवस्था | | | नीतिमा थप तथा संशोधन भई कायम हुनुपर्ने व्यवस्था | | |
|---|---|---|---|---|---|
| परिच्छेद | दफा | शब्द तथा वाक्य | परिच्छेद | दफा | शब्द तथा वाक्य |
| शेयर तथा बचत नीति २०५९ | | | | | |
| ३ | ४(ङ) | सदस्यको मृत्यु भएमा मृतक सदस्यको नाममा बाँकी बचत शेयरको रकम मनोनित हकवालालाई उपलब्ध गराईनेछ । हकवाला मनोनित नगरेको अवस्थामा प्रचलित कानुन बमोजिम गरिनेछ । | ३ | ४(ङ) | सदस्यको मृत्यु भएमा मृतक सदस्यको नाममा बाँकी बचत शेयरको रकम मनोनित हकवालालाई उपलब्ध गराईनेछ । हकवाला मनोनित नगरेको अवस्थामा प्रचलित कानुन बमोजिम गरिनेछ । तर सदस्यको ऋण चुक्ता नभएको अवस्थामा खाता हस्तान्तरण र धितो फुकुवा गरिने छैन । |
| ४ | ५(च) | **कर्मचारी हितकोष बचतको उद्देश्य क्षेत्र :** वातावरण परिसर अन्तर्गतका संस्थाहरूमा कार्यरत कर्मचारी, संस्थाका सदस्यहरूले सञ्चालन गरेको उद्योग, व्यवसायमा काम गर्ने कामदार, कर्मचारीहरूको मासिक तलबमा सम्बन्धित संस्थाबाट थप गरिएको रकम सम्झौता अनुसार बचत स्वीकार गर्न खोलिएको बचत खाता । | ४ | ५(च) | **कर्मचारी हितकोष बचतको उद्देश्य क्षेत्र र नयाँ व्यवस्था :** संस्थामा कार्यरत कर्मचारीहरूको हाल भइरहेको हितकोष बचत रकमलाई ८० प्रतिशत बचत रकम फिर्ता दिई बाँकी रहेको रकम सोही खातामा राखी अब उप्रान्त संस्थाले नै दरबन्दीमा कार्यरत सबै कर्मचारीहरुको तलव स्केल (ग्रेड सहित) को ५ प्रतिशतते हुन आउने रकम मासिक रुपमा अनिवार्य बचत गर्ने व्यवस्था गरिनेछ । उक्त बचतको रकम कर्मचारी सेवाबाट अलग भएपछि मात्र एकमुष्ठ भुक्तानी दिइनेछ । |
| ४ | ६(क) | **बचतहरुको वार्षिक ब्याज दर :** अनिवार्य मासिक बचतको ६%, नियमित दैनिक बचतको ५%, बाल बचतको ६%, स्वेच्छिक बचतको ४%, आवधिक बचत (मुद्धति)को ७.५%, कर्मचारी हितकोष बचतको ६%, जेष्ठ नागरिक बचतको ६%, र आवास बचतको ६% रहेको । | ४ | ६(क) | **बचतहरुको वार्षिक ब्याज दर :** अनिवार्य मासिक बचतको ३.६०%, नियमित दैनिक बचतको ३.१०%, बाल बचतको ३.६०%, स्वेच्छिक बचतको २.८०%, आवधिक बचत (मुद्धति)को ५%, कर्मचारी हितकोष बचतको ५%, जेष्ठ नागरिक बचतको ५%, र आवास बचतको ३.६०% हुने व्यवस्था गरिएको छ । |
| - | - | - | ७ | ९(घ)४ | नेपाल सरकार, बिमा प्राधिकरण तथा बिमा ऐन अन्तर्गत नसमेटिएका उमेर समूहका सदस्यहरुको मृत्यु भएको अवस्थामा संस्थाको सदस्य कल्याण तथा राहत कोषबाट रु.७,५००।- काज किरिया खर्च उपलब्ध गराईनेछ भन्ने व्यवस्था थप गरिएको छ । |
| - | - | - | ७ | १०(च) | सदस्यहरुले पाठेघरको दिर्घकालीन रुपमा नियमित उपचार तथा पुन: चेकजाँच गर्न सम्बन्धित स्वास्थ्य संस्थासम्म जाँदा-आँउदा लागेको सार्वजानिक यातायातको भाडा रकम एक पटकलाई उपलब्ध गराईनेछ भन्ने नयाँ व्यवस्था थप गरिएको छ । |

क्रमश:.........

| नीतिमा भएको हालको व्यवस्था | | | नीतिमा थप तथा संशोधन भई कायम हुनुपर्ने व्यवस्था | | |
|---|---|---|---|---|---|
| परिच्छेद | दफा | शब्द तथा वाक्य | परिच्छेद | दफा | शब्द तथा वाक्य |
| **ऋण नीति २०५९** | | | | | |
| - | - | - | ३ | ४ (ख)१० | सदस्य सरल ऋणको नयाँ व्यवस्था थप गरिएको छ। यस ऋण अन्तर्गत कुनै पनि महिला तथा पुरुष सदस्यहरुलाई बिना धितो दैनिक बचतको आधारमा उक्त बचत रकमको ५ गुणासम्म ऋण प्रवाह गर्न सकिनेछ। ऋणको अवधि १ बर्ष, ब्याजदर १२ प्रतिशत र ऋण शुल्क १ प्रतिशत कायम गरिएको छ। यसरी ऋण प्रवाह गर्दा कम्तीमा दुई जना सदस्यहरु जमानी राख्नुपर्नेछ। |
| ४ | ६(क) | **ऋणहरुको वार्षिक ब्याज दर :** लघुउद्यम व्यवसायिक ऋणको १२.५०%, मध्यम तथा औद्योगिक उच्च व्यवसायिक ऋणको १२.५०%, वैदेशिक रोजगार ऋणको १२.५०%, कर्मचारी कल्याण ऋणको १२.५०%, कर्मचारी सापटी ऋणको १२.५०% र आवास ऋणको १२.५०% रहेको। | ४ | ६(क) | **ऋणहरुको वार्षिक ब्याज दर :** लघुउद्यम व्यवसायिक ऋणको १२.१५%, मध्यम तथा औद्योगिक उच्च व्यवसायिक ऋणको १२.१५%, वैदेशिक रोजगार ऋणको १२.१५%, कर्मचारी कल्याण ऋणको १२.१५%, कर्मचारी सापटी ऋणको १२.१५% र आवास ऋणको १२.१५% हुने व्यवस्था गरिएको छ। |
| ५ | ८(ञ) | संस्थाबाट सदस्यलाई ऋण प्रदान गर्दा स्थलगत निरीक्षण तथा मूल्याङ्कन वापत गर्नुपर्ने अवस्थामा लगानी गर्ने ऋण रकमको १ प्रतिशत वा रु.३००।- मा जुन कम हुन्छ, सो रकम शुल्क लिन सकिनेछ। उक्त शुल्कको रकम ऋणीले संस्थामा अग्रिम बुझाउनु पर्नेछ। | ५ | ८(ञ) | संस्थाबाट सदस्यलाई ऋण प्रदान गर्दा स्थलगत निरीक्षण तथा मूल्याङ्कन वापत गर्नुपर्ने अवस्थामा लगानी गर्ने ऋण रकमको १ प्रतिशत वा संस्थाको नियम अनुसार प्रदान गरिने दैनिक भ्रमण भत्तामा जुन कम हुन्छ, सो रकम शुल्क लिन सकिनेछ। उक्त शुल्कको रकम ऋणीले संस्थामा अग्रिम बुझाउनु पर्नेछ। |
| ५ | ९(घ) | ऋण जोखिम कोष व्यवस्थाका लागि गरिने ऋण वर्गिकरण र न्यूनतम नोक्सानी कोष व्यवस्थापन देहाय बमोजिम गरिनेछ।<br>१. असल ऋणको : १ देखि ५ प्रतिशतसम्म<br>२. शंकास्पद ऋणको : ३५ प्रतिशत<br>३. खराब ऋणको : १०० प्रतिशत | ५ | ९(घ) | ऋण जोखिम कोष व्यवस्थाका लागि गरिने ऋण वर्गिकरण र न्यूनतम नोक्सानी कोष व्यवस्थापन देहाय बमोजिम गरिनेछ।<br>१. असल ऋणको : १ प्रतिशत<br>२. कमसल ऋणको : २५ प्रतिशत<br>३. शंकास्पद ऋणको : ५० प्रतिशत<br>४. खराब ऋणको : १०० प्रतिशत |
| **लघुवित्त कार्यक्रम संचालन सम्बन्धी नीति २०६८** | | | | | |
| ३ | ६ | **बचतहरुको वार्षिक ब्याज दर :** समूह बचतको ६%, व्यक्तिगत बचतको ४%, केन्द्रकोष बचतको ५%, उपकार बचतको ७%, आवास बचतको ६%, बाल बचतको ६%, विशेष (पर्व) बचतको ६%, कर्जा सरलीकृत दैनिक बचतको ५% र जेष्ठ नागरिक बचतको ६% रहेको। | ३ | ६ | **बचतहरुको वार्षिक ब्याज दर :** समूह बचतको ३.६०%, व्यक्तिगत बचतको २.८०%, केन्द्रकोष बचतको ३.६०%, उपकार बचतको ४%, आवास बचतको ३.६०%, बाल बचतको ३.६०%, विशेष (पर्व) बचतको ३.६०%, कर्जा सरलीकृत दैनिक बचतको ३.६०% र जेष्ठ नागरिक बचतको ५% हुने व्यवस्था गरिएको छ। |
| ४ | ९ | कूल ऋणको अन्तिम सीमा रु.६,००,०००।- हुने व्यवस्था भएको। | ४ | ९ | कूल ऋणको अन्तिम सीमा रु.५,५०,०००।- हुने व्यवस्था गरिएको छ। |
| ४ | १० | **ऋणहरुको वार्षिक ब्याज दर :** साधारण ऋणको १३.५०%, मौसमी ऋणको १३.५०%, आवास ऋणको १२.५०% र नविकरणीय उर्जा ऋणको १२.५०% रहेको। | ४ | १० | **ऋणहरुको वार्षिक ब्याज दर :** साधारण ऋणको १३.२०%, मौसमी ऋणको १३.२०%, आवास ऋणको १२.१५% र नविकरणीय उर्जा ऋणको १२.१५% हुने व्यवस्था गरिएको छ। |
| **कर्मचारी दरबन्दी तथा सेवा, सुविधा सम्बन्धी नीति २०५९** | | | | | |
| ४ | ७(क) | नियुक्ति मितिले १ वर्ष सेवा गरेका करार र ज्यालादारी बाहेकका स्वीकृत दरबन्दी भित्रका कर्मचारीहरूलाई उनीहरूको मासिक तलब भुक्तानी गर्दा निजको तलब तथा ग्रेड रकममा १० प्रतिशत रकम संस्थाबाट थप गरी सोही दरमा कर्मचारीको तलबबाट कट्टी गरी हितकोष जम्मा गरिनेछ। | ४ | ७(क) | संस्थामा सेवा गरेका करार र ज्यालादारी बाहेकका स्वीकृत दरबन्दी भित्रका कर्मचारीहरुले हितकोष बचत (१० प्रतिशत कर्मचारीबाट र १० प्रतिशत संस्थाले थप गरी) जम्मा गर्दै आइरहेकोमा अब उप्रान्त सामाजिक सुरक्षा कोषको नियम अनुसार बचत रकम जम्मा गरिनेछ। साथै उमेर हदका कारणले सामाजिक सुरक्षा कोषमा संलग्न नहुने कर्मचारीहरुको हकमा निजहरुको बचत रकम कर्मचारी सञ्चय कोष वा नागरिक लगानी कोषमा कर्मचारीको स्वेच्छाले जम्मा गर्ने व्यवस्था मिलाइनेछ। |

# संस्थाको बचत तथा ऋण र लघुवित्त कार्यक्रमतर्फ बचतमा प्रदान गरिने ब्याज दर र ऋणमा लिने ब्याज दर तथा सेवा शुल्क सम्बन्धी विवरण

## बचतमा प्रदान गरिने ब्याज दर :

| क्र.सं. | बचतको शिर्षक | ब्याज दर | कैफियत |
|---|---|---|---|
| (क) बचत तथा ऋण कार्यक्रमतर्फ : | | | |
| १ | अनिवार्य मासिक बचत | ३.६० | |
| २ | नियमित दैनिक बचत | ३.१० | |
| ३ | बाल बचत | ३.६० | |
| ४ | स्वेच्छिक बचत | २.८० | |
| ५ | आवधिक बचत (मुद्धति) | ५ | |
| ६ | कर्मचारी हितकोष बचत | ५ | |
| ७ | सदस्य समृद्धि बचत | १४ | |
| ८ | जेष्ठ नागरिक बचत | ५ | |
| ९ | आवाश बचत | ३.६० | |
| (ख) लघुवित्त कार्यक्रमतर्फ : | | | |
| १ | समूह बचत | ३.६० | |
| २ | व्यक्तिगत बचत | २.८० | |
| ३ | केन्द्रकोष बचत | ३.६० | |
| ४ | उपकार बचत | ४ | |
| ५ | शिक्षा पेन्सन बचत | १४ | |
| ६ | आवाश बचत | ३.६० | |
| ७ | ऋण सरलीकृत दैनिक बचत | ३.६० | |
| ८ | बाल बचत | ३.६० | |
| ९ | विशेष (पर्व) बचत | ३.६० | |

## ऋणमा लिने ब्याज दर तथा सेवा शुल्क :

| क्र.सं. | ऋणको शिर्षक | ब्याज दर | सेवा शुल्क |
|---|---|---|---|
| (क) बचत तथा ऋण कार्यक्रमतर्फ : | | | |
| १ | सदस्य जमानत ऋण | १२ | सदस्य जमानत ऋण, उच्च व्यवसायिक ऋण र कर्मचारी कल्याण ऋणमा ०.७५ र अन्य ऋणमा ऋण लिदाको समयमा १ प्रतिशत। |
| २ | लघुउद्यम व्यवसायिक ऋण | १२.१५ | |
| ३ | उत्पादनमूलक कृषि तथा पशुपंक्षी पालन ऋण | १२ | |
| ४ | मध्ययम/उच्च व्यवसायिक ऋण | १२.१५ | |
| ५ | वैदेशिक रोजगार ऋण | १२.१५ | |
| ६ | आवधिक स्वधन ऋण | पाउनेमा ३% थप | |
| ७ | कर्मचारी कल्याण ऋण | १२.१५ | |
| ८ | कर्मचारी सापटी ऋण | १२.१५ | |
| ९ | सदस्य पुनःउत्थान ऋण | १२ | |
| १० | आवाश ऋण | १२.१५ | |
| ११ | पशुपालन तथा तरकारी खेती ऋण | ७ | |
| (ख) लघुवित्त कार्यक्रमतर्फ : | | | |
| १ | साधारण ऋण | १३.२० | सदस्यलाई प्रदान गर्ने ऋणमा ऋण लिदाको समयमा १ प्रतिशत। |
| २ | मौसमी ऋण | १३.२० | |
| ३ | केन्द्रकोष (आकस्मिक) ऋण | १२ | |
| ४ | आवाश ऋण | १२.१५ | |
| ५ | नविकरणीय उर्जा ऋण | १२.१५ | |
| ६ | दुग्ध व्यवसाय प्रवर्द्धन ऋण | ७ | |
| ७ | सदस्य पुनःउत्थान ऋण | १२ | |
| ८ | पशुपालन तथा तरकारी खेती ऋण | ७ | |
| ९ | उद्यम प्रवर्द्धन ऋण | ९.८० | |

# संचालक समितिको तर्फबाट प्रस्तुत बजेट मन्तव्य



**- हिरा बुढा मगर**
*कोषाध्यक्ष, BASUCOL*

***आदरणीय शेयर सदस्य साथीहरु,***

यस वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को २४ औं वार्षिक साधारणसभाको पावन अवसरमा संस्था सञ्चालक समिति, लेखा समिति, सल्लाहकार तथा विभिन्न उपसमितिका साथीहरु, शेयर सदस्य मित्रहरु, संस्थाको लघुवित्त समूहमा संलग्न महिला दिदीबहिनीहरु, संस्थामा संलग्न कर्मचारी तथा संस्थाका समस्त शुभेच्छुक महानुभावहरुमा हाम्रो सहकारीमय न्यानो अभिवादन व्यक्त गर्न चाहन्छौं ।

**सदस्य साथीहरु,**

हालको अवस्थासम्म आईपुग्दा विभिन्न चुनौती तथा अवसरहरुलाई आत्मसाथ गर्दै संस्था अगाडी बढिरहेको छ । यस वर्ष पनि प्रत्येक वर्ष झैं सदस्य तथा समुदाय हितलाई मध्यनजर गर्दै संस्थाले संचालन गर्ने सेवा क्रियाकलापको लागि आवश्यक पर्ने बजेट तयार पारी सम्मानित साधारण सभाबाट स्वीकृति लिई कार्यक्रमहरु संचालन गर्न गइरहेका छौं । विशेषगरी संस्थाका सचिवज्यूबाट गत आ.व. २०८२/०८३ को संस्थाको व्यवस्थापकीय तथा आर्थिक सामाजिक सेवाका गतिविधिको समीक्षा गर्दै चालु आ.व. २०८३/०८४ का लागि पूर्व स्वीकृतिमा संशोधन र आगामी आ.व. २०८४/०८५ का लागि प्रस्तावित कार्यक्रमहरु यहाँहरु समक्ष प्रस्तुत भईसकेको छ । सचिव ज्यूबाट प्रस्तुत कार्यक्रमहरुमा संस्थाबाट खर्च भएका र हुने रकमहरु अर्थात् संस्थाले संचालन गरेको र गर्ने आर्थिक क्रियाकलापहरुको लागि आवश्यक पर्ने बजेट तयार पारी संचालक समितिको निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागि यहाँ प्रस्तुत गरिएको छ ।

**शेयर सदस्य मित्रहरु,**

स्थापना कालदेखि नै संस्थाको आर्थिक क्रियाकलापलाई पारदर्शी र विधिसम्मत बनाउन संस्थाले आर्थिक प्रशासनिक नियमावली तयार पारी कार्यान्वयनमा ल्याएको छ । हाल संस्थाको आर्थिक क्रियाकलापहरुको अभिलेख पारदर्शी तवरको दोहोरो लेखा प्रणालीमा आधारित खाता तथा अभिलेखहरु कम्प्यूटर सफ्टवेयर प्रविधिको प्रयोग गरी हर-हिसाब राख्ने गरिएको छ । राखिएका हिसाबहरुको नियमित रुपमा आन्तरिक लेखापरीक्षण पनि गर्ने गरिएको छ । प्रत्येक आर्थिक वर्षको अन्तमा आर्थिक क्रियाकलापहरुलाई कानुनी रुप दिन चार्टर्ड एकाउन्टेन्ट्सबाट वार्षिक लेखापरिक्षण सम्पन्न गराई लेखापरिक्षकबाट प्राप्त सुझाव र प्रतिवेदनको आधारमा संस्थाको आर्थिक, सामाजिक क्रियाकलापको प्रभाव विश्लेषण समेत गर्ने प्रचलन रहीआएको ब्यहोरा अवगत नै छ । यसरी आर्थिक विश्लेषण भइसकेपछि सोही आधारमा आगामी वर्षका लागि कार्यक्रम तथा बजेट तर्जुमा गर्ने गरिएको ब्यहोरा यहाँहरुलाई अवगत गराउन चाहन्छौं ।

**सदस्य महानुभावहरु,**

यस संस्थाको **'सहकारी व्यवसायमूखी स्वस्थ, सुन्दर, स्वालम्बी एवं सहयोगी सहकारी समाज निर्माण गर्ने'** परिकल्पना पुरा गर्न संस्थाका सदस्य तथा समुदायबासीहरुमा रहेको आर्थिक विपन्नतालाई न्यूनिकरण गरी सदस्यहरुलाई मानसिक, सामाजिक, आर्थिक, शैक्षिक आवश्यकता पुरा गर्ने अभियानमा संलग्न हुन संस्थाको आ.व. २०८२/०८३ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र उपलब्धीहरुको विस्तृत विवरण यस प्रतिवेदनको **अनुसूची ३ मा** समावेश गरिएकोले सोही अनुसूचीबाट विस्तृत जानकारी प्राप्त गर्न अनुरोध गर्दै सोको सारसंक्षेप मात्र यहाँ प्रस्तुत गर्न चाहन्छौं ।

जस अन्तर्गत उक्त आ.व. २०८२/०८३ को जम्मा स्वीकृति रकम रू.७,९०,५९,३९,२१०.१६ मा सो आ.व.को उपलब्धी तथा प्रगति रकम रू.५,८२,७२,०९,२२०.६१ को कारोबार हुँदा स्वीकृति र यथार्थको तुलनाबाट लक्ष्यको आधारमा ७३.७१ प्रतिशत प्रगति भएको देखिन्छ । संस्थाको उल्लेखित कारोबारबाट उक्त आ.व.मा रू.४,७२,०५,४४९.४७ बचत भएको देखिन्छ । बचत भएको सो रकमलाई नियमानुसारको करकट्टी पछि सहकारी ऐन नियमअनुसार बिभिन्न कोषमा बाँडफाँड गरिएको छ । प्राप्त शुद्ध मुनाफाको आधारमा उक्त आ.व. २०८२/०८३ को अन्तमा कायम रहेका शेयर कित्ता संख्या ३०४०३२० लाई समान दरमा लाभांश वितरण गर्दा प्रतिकित्ता ५ प्रतिशतका दरले लाभांश प्रदान गरिने प्रस्ताव गरिएको छ । त्यस्तै संरक्षित पूँजी फिर्ताका सम्बन्धमा हाल संस्थाको वित्तीय अवस्थालाई मध्यनजर गर्दै संस्थाको जगेडा

कोषमा वा घाटापूर्ति कोषमा रकमान्तर गर्न उपयुक्त हुने देखिएकाले सोही अनुसारको स्वीकृतिका लागि प्रस्ताव गरिएको छ। त्यसैगरी सदस्यलाई आकस्मिक रुपमा लाग्न सक्ने प्राणघातक रोगहरु (क्यान्सर, गम्भिर खालको हृदयघात, दुवै मृगौला फेल भई डाइग्लोसिस गर्नुपर्ने र महिला सदस्यहरुको पाठेघरको अप्रेसन समेतमा) को उपचारमा सघाउ पुग्नेगरी सदस्यले पाउने उल्लेखित शेयर लाभांसको रकमको ०.५ प्रतिशत र संरक्षित पूँजी फिर्ता कोषको विनियोजित रकमको १० प्रतिशत रकम कट्टा गरी सदस्य कल्याण तथा राहत कोषमा जम्मा गरी बिरामीको औषधी उपचार गर्दा लाग्ने खर्चलाई मध्यनजर गरी बढीमा रु.१५,०००।- सम्म सोही कोषबाट आर्थिक सहयोग प्रदान गरिने कार्यलाई निरन्तरता दिइएको ब्यहोरा अनुरोध छ । त्यस्तै सदस्यहरुले संचालन गरेको व्यवसायमा केही कारणले असर पर्न गई समस्यामा परेका सदस्यहरुको आवश्यकतालाई मध्यनजर गर्दै सदस्य पुनःउत्थान ऋण र ऋणको पुनर्तालिकीकरण गर्ने व्यवस्थालाई समेत निरन्तरता दिइएको ब्यहोरा जानकारी गराईन्छ ।

*शेयर सदस्य मित्रहरू,*

अब चालु आ.व. २०८३/०८४ को लागि गत स्वीकृति तथा सोमा आवश्यकता अनुसार संशोधन गरी चालु आ.व.का लागि प्रस्तावित संक्षिप्त बजेट विवरण समेत यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छौं । जसको विस्तृत विवरण समेत **अनुसूची ४ मा** समावेश गरिएकाले सो सम्बन्धमा विस्तृत समिक्षा नगरी संक्षेपमा मात्र जानकारी गराउन चाहन्छौं । जस अन्तर्गत चालु आ.व. २०८३/०८४ को लागि गत स्वीकृत जम्मा रकम रू.९,५९,७५,७४,२१०.१६ रहेकोमा हालको वित्तीय अवस्थाको विश्लेषण गर्दै चालु वर्षको लागि पूर्व स्वीकृत बजेटमा संशोधन थप घट गर्दा रू.२,४९,९३,२१,८०५.७३ **घटाई चालु आ.व.को लागि रू.७,०९,८२,५२,४०४.४३ को आम्दानी र खर्चको संशोधित बजेट अनुमान** प्रस्ताव पेश गरिएको छ ।

*शेयर सदस्य महानुभावहरू,*

त्यसैगरी अब आगामी आ.व. २०८४/०८५ का लागि **अनुसूची ४ मा** नै समावेश गरिएको प्रस्तावित बजेटको संक्षिप्त विवरण समेत यहाँ पेश गर्न चाहन्छौं । उक्त **आगामी आ.व. २०८४/०८५ का लागि उल्लेखित विवरण अनुसारको कारोबार संचालन गर्न रू.८,०४,१४,७२,४०४.४३ को प्रस्तावित बजेट** स्वीकृतिका लागि पेश गरिएको ब्यहोरा सम्मानित शेयर सदस्य ज्यूहरुलाई जानकारी गराईन्छ ।

*सहकारी साथीहरू,*

यहाँ पेश गरिएको आगामी आ.व. २०८४/०८५ को प्रस्तावित बजेट विनियोजन गर्दा सचिव ज्यूबाट पेश भएको वार्षिक कार्यक्रमहरुलाई अझ समयानुकूल, यथार्थपरक र सदस्य सेवामुखी बनाउन आवश्यक पर्ने शिर्षकहरुमा संस्थाको आर्थिक स्थितिको सूचकांकको आधारमा आवश्यक पर्ने बजेट समावेश गरी विनियोजन गरिएको छ । सदस्य तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि, संस्थाको दिगोपना, कर्मचारी, संचालक तथा सदस्यहरूको तलव भत्ता, पारिश्रमिक तथा बैठक भत्तालाई समय सापेक्ष तुल्याई प्रतिस्पर्धात्मक बजारमा संस्थाको गुणस्तरीय सेवालाई खरो रुपमा उतार्नका लागि तलव भत्ता सुविधामा प्रयाप्त मात्रामा आवश्यक बजेटहरुको व्यवस्था गरिएको छ । त्यसैगरी संस्थालाई डिजिलाइजेसन गर्न तथा संस्थाले संचालन गरेका एवं भविष्यमा संचालन गर्ने दुग्धशाला, खाद्य उद्योग, वातावरण एग्रो मार्ट, वातावरण कोशेली जस्ता कार्यक्रमहरुको आवश्यकतालाई समेत मध्यनजर गर्दै जग्गा तथा भवन, मेसिनरी औजार सामान तथा अन्य फर्निचर एवं सम्पत्ति सामानको लागि पनि विगत वर्षमा झैं प्रयाप्त मात्रामा आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

त्यसैगरी विगतदेखि नै नियमित रुपमा संचालन गरिदै आएका र संचालन हुने अन्य संस्थागत कार्यक्रमहरुलाई पनि प्रभावकारी रुपमा संचालन गर्नेगरी उच्च महत्व दिई आवश्यकता अनुसार विगतमा झैं प्रयाप्त मात्रामा बजेट प्रस्ताव गरिएको ब्यहोरा अनुरोध गरिन्छ ।

*शेयर सदस्य मित्रहरू,*

अन्तमा प्रस्तुत बजेटको पूर्ण भाग संस्थाको यसै **बार्षिक प्रतिवेदन पुस्तिकाको अनुसूचीहरु**बाट अझ विस्तृत जानकारी लिनुभई सो सम्बन्धमा संस्थाको २४ औं वार्षिक साधारण सभाको एकाई बैठकहरु तथा एकाई प्रतिनिधिहरुको सभाको बन्द सत्रहरुमा समेत छलफल, प्रश्नोत्तर समेत गरी अझ स्पष्ट हुनुहुन अनुरोध गर्दछौं । यो बजेट तथा कार्यक्रम निर्माण गर्न प्रत्यक्ष एवं अप्रत्यक्ष रुपले संलग्न हुनुहुने संस्था सञ्चालक समिति, लेखा समिति, अन्य विभिन्न उपसमितिका पदाधिकारी, सल्लाहकार, शेयर सदस्य, बजेट तथा कार्यक्रम मस्यौदा उपसमितिका सम्पूर्ण पदाधिकारी, कर्मचारी वर्ग तथा शुभेच्छुक समस्त महानुभावहरुमा समेत हार्दिक धन्यवाद दिन चाहन्छौं ।

*जय सहकारी !*

अनुसूची- ३

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

*वीरेन्द्रनगर-८, सुर्खेतको*

## आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट र उपलब्धी

| आम्दानी तर्फ | | | | खर्च तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| शिर्षक | स्वीकृति (रु.) | उपलब्धी (रु.) | उपलब्धी (%) | शिर्षक | स्वीकृति (रु.) | उपलब्धी (रु.) | उपलब्धी (%) |
| **जम्मा सम्पत्ति तथा दायित्व** | **७२६०६९४२१०.१६** | **५४१२२१४७६२.६०** | **७४.५४** | **जम्मा सम्पत्ति तथा दायित्व** | **६८१७०००००००.००** | **४७९०१८२८०७.६४** | **७०.२७** |
| अल्या नगद मौज्दात | १०९७३१.८० | १०९७३१.८० | १०० | शेयर फिर्ता | १६५०००००.०० | १०८११८००.०० | ६५.५३ |
| अल्या बैंक मौज्दात | ६११०८४४७८.३६ | ६११०८४४७८.३६ | १०० | विभिन्न कोष खर्च | ५९५०००००.०० | ३४९४३४८४.८९ | ५८.७३ |
| शेयर पुंजि प्राप्त | ३६००००००.०० | २८१०६१००.०० | ७८.०७ | विभिन्न निक्षेप फिर्ता | ७६५००००००.०० | ८७२३४८९३७.४२ | ११४.०३ |
| विभिन्न कोष प्राप्त | ५००००००.०० | ८१०३१२८.७७ | १६२.०६ | लिएको ऋण फिर्ता | १९५००००००.०० | ४०४७१२३८.३५ | २०.७५ |
| विभिन्न निक्षेप प्राप्त | १०५००००००००.०० | १०००३८५०६०.३१ | ९५.२७ | ब्याज मुलतवी हिसाब | १०००००००.०० | १०८४१२६८.६९ | १०८.४१ |
| ऋण प्राप्त | १५००००००००.०० | ०.०६ | ० | भुक्तानि दिनुपर्ने दिएको | ११०००००००००.०० | ८३१२३६७१२.७६ | ७५.५७ |
| मुलतवी ब्याज प्राप्त | १०००००००.०० | १२०४४०३३.८० | १२०.४४ | अन्य दायित्व फिर्ता | ७००००००.०० | १४२३६४८.०० | २०.३४ |
| शाखागत ऋण प्राप्त (शाखाले) | २७५००००००.०० | ११५८८४०३०.२२ | ४२.१४ | शाखागत ऋण फिर्ता (शाखाले) | २८७५०००००.०० | १४१३०१२९२.१६ | ४९.१५ |
| शाखागत ऋण असुली (शाखाबाट) | २८७५०००००.०० | १४१३०१२९२.१६ | ४९.१५ | शाखागत ऋण लगानी (केन्द्रले) | २७५००००००.०० | ११५८८४०३०.२२ | ४२.१४ |
| भुक्तानी दिनुपर्ने प्राप्त | १००००००००००.०० | ८६८४३२४४८.८७ | ८६.८४ | व्यवसायिक लगानी | १०००००००.०० | १४००००००.०० | १४० |
| अन्य दायित्व प्राप्त | २८००००००.०० | ३८७५०८१३.०० | १३८.४० | सदस्यहरुलाई ऋण लगानी | २२०५००००००.०० | १४१६४४१०००.०० | ६४.२४ |
| ऋण असुली | २००००००००००.०० | १२९६४८८१२६.०० | ६४.८२ | ब्याज मु./पाउनुपर्ने गएको | १८५५००००००.०० | १२८८२१५६५६.३२ | ६९.४५ |
| पाउनुपर्ने/ब्याज मुलतवी प्राप्त | १८०००००००००.०० | १२७८३७५५०९.५३ | ७१.०२ | घर, जग्गा हिसाब | १५५००००००.०० | ०.०० | ० |
| अन्य सम्पत्ति सामान खर्च/मिनाह | ३५०००००.०० | १५१४०२७.०० | ४३.२६ | मेसिनरी/फर्निचर/सवारी साधन | १२००००००.०० | १०८०४३१२.७१ | ९०.०४ |
| जग्गा भवन, फर्निचर सम्पत्ति ह्रास | ४५०००००.०० | ११६३५९८२.७२ | २५८.५८ | अन्य सम्पत्ति सामान खरिद | ४००००००.०० | १४५९४२६.१२ | ३६.४९ |
| **जम्मा आम्दानी** | **६४५२४५०००.००** | **४१४९९४४५८.०१** | **६४.३२** | **जम्मा खर्च** | **५७६८८००००.००** | **३६७७८९००८.५४** | **६३.७५** |
| प्रवेश शुल्क प्राप्त | २२५०००.०० | १०९४५०.०० | ४८.६४ | तलव भत्ता/परामर्श खर्च | १०२५०००००.०० | ६७९७०७०५.०० | ६६.३१ |
| ऋणवाट ब्याज हर्जाना प्राप्त | ४०५००००००.०० | २५९११७२६३.०० | ६३.९८ | दैनिक भ्रमण भत्ता खर्च | १८५००००.०० | १००८९२४.०० | ५४.५४ |
| बैंकबाट ब्याज प्राप्त | १२५०००००.०० | ४४०६५५२.८७ | ३५.२५ | बैठक भत्ता खर्च | १०५००००.०० | ६३४१३०.०० | ६०.३९ |
| लगानीबाट प्राप्त प्रतिफल | १५०००००.०० | ०.०० | ० | विद्युत र पानी खर्च | १०५००००.०० | ८६७४९१.७९ | ८२.६२ |
| विलम्व शुल्क प्राप्त | ३५०००.०० | १७०८०.०० | ४८.८० | मसलन्द/छपाई खर्च | ४००००००.०० | २३९३१५३.२२ | ५९.८३ |
| सेवा शुल्क प्राप्त | २२०५००००.०० | १३०६८२७०.०० | ५९.२७ | मर्मत खर्च | २२५००००.०० | ११२११७१.०० | ४९.८३ |
| फाइल शुल्क प्राप्त | १०५०००.०० | ४२९००.०० | ४०.८६ | पत्रपत्रिका/सूचना संचार/सफ्टवेयर खर्च | २३०००००.०० | ७८०९६२.२५ | ३३.९५ |
| पासवुक शुल्क | ३२००००.०० | २१३२००.०० | ६६.६३ | निक्षेपमा ब्याज खर्च | १९३००००००.०० | १२९७९२०५९.९४ | ६७.२५ |
| रेमिटान्स/रिचार्जको कमिशन प्राप्त | २०५००००.०० | ९९७५५१.५७ | ४८.६६ | इन्धन, यातायात, ढुवानी खर्च | १६९००००.०० | ९११३१४.०० | ५३.९२ |
| म्यादअघि फिर्ता शुल्क | १०५०००.०० | ७१४७८.०० | ६८.०७ | ह्रास कट्टी खर्च | ४०५००००.०० | २६८३५९५.६८ | ६६.२६ |
| खाताबन्दी शुल्क | १३५०००.०० | ७७४००.०० | ५७.३३ | लेखापरीक्षण पारिश्रमिक तथा अन्य खर्च | ६०००००.०० | ५६५०००.०० | ९४.१७ |
| अध्ययन अवलोकन/प्रतिलिपी शुल्क | ३५०००.०० | ०.०० | ० | प्रो., राहत, प्रिमियम खर्च | १००००००.०० | १९९३४२.०० | १९.९३ |
| गाडीबाट प्राप्त आम्दानी | २५००००.०० | ११३५००.०० | ४५.४० | ऋण शुल्क खर्च | १५०००००.०० | ०.०० | ० |
| शाखागत ब्याज प्राप्त | ४४५००००००.०० | १२६८०७२९.०० | २८.५० | ऋण जोखिम खर्च | २५००००००.०० | १९६४५९६१.७३ | ७८.५८ |
| शाखागत आम्दानी | ७८५००००००.०० | ५४१०६१२२.३१ | ६८.९२ | ऋणमा ब्याज खर्च | २७००००००.०० | २००५१०४.८९ | ७.४३ |
| कार्यक्रमहरुबाट प्राप्त बचत | ०.०० | ४०८९७२९.७१ | १०० | दुग्धजन्य पदार्थ खरिद | ६७००००००.०० | ५३११६५८८.६० | ७९.२८ |
| दुध तथा दुग्धजन्य पदार्थबाट आम्दानी | ७६५०००००.०० | ६१६३१०६५.६७ | ८०.५६ | विविध व्यवस्थापन खर्च | २०००००.०० | १८०००.०० | ९ |
| व्यापारिक छुट प्राप्त | ८५०००.०० | ०.०० | ० | तालिम, गोष्ठी, सभा खर्च | १००००००.०० | २०८०८८.०० | २०.८१ |
| प्रशासनिक अनुदान प्राप्त | ५०००००.०० | ०.०० | ० | ब्याज छुट खर्च | २०००००.०० | ६७४४६.०० | ३३.७२ |
| खाद्यवस्तु विक्रीबाट आम्दानी | ०.०० | २५७७२९४.०० | १०० | कर्मचारी सुविधा कोष तथा दिगो व्यवस्थापन खर्च | ३००००००.०० | ३६२४४२०.०० | १२०.८१ |
| स्थगन कर हिसाब आम्दानी | ०.०० | ९०८६१९.०० | १०० | साधारणसभा खर्च | ६०५००००.०० | २२७३२६०.०० | ३७.५७ |
| अन्य आम्दानी | ८५००००.०० | ७६६२५२.८८ | ९०.१५ | घरभाडा खर्च | ४३०००००.०० | ३१६५३२६.०९ | ७३.६१ |
| | | | | आर्थिक सहायता खर्च | ३०००००.०० | ०.०० | ० |
| | | | | अतिथि सत्कार तथा चियापान खर्च | ७०००००.०० | २०८७७४.०० | २९.८२ |
| | | | | सुखनचुहन/नष्ट भएको दुध खर्च | ११५०००.०० | ४९०४.०० | ४.२६ |
| | | | | व्यापारिक छुट खर्च | ४५०००.०० | ०.०० | ० |
| | | | | विमा प्रिमियम खर्च | ६८००००.०० | ३२६९९६.०० | ४८.०९ |
| | | | | प्रशासनिक अनुदान खर्च | ५०००००.०० | ०.०० | ० |
| | | | | गाडी खर्च | २०००००.०० | ०.०० | ० |
| | | | | विक्रीका खाद्य वस्तु खरिद खर्च | ०.०० | २३६८३७३ | १०० |
| | | | | शाखागत ऋणको ब्याज खर्च | ४४५००००००.०० | १२६८०७२९.०० | २८.५० |
| | | | | केन्द्रीय कार्यालय खर्च (शाखाहरुबाट) | ७८५००००००.०० | ५४१०६१२२.३१ | ६८.९२ |
| | | | | केन्द्रीय कार्यालय खर्च (कार्यक्रमहरुबाट) | ०.०० | ४०८९७२९.७१ | १०० |
| | | | | विविध खर्च | ७५००००.०० | ९५१३३६.३३ | १२६.८४ |
| | | | | **बैंक/नगद मौज्दात** | **५१२०५९२१०.१६** | **६६९२३७४०४.४३** | **१३०.७०** |
| | | | | नगद मौज्दात | १०००००.०० | २२३९३५.०० | २२३.९४ |
| | | | | बैंक मौज्दात | ५११९५९२१०.१६ | ६६९०१३४६९.४३ | १३०.६८ |
| **कूल जम्मा** | **७९०५९३९२१०.१६** | **५८२७२०९२२०.६१** | **७३.७१** | **कूल जम्मा** | **७९०५९३९२१०.१६** | **५८२७२०९२२०.६१** | **७३.७१** |

**नोट :**

१) आ.व. २०८२/०८३ को कूल कारोबार रकम स्वीकृत लक्ष्यको आधारमा ७३.७१ प्रतिशतले उपलब्धी भएको छ ।

२) गत आ.व. २०८२/०८३ मा वित्तीय तथा गैर वत्तीय खर्चहरु कटाउँदा करयोग्य बचत रु.४,७२,०५,४४९।४७ रहेको छ ।

अनुसूची- ४

# वातावरण सुधार बहुउद्धेश्यीय सहकारी संस्था लि. (BASUCOL)

*वीरेन्द्रनगर-८, सुर्खेतको*

## चालु आ.व. २०८३/०८४ को स्वीकृतिमा आवश्यक संशोधन प्रस्ताव र आगामी आ.व. २०८४/०८५ को लागि प्रस्तावित बजेट (आम्दानीतर्फ)

| शिर्षक | चालु आ.व. २०८३/०८४ को लागि गत स्वीकृति | चालु आ.व.को लागि संशोधन | | चालु आ.व. २०८३/०८४ मा जम्मा स्वीकृत लक्ष्य | आगामी आ.व. २०८४/०८५ का लागि प्रस्तावित लक्ष्य |
|---|---|---|---|---|---|
| | | थप (+) | घट (–) | | |
| **जम्मा सम्पत्ति तथा दायित्व** | **८७९७३५९२१०.१६** | **१७३१७८१९४.२७** | **२४५०५०००००.००** | **६५२००३७४०४.४३** | **७३६३६५२४०४.४३** |
| अल्या नगद मौज्दात | १०००००.०० | १२३९३५.०० | ०.०० | २२३९३५.०० | १०००००.०० |
| अल्या बैंक मौज्दात | ५११९५९२१०.१६ | १५७०५४२५९.२७ | ०.०० | ६६९०१३४६९.४३ | ५५७६२७४०४.४३ |
| शेयर पुंजि प्राप्त | ४५००००००.०० | ०.०० | ५००००००.०० | ४००००००००.०० | ४६००००००.०० |
| विभिन्न कोष प्राप्त | ६००००००.०० | ०.०० | ०.०० | ६००००००.०० | ६९०००००.०० |
| विभिन्न निक्षेप प्राप्त | १३०००००००००.०० | ०.०० | १९००००००००.०० | १११००००००००.०० | १३५००००००००.०० |
| ऋण प्राप्त | २०००००००००.०० | ०.०० | १५००००००००.०० | ५००००००००.०० | ५००००००००.०० |
| मुलतबी ब्याज प्राप्त | १२५००००००.०० | ०.०० | ०.०० | १२५००००००.०० | १४००००००००.०० |
| शाखागत ऋण प्राप्त (शाखाले) | ३०५००००००००.०० | ०.०० | १३५५००००००.०० | १६९५००००००.०० | १९५००००००००.०० |
| शाखागत ऋण असुली (शाखाबाट) | २९७५००००००.०० | ०.०० | १४५०००००००.०० | १५२५००००००.०० | १८००००००००.०० |
| भुक्तानी दिनुपर्ने प्राप्त | १३५००००००००.०० | ०.०० | ३५००००००००.०० | १००००००००००.०० | ११५००००००००.०० |
| अन्य दायित्व/जि.शु./अनुदान | ३५००००००.०० | १००००००००.०० | ०.०० | ४५००००००.०० | ४७५०००००.०० |
| ऋण असुली | २५००००००००००.०० | ०.०० | ८५००००००००.०० | १६५००००००००.०० | १८५००००००००.०० |
| पाउनुपर्ने/ब्याज मुलतवी प्राप्त | २२२५००००००.०० | ०.०० | ६२५००००००.०० | १६००००००००.०० | १९००००००००.०० |
| अन्य सम्पत्ति सामान खर्च/मिनाह | ४२७५०००.०० | ०.०० | ०.०० | ४२७५०००.०० | ४५२५०००.०० |
| जग्गा भवन, फर्निचर सम्पत्ति ह्रास | ५०२५०००.०० | ६००००००.०० | ०.०० | ११०२५०००.०० | १२००००००.०० |
| **जम्मा आम्दानी** | **८००२१५०००.००** | **२३००००००.००** | **२४५००००००.००** | **५७८२१५०००.००** | **६७७८२००००.००** |
| प्रवेश शुल्क प्राप्त | २५००००.०० | ०.०० | ०.०० | २५००००.०० | २७५०००.०० |
| ऋणबाट ब्याज हर्जाना प्राप्त | ५०५००००००.०० | ०.०० | १५००००००००.०० | ३५५००००००.०० | ४०८००००००.०० |
| बैंकबाट ब्याज प्राप्त | १५५०००००.०० | ०.०० | १००००००००.०० | ५५०००००.०० | ६००००००.०० |
| लगानीबाट प्राप्त प्रतिफल | १८०००००.०० | ०.०० | ०.०० | १८०००००.०० | २००००००.०० |
| विलम्व शुल्क प्राप्त | ४००००.०० | ०.०० | ०.०० | ४००००.०० | ४००००.०० |
| सेवा शुल्क प्राप्त | २७५०००००.०० | ०.०० | ५००००००.०० | २२५०००००.०० | २७५०००००.०० |
| फाइल शुल्क प्राप्त | ११५०००.०० | ०.०० | ०.०० | ११५०००.०० | ११५०००.०० |
| पासवुक शुल्क | ४०००००.०० | ०.०० | ०.०० | ४०००००.०० | ४५००००.०० |
| रेमिटान्स/रिचार्जको कमिशन प्राप्त | २५०००००.०० | ०.०० | ०.०० | २५०००००.०० | २८०००००.०० |
| म्यादअघि फिर्ता शुल्क | ११५०००.०० | ०.०० | ०.०० | ११५०००.०० | ११५०००.०० |
| खाताबन्दी शुल्क | १४५०००.०० | ०.०० | ०.०० | १४५०००.०० | १५००००.०० |
| अध्ययन अवलोकन/प्रतिलिपी शुल्क | ४००००.०० | ०.०० | ०.०० | ४००००.०० | ४००००.०० |
| गाडीबाट प्राप्त आम्दानी | २७५०००.०० | ०.०० | ०.०० | २७५०००.०० | ३०००००.०० |
| शाखागत ब्याज प्राप्त | ५५००००००.०० | ०.०० | ३५००००००.०० | २००००००००.०० | २३००००००.०० |
| शाखागत आम्दानी | ९५००००००.०० | ०.०० | २५००००००.०० | ७००००००००.०० | ८५००००००.०० |
| कार्यक्रमहरुबाट प्राप्त बचत | ०.०० | ५००००००.०० | ०.०० | ५००००००.०० | ५५०००००.०० |
| दुध तथा दुग्धजन्य पदार्थबाट आम्दानी | ९५००००००.०० | ०.०० | २००००००००.०० | ७५००००००.०० | ९२५०००००.०० |
| व्यापारिक छुट प्राप्त | ८५०००.०० | ०.०० | ०.०० | ८५०००.०० | ८५०००.०० |
| प्रशासनिक अनुदान प्राप्त | ५०००००.०० | ०.०० | ०.०० | ५०००००.०० | ५०००००.०० |
| खाद्यवस्तु विक्रीबाट आम्दानी | ०.०० | १८००००००.०० | ०.०० | १८००००००.०० | २२५०००००.०० |
| अन्य आम्दानी | ९५००००.०० | ०.०० | ०.०० | ९५००००.०० | ९५००००.०० |
| **कूल जम्मा** | **९५९७५७४२१०.१६** | **१९६१७८१९४.२७** | **२६९५५०००००.००** | **७०९८२५२४०४.४३** | **८०४१४७२४०४.४३** |

**नोट :**

१) चालु आ.व. २०८३/०८४ मा जम्मा कारोबार रु.७,०९,८२,५२,४०४।४३ र आगामी आ.व. २०८४/०८५ मा जम्मा रु.८,०४,१४,७२,४०४।४३ को कारोबारो हुने अनुमान गरिएको छ। जुन कारोबार अघिल्लो आ.व.को तुलनामा चालु. आ.व.मा २१.८१ प्रतिशतले र आगामी आ.व.मा १३.२९ प्रतिशतले वृद्धि हुनेछ।

२) चालु आ.व. २०८३/०८४ मा रु.५,९९,४०,०००।- मोटामोटी बचत रहने संशोधित अनुमान छ।

३) आगामी आ.व. २०८४/०८५ मा रु.६,५३,७०,०००।- मोटामोटी बचत रहने प्रस्तावित अनुमान छ।

# चालु आ.व. २०८३/०८४ को स्वीकृतिमा आवश्यक संशोधन प्रस्ताव र आगामी आ.व. २०८४/०८५ को लागि प्रस्तावित बजेट (खर्चतर्फ)

| शिर्षक | चालु आ.व. २०८३/०८४ को लागि गत स्वीकृति | चालु आ.व.को लागि संशोधन | | चालु आ.व. २०८३/०८४ मा जम्मा स्वीकृत लक्ष्य | आगामी आ.व. २०८४/०८५ का लागि प्रस्तावित लक्ष्य |
|---|---|---|---|---|---|
| | | थप (+) | घट (–) | | |
| **जम्मा सम्पत्ति तथा दायित्व** | **८४६५७५००००.००** | **१८००००००.००** | **२४६१५०००००.००** | **६०२२२५००००.००** | **६९४७५०००००.००** |
| शेयर फिर्ता | १८५०००००.०० | ०.०० | ३५०००००.०० | १५००००००.०० | १७५०००००.०० |
| विभिन्न कोष खर्च | ६३५०००००.०० | ०.०० | २००००००००.०० | ४३५०००००.०० | ५३५०००००.०० |
| विभिन्न निक्षेप फिर्ता | ९४५००००००.०० | ०.०० | ०.०० | ९४५००००००.०० | ११५००००००००.०० |
| लिएको ऋण फिर्ता | २३५००००००.०० | ०.०० | २०७५०००००.०० | २७५०००००.०० | ३१५०००००.०० |
| ब्याज मुलतवी हिसाब | १२५०००००.०० | ०.०० | ०.०० | १२५०००००.०० | १४००००००.०० |
| भुक्तानि दिनुपर्ने दिएको | १५०७५०००००.०० | ०.०० | ४५००००००००.०० | १०५७५०००००.०० | १२०७५०००००.०० |
| अन्य दायित्व/जि.सु. फिर्ता | ८७५००००.०० | ०.०० | ०.०० | ८७५००००.०० | ११५०००००.०० |
| शाखागत ऋण फिर्ता (शाखाले) | २९७५०००००.०० | ०.०० | १४५००००००.०० | १५२५०००००.०० | १८००००००००.०० |
| शाखागत ऋण लगानी (केन्द्रले) | ३०५००००००.०० | ०.०० | १३५५०००००.०० | १६९५०००००.०० | १९५००००००.०० |
| व्यवसायिक लगानी | २५०००००.०० | १२५०००००.०० | ०.०० | १५००००००.०० | १२५०००००.०० |
| सदस्यहरुलाई ऋण लगानी | २७५००००००००.०० | ०.०० | ९०००००००००.०० | १८५००००००००.०० | २१००००००००००.०० |
| ब्याज मु./पाउनुपर्ने गएको | २३००००००००००.०० | ०.०० | ६००००००००००.०० | १७०००००००००.०० | १९५००००००००.०० |
| घर, जग्गा हिसाब | ५५०००००.०० | ०.०० | ०.०० | ५५०००००.०० | ६५०००००.०० |
| मेसिनरी/फर्निचर/सवारी साधन | ९५०००००.०० | ५५०००००.०० | ०.०० | १५००००००.०० | १२५०००००.०० |
| अन्य सम्पत्ति सामान खरिद | ५००००००.०० | ०.०० | ०.०० | ५००००००.०० | ५५०००००.०० |
| **जम्मा खर्च** | **७१६३२५०००.००** | **१९००००००.००** | **२१७०५००००.००** | **५१८२७५०००.००** | **६१२४५००००.००** |
| तलव सुविधा खर्च | १३७५०००००.०० | ०.०० | ३५००००००.०० | १०२५०००००.०० | १३१५०००००.०० |
| दैनिक भ्रमण भत्ता खर्च | २२५००००.०० | ०.०० | ०.०० | २२५००००.०० | २५५००००.०० |
| बैठक भत्ता खर्च | ११५००००.०० | ०.०० | ०.०० | ११५००००.०० | १३५००००.०० |
| विद्युत र पानी खर्च | ११५००००.०० | ०.०० | ०.०० | ११५००००.०० | १३५००००.०० |
| मसलन्द/छपाई खर्च | ५००००००.०० | ०.०० | ०.०० | ५००००००.०० | ५५०००००.०० |
| मर्मत खर्च | २५५००००.०० | ०.०० | ०.०० | २५५००००.०० | २७५००००.०० |
| पत्रपत्रिका/सूचना संचार/सफ्टवेयर खर्च | २५०००००.०० | ०.०० | ०.०० | २५०००००.०० | २७०००००.०० |
| निक्षेपमा ब्याज खर्च | २४५००००००.०० | ०.०० | ७७५०००००.०० | १६७५०००००.०० | १९५००००००.०० |
| इन्धन/यातायात/ढुवानी खर्च | २०५००००.०० | ०.०० | ०.०० | २०५००००.०० | २२५००००.०० |
| ह्रास कट्टी खर्च | ४५५००००.०० | ०.०० | ०.०० | ४५५००००.०० | ५०५००००.०० |
| लेखापरीक्षण पारिश्रमिक तथा अन्य खर्च | ६५००००.०० | ०.०० | ०.०० | ६५००००.०० | ६७५०००.०० |
| प्रो., राहत, प्रिमियम खर्च | १००००००.०० | ०.०० | ०.०० | १००००००.०० | ११०००००.०० |
| ऋण शुल्क खर्च | २००००००.०० | ०.०० | १५०००००.०० | ५०००००.०० | ५०००००.०० |
| ऋण जोखिम खर्च | २७५०००००.०० | ०.०० | ०.०० | २७५०००००.०० | २८५०००००.०० |
| ऋणमा ब्याज खर्च | २७५०००००.०० | ०.०० | २२५०००००.०० | ५००००००.०० | ५००००००.०० |
| दुग्धजन्य पदार्थ खरिद | ८२५०००००.०० | ०.०० | २००००००००.०० | ६२५०००००.०० | ७२५०००००.०० |
| विविध व्यवस्थापन खर्च | २५००००.०० | ०.०० | ०.०० | २५००००.०० | २५००००.०० |
| तालिम, गोष्ठी, सभा खर्च | १२५००००.०० | ०.०० | ०.०० | १२५००००.०० | १३५००००.०० |
| ब्याज छुट खर्च | २५००००.०० | ०.०० | ०.०० | २५००००.०० | २५००००.०० |
| कर्मचारी सुविधा कोष तथा दिगो व्यवस्थापन | ३५५००००.०० | ०.०० | ०.०० | ३५५००००.०० | ४०५००००.०० |
| साधारणसभा खर्च | ७५०००००.०० | ०.०० | ०.०० | ७५०००००.०० | ८५०००००.०० |
| घरभाडा खर्च | ५०५००००.०० | ०.०० | ०.०० | ५०५००००.०० | ५५५००००.०० |
| आर्थिक सहायता खर्च | ३५००००.०० | ०.०० | ३५००००.०० | ०.०० | ०.०० |
| अतिथि सत्कार तथा चियापान खर्च | ८०००००.०० | ०.०० | ०.०० | ८०००००.०० | ८५००००.०० |
| सुखनचुहन/नष्ट भएको दुध खर्च | १२५०००.०० | ०.०० | ०.०० | १२५०००.०० | १२५०००.०० |
| व्यापारिक छुट खर्च | ५००००.०० | ०.०० | ०.०० | ५००००.०० | ५००००.०० |
| विमा प्रिमियम खर्च | ७५००००.०० | ०.०० | ०.०० | ७५००००.०० | ७५००००.०० |
| प्रशासनिक अनुदान खर्च | ५०००००.०० | ०.०० | ०.०० | ५०००००.०० | ५०००००.०० |
| गाडी खर्च | २०००००.०० | ०.०० | २०००००.०० | ०.०० | ०.०० |
| विक्रीका खाद्य वस्तु खरिद खर्च | ०.०० | १४००००००.०० | ०.०० | १४००००००.०० | १७५०००००.०० |
| शाखागत ऋणको ब्याज खर्च | ५५००००००.०० | ०.०० | ३५००००००.०० | २०००००००.०० | २३००००००.०० |
| केन्द्रीय कार्यालय खर्च (शाखाहरुबाट) | ९५००००००.०० | ०.०० | २५००००००.०० | ७०००००००.०० | ८५००००००.०० |
| केन्द्रीय कार्यालय खर्च (कार्यक्रमहरुबाट) | ०.०० | ५००००००.०० | ०.०० | ५००००००.०० | ५५०००००.०० |
| विविध खर्च | ८५००००.०० | ०.०० | ०.०० | ८५००००.०० | ९५००००.०० |
| **बैंक/नगद मौज्दात** | **४१५४९९२१०.१६** | **१४२२२८१९४.२७** | **०.००** | **५५७७२७४०४.४३** | **४८१५२२४०४.४३** |
| नगद मौज्दात | १०००००.०० | ०.०० | ०.०० | १०००००.०० | १०००००.०० |
| बैंक मौज्दात | ४१५३९९२१०.१६ | १४२२२८१९४.२७ | ०.०० | ५५७६२७४०४.४३ | ४८१४२२४०४.४३ |
| **कूल जम्मा** | **९५९७५७४२१०.१६** | **१७९२२८१९४.२७** | **२६७८५५००००.००** | **७०९८२५२४०४.४३** | **८०४१४७२४०४.४३** |

# २४औं वार्षिक साधारणसभामा लेखा समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८२/०८३

**श्रीमान् अध्यक्ष ज्यू,**

आदरणीय शेयर सदस्य ज्यूहरु,

एवं, संचालक समिति, विभिन्न उपसमितिका पदाधिकारी, सदस्य, कर्मचारी तथा समपूर्ण शुभेच्छुक महानुभावहरुमा लेखा समितिको तर्फबाट सहकारीमय हार्दिक अभिवादन व्यक्त गर्दछौं ।

*शेयर सदस्य महानुभावहरु,*

संस्थाको विनियममा भएको व्यवस्था तथा यस समितिलाई दिइएको जिम्मेवारी अनुसार आ.व. २०८२/०८३ को गतिविधिहरुको आन्तरिक लेखापरीक्षण समेत गरी लेखा समितिको जिम्मेवारीलाई मध्यनजर गर्दै समितिको कर्तव्य एवं अधिकार भित्र रही इमान्दारिताका साथ जिम्मेवारी निर्वाह गरी आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन तयार पारिएको छ ।

संस्थाले गरेका निर्णयलाई स्पष्ट, खुल्ला, पारदर्शी, वस्तुपरक, वस्तुनिस्ठ, विश्वसनीय बनाउन नितान्त आवश्यक हुन्छ । वर्तमान समयमा सहकारी संस्थामा बचत तथा ऋणको कारोबारोमा उतारचढाव आइरहेको देखिन्छ । लघुवित्त कार्यक्रमतर्फ पनि सदस्यहरुमा भाखा नाघ्ने दर बृद्धि हुँदै गएको देखिन्छ । रोजगारी सिर्जना हुन नसक्दा सदस्यहरुको आम्दानी पनि घट्दो क्रममा रहेको छ। सदस्यहरुले लिएको ऋण उचित क्षेत्रमा लगानी गरेको देखिदैन। सदस्यहरु देखासिकी र सुविधाभोगीमा लागेको देखिन्छ। त्यसको प्रत्यक्ष असर ऋण असुलीमा परिरहेको छ। अतः संस्थाहरुले ऋण लगानी गर्दा सदस्यहरुको आम्दानी र खर्चको विश्लेषण गरेर मात्र ऋण लगानी गर्नुपर्ने अवस्था देखिन्छ। यसको लागि कर्मचारीहरुलाई वित्तीय विश्लेषण, ऋण विश्लेषण लगायतका क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरुको आयोजना निरन्तर गर्नुपर्ने हुन्छ। सदस्यलाई व्यवसायिक सँगसँगै व्यवहारिक बन्न समेत उत्प्रेरित गर्नुपर्ने अहिलेको आवश्यकता हो। कुनैपनि क्षेत्रमा लगानी मात्र ठूलो कुरा होइन, त्यसबाट प्राप्त हुने प्रतिफल महत्वपूर्ण हुन्छ। त्यसैले सदस्यहरुलाई पूर्ण रोजगारी सहित व्यवसायिक एवं उद्यमशील बन्न उत्प्रेरित गरी आर्थिक गतिविधिमा संलग्न गराउन सके मात्र सदस्यहरुको जीवनस्तर पनि माथि उठ्न सक्नेछ भन्ने यस समितिको विश्वास रहेको छ ।

कर्णाली प्रदेशकै एक उत्कृष्ट सहकारी संस्थाका रुपमा पहिचान बनाएको यो संस्था सहकारी सिद्धान्त र मूल्य मान्यता अनुरुप आफ्ना सेवाहरु सदस्यमैत्री बनाउँदै अगाडि बढेको छ । लेखा कारोबारोको हिसाब प्रचलित दोहोरो लेखा प्रणाली अर्न्तगत आधुनिक प्रविधि तथा सफ्टवेयरको माध्ययमबाट प्रष्टसँग राखिएको छ। समग्र रुपमा व्यवस्थापनले राखेको आर्थिक अभिलेख र हर हिसाब एवं आँकडाहरु भरपर्दा छन्। अतः यस समितिले संस्थाको आ.व. २०८२/०८३ को सम्पूर्ण वित्तीय क्षेत्र, संचालन, व्यवस्थापन तथा सम्पतिको निरीक्षण गर्दा देखिएका कुराहरु समावेश गरी देहाय बमोजिमको प्रतिवेदन बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

**१. समितिको बैठक सम्बन्धी व्यवस्था :**

संस्थाको संचालक समिति, लेखा समिति र संस्थाको विनियमले व्यवस्था गरेअनुरुप गठित अन्य उपसमितिहरुको बैठक नियमित रुपमा बसेको देखिन्छ। संचालक समितिको बैठक संस्थाको महत्वपूर्ण विषयमा निर्णय लिनुपर्ने अवस्था लगायत मासिक रुपमा अनिवार्य बसेको देखिन्छ भने लेखा समितिको बैठक चौमासिक रुपमा र अन्य उपसमितिहरुको बैठक उपसमितिको कार्य योजना अनुरुप बसेको देखिन्छ ।

**२. विगतमा दिइएका सुझाव कार्यान्वयनको अवस्था :**

संस्थाको वार्षिक साधारणसभाबाट प्राप्त सुझाव अनुरुप संस्थाले आफ्नो मार्ग निर्धारण गरी संस्थाको वार्षिक रुपमा लक्ष्य प्राप्तीका लागि लेखा समिति तथा अन्य उपसमिति मार्फत प्राप्त सुझावलाई निरन्तर कार्यान्वयन गर्दै आएको देखिन्छ । सो लगायत सुझाव कार्यान्वयनको अवस्था निम्न अनुसार उल्लेख गरिएको छ ।

क) संस्थाको २३ औं वार्षिक साधारणसभाबाट स्वीकृत कार्यक्रम नियमित रुपमा संचालन भई संस्थाको लक्ष्य अनुसारको प्रगति सन्तोषजनक रहेको देखिन्छ ।

ख) साधारणसभाको निणर्य पूर्ण पालना भएको देखिन्छ ।

ग) स्वीकृत कार्यक्रम अनुसार केही मात्र कार्यक्रमहरु संचालन हुन बाँकी देखिन्छन् ।

घ) आन्तरिक तथा वार्षिक लेखापरीक्षणबाट प्राप्त सुझाव पूर्ण रुपमा कार्यान्वयन भएको देखिन्छ ।

ङ) नियामक निकायबाट प्राप्त निर्देशन निरन्तर कार्यान्वयन भएको देखिन्छ ।

**३. अघिल्लो आ.व. र प्रतिवेदन पेश गरिएको आ.व.को तुलनात्मक आर्थिक विवरण :**

संस्थाले वार्षिक रुपमा आफ्नो लक्ष्य प्राप्तीका लागि आवश्यक कार्यक्रम तथा बजेट निर्धारण गरी काम गर्ने गरेको देखिन्छ। संस्थाले निर्धारण गरेको विगत २ आर्थिक वर्षको आर्थिक विवरणलाई संक्षेपमा निम्न अनुसार देखाइएको छ।

| क्र.सं. | शिर्षक विवरण | आ.व.२०८१/०८२ को आर्थिक विवरण | आ.व.२०८२/०८३ को आर्थिक विवरण | कैफियत |
|---|---|---|---|---|
| **पूँजी तथा दायित्व तर्फ** | | **२७५२३९०५९१.२१** | **२९६५२८२९०२.००** | |
| १ | शेयर पूँजी | २८६७३७७०० | ३०४०३२००० | |
| २ | अनिवार्य कोषहरु | २४२०४३९०४.०२ | २५५३६१४१४.२२ | |
| ३ | लिएको ऋण | ४८५४१६५३.२९ | ८०७०४१५ | |
| ४ | बचत हिसाब | १७८५१७८५६५.३० | १९१८०३५४०४.३२ | |
| ५ | चालू दायित्व | १५३४२५०३१.४२ | २१९०३७०२६.४४ | |
| ६ | अन्य दायित्व | ६२१३५८९६.९१ | ६६७७२८४०.०२ | |
| ७ | कर्जा जोखिम व्यवस्था | १७४३२७८४०.२७ | १९३९७३८०२ | |
| **सम्पत्ति तथा जायजेथा तर्फ** | | **२७५२३९०५९१.२१** | **२९६५२८२९०२.००** | |
| १ | नगद मौज्दात | १०९७३१.८० | २२३९३५ | |
| २ | बैंक मौज्दात | ६११०८४४७८.३६ | ६६९०१३४६९.४३ | |
| ३ | मौज्दात, धरौटी तथा पाउनुपर्ने | ४१४८२२३५.३१ | ४४४७४९१९.१५ | |
| ४ | कर्जा लगानी | २०६२६२६५०६ | २१८२५७९३८० | |
| ५ | लगानी | ४३२५२०० | २२३९०५१५.८१ | |
| ६ | स्थिर सम्पत्ति | ३२७६२४३९.७४ | ४६६००६८२.६१ | |

**४. मुख्य-मुख्य आर्थिक उपलब्धी एवम् कारोबारका कमजोर पक्षहरू :**

संस्थाले निरन्तर रुपमा आफ्ना वित्तीय कारोबार अगाडि बढाई रहेको देखिन्छ। संस्थाले गर्ने समूह तथा धितो लगानीको व्यवसाय र दुग्ध व्यवसायले जनमानसमा संस्था प्रतिको सकारात्मक प्रभाव पारेको देखिन्छ। संस्थाले गर्ने व्यवसाय अर्न्तगत भएका नियमित एवम् नीतिगत वित्तीय कारोबारबाट अपेक्षित उपलब्धी हासिल गरेको देखिन्छ।

**५. सहकारी सिद्धान्तहरू, ऐन नियमहरू एवम् संस्थाको विनियमका व्यवस्थाहरूको पालनाको अवस्था :**

नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारले निर्माण गरेका सहकारी ऐन, नियमावली तथा मापदण्डहरुलाई पालना गर्दै संस्था अगाडि बढेको देखिन्छ। संस्थाले सहकारी विभाग तथा नियमनकारी निकायहरुको निर्देशन एवम् सुझावहरु समेत पालना गरेको देखिन्छ। संस्थाले आफ्नो कार्यालयको कामको मार्गदर्शक एवम् एकरुपताका लागि समेत नेपाल सरकारबाट पारित ऐन नियमावलीको अधिनमा रहि संस्थाको विनियम निर्माण गरी आफ्नो काम चुस्त दुरुस्त पार्दै आएको पनि देखिन्छ। त्यस्तै सम्पत्ति शुद्धिकरण निवारण निर्देशिकाको पूर्णरुपमा पालना गर्नको लागि संस्था प्रयासरत रहेको देखिन्छ भने कर्जा सूचना केन्द्रमा पनि संस्था आवद्ध भएको पाईयो।

**६. संस्थाको स्वीकृत बचत तथा ऋण नीति एवम् अन्य नीतिहरूको पालनाको अवस्था :**

नियामक निकायवाट जारी गरिएका सहकारी सम्बन्धी ऐन, नियमावली तथा निर्देशिकाहरुको आधारमा रहि संस्थाले आफ्ना छुट्टै बचत तथा ऋण नीतिका साथै अन्य नीतिहरु बनाई साधारण सभाबाट पारित गरि लागु गरेको पाईयो। जस अन्तर्गत रहेर संस्थाले आफ्ना बचत तथा ऋण लगायतका कार्यहरु संचालन गरिरहेको छ। साथै संस्थाले प्रदान गर्ने ऋणका सन्दर्भमा निम्न अनुसार रहेको देखिन्छ।

- क) संस्थाबाट गरिने ऋण लगानी प्रक्रिया संस्थाको नियमावली तथा ऋण नीति अनुरुप भए गरेको पाइयो।
- ख) ऋण लगानी पूर्व ऋणमाग गर्ने सदस्यको परियोजना, व्यवसाय, धितो निरीक्षण, घर भेटघाट, पारिवारिक सल्लाह लिने कार्य अधिकतम रुपमा गरिएको पाईयो।
- ग) ऋण लगानी गर्दा ऋण उपसमितिबाट स्वीकृत गराई लगानी गर्ने गरिएको पाईयो।
- घ) संस्थाले धितो तथा समुह सुरक्षणका आधारमा ऋण लगानी गर्ने गरिएको पाइयो।
- ङ) ऋण लगानी गरिएका कागजातहरु नियम अनुसार सुरक्षित राखिएको पाईयो।
- छ) संस्थाले ऋणको सीमाभित्र रही सदस्यको व्यवसाय, क्षमता र धितो सुरक्षण हेरेर लगानी गरिएको पाईयो।

**७. कर्मचारी व्यवस्थापनका सवल र दुर्वल पक्षहरू :**

संस्थाले संस्था सञ्चालन नियमावली अन्तर्गत कर्मचारी प्रशासन नियमावली निर्माण गरी लागु गरिएको छ। जसको आधारमा संस्थामा रहेका कर्मचारीहरुको न्यायोचित एवम् समतामूलक ढंगबाट व्यवस्थापन गर्दै आएको देखिन्छ। संस्थामा कार्यरत कर्मचारीहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि विभिन्न समयमा उनीहरुको कार्यशैली तथा क्षमतामा निखार ल्याउने हेतुले तालिम, गोष्ठी जस्ता कार्यक्रमहरुको संचालन गर्नुको साथै साझेदार संस्थाहरुले संचालन गर्ने तालिम, गोष्ठी, अन्तरक्रिया, वैदेशिक भ्रमण लगायतका कार्यक्रमहरुमा समेत सहभागी गराई दक्ष जनशक्ति निर्माणका कामहरु संस्थाले गर्दै आएको देखिन्छ ।

**८. संस्था संचालक समितिको कार्य प्रणाली र त्यसमा सुधार गर्नुपर्ने पक्षहरू :**

संस्था संचालक समितिले सहकारी ऐन, निमयावली, निर्देशिका र संस्थाको विनियममा उलल्लेख भएका काम, कर्तब्य र अधिकारको सीमा भित्र रहि संस्थाको उच्चतम हितमा काम गरेको पाईयो । नीति नियम मिचेर संचालक तथा अन्य उपसमितिले कुनै पनि काम नगरेको देखिन्छ। संस्थाको संचालक समितिले संस्थाको अभिभावकत्व ग्रहण गरी संस्था संचालन मूल नीति नियम निर्माण गरी न्यायोचित तवरले कानुनको पालना गरी आफ्नो काम अगाडि बढाईरहेको देखिन्छ ।

साथै हाल देखिएका विभिन्न चुनौतीहरुलाई मध्यनजर गर्दै संस्थाको कार्यक्षेत्रभित्र रहेका स्थानीय तहका जनप्रतिनिधिहरुसँग भेटघाट गरी संस्थागत सम्बन्ध विस्तार र सदस्यहरुलाई आफ्नो व्यवसाय तथा संस्थासँगको कारोबारो ढुक्कसँग संचालन गर्नका लागि समय समयमा भरोसा एवं प्रोत्साहन गर्न सुझाव समेत प्रदान गरिन्छ ।

**९. गत वर्ष सम्पन्न लेखा परीक्षणको गुणस्तर र सुधारका सुझावहरू :**

संस्थाले आफूले गर्ने सम्पूर्ण वित्तीय कारोबारोको त्रैमासिक रुपमा आन्तरीक तथा साधारणसभाको निर्णय अनुसार चालु आ.व.को चार्टर्ड एकाउन्टेन्टबाट वार्षिक लेखापरीक्षण गर्नेगराउने गरेको देखिन्छ। संस्थाले गर्ने वित्तीय कारोबारोको आन्तरिक लेखापरीक्षकबाट चेकजाँच गराई प्राप्त प्रतिवेदनका आधारमा कार्यकारी प्रवन्धक मार्फत लेखा समितिमा पेश गर्ने गरी तत् पश्चात लेखा समितिले देखिएका कैफियतको छड्के चेकजाँच गरी भएगरेका कारोबारमा सुझाव प्रदान गर्ने गरिएको छ ।

त्यस्तै संस्थाले सूचना प्रकाशित भएअनुसार पर्न आएका दरखास्तहरु मध्येबाट वार्षिक साधारणसभाले तोकेको व्यक्ति तथा फर्मबाट वार्षिक लेखापरीक्षणको काम गराउने गरिएको तथा प्राप्त सुझावको पूर्ण पालना गर्ने गरेको देखिन्छ। प्राप्त वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुसार संस्थाका हरेक हरहिसाबहरु चुस्तदुस्त हुनुका साथै प्रतिवेदन र आन्तरिक चेकजाँचको प्रक्रिया उच्च स्तरको रहेको देखिन्छ । आगामी दिनहरुमा पनि भएगरेका वित्तीय कारोबारोको गुणस्तरयुक्त चेकजाँचको व्यवस्थालाई चुस्तदुरुस्त राखि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई अझ बलियो बनाईराख्न कटिबद्ध रहन सुझाब प्रदान गरिन्छ ।

**१०. नियामक निकायले संस्थाको अनुगमन गर्दा देखिएका कैफियत, दिइएका सुझावको पालनाको अवस्था :**

संस्थाको नियमित रुपमा नियामक निकायहरुबाट अनुगमन तथा चेकजाँच भएको देखिन्छ। सहकारी विभाग, कर्णाली प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, आन्तरिक राजश्व कार्यालय, गुणस्तर नापतौल कार्यालय तथा संस्थाका ऋण प्रदायक एवम् साझेदार वित्तीय संस्थाहरुबाट संस्थाको वित्तीय कारोबारको नियमित अनुगमन गरी पृष्ठपोषण गर्ने गरेको देखिन्छ। हालसम्म संस्थाको अनुगमनबाट प्राप्त सुझावहरु पूर्ण कार्यान्वयनको अवस्थामा देखिन्छन् ।

**११. संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मूल्याङ्कन :**

संस्थाले गरेको विभिन्न कार्यक्रमहरु र सो सम्बन्धमा रहेको वित्तीय कारोबारोको अवस्था संस्थाको नीति नियमको परिधिभित्र समेटिएको छ। संस्थाले आफूले गर्ने हरेक काम सदस्यमैत्री देखिन्छ। सदस्यहरुको मनोभावना अनुरुप संस्थाले आफ्नो आर्थिक, सामाजिक, सांस्कृतिक एवम् नैतिक कार्यक्षेत्र बलियो बनाउँदै लगेको छ। संस्थाले आफ्नो लक्ष्यअनुरुप प्रयाप्त उपलब्धी हासिल गर्नुको साथै सदस्यहरुलाई वित्तीय सेवा प्रवाह गर्दै सदस्यहरुको जिवनस्तर उकास्ने काममा दत्तचित्त भई लागेको देखिन्छ।

साथै संस्थाले प्रचलित कानुन अनुसार आफ्नो उद्देश्य अनुरुप काम गरिरहेको पनि छ। संस्थाले हाल वित्तीय कारोबारो सँगसँगै दुग्धशाला, खाद्य उद्योग जस्ता अन्य व्यवसायिक कामलाई पनि अगाडि बढाएको छ। दक्ष जनशक्ति र यिनीहरुले गर्ने संस्थागत क्रियाकलापबाट नै संस्थाले यो उचाई प्राप्त गरेको देखिन्छ। तर यस किसिमका परियोजना संचालन गर्दा स्पष्ट कार्य योजना बनाई संचालन गर्नुपर्ने देखिन्छ। साथै हाल संस्थामा तरलता बढिरहेको देखिएकाले ऋण लगानीतर्फ पनि ध्यान दिन सुझाव प्रदान गरिन्छ।

अन्तमा, संस्थामा संस्था संचालन तथा लेखा सम्बन्धी क्षेत्रमा लामो अनुभव हाँसिल गर्नुभएका कर्मचारीहरु रहेको हुँदा संस्थाले अझै प्रगति गर्दै जाने अवस्था देखिन्छ। आगामी दिनमा पनि व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीमा स्वच्छ र पारदर्शिता कायम राखि सदस्यहरुलाई धेरै भन्दा धेरै सेवा प्रदान गरी सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक, व्यवसायिक विकास गर्न संस्था लागिरहने छ भन्ने विश्वास राख्दै यस लेखा समितिलाई सहयोग गर्नुहुने सबैमा पुनः धन्यवाद ज्ञापन गर्दछौं ।

जय सहकारी !

**प्रतिवेदक**

**संयोजक : तिलक खनाल**

**सदस्यहरु : भूमिसरा वि.सी. के.सी., डिल्लीराम आचार्य**

# २४औं वार्षिक साधारणसभामा ऋण लगानी तथा असुली उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८२/०८३

श्रीमान् अध्यक्ष ज्यू,
संस्थाका आदरणीय सम्पूर्ण शेयर सदस्य ज्यूहरु,
संचालक समिति, विभिन्न समिति/उपसमितिका पदाधिकारी, सदस्य एवं शुभेच्छुक महानुभावहरुमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को ऋण लगानी तथा असुली उपसमितिको तर्फबाट सहकारीमय न्यानो अभिवादन ।

*आदरणीय शेयर सदस्य महानुभावहरु,*

समुदायमा छरिएर रहेको श्रम, सीप, पूँजी र प्रविधिलाई एकत्रित गरी आपसमा मिलेर उद्यम वा व्यवसाय गर्ने विशिष्ट पद्धति नै सहकारी हो । सहकारीको सिद्धान्त र यसको मूल्य मान्यता अनुसार आफ्ना समान आर्थिक, सामाजिक एवम् सांस्कृतिक आवश्यक्ता र आकांक्षाहरुलाई संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रण अनुसार रहने गरी स्वेच्छिक रुपमा एकिकृत भएका व्यक्तिहरुको सदस्यता, पहुँच, सक्रियता यसको मेरूदण्ड हो। प्रचलित कानुन अनुसार सहकारीको मूल उद्देश्य आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक उत्थान गर्नु हो। नेपालको संविधानले सहकारी क्षेत्रलाई अर्थतन्त्रको तीन खम्बा मध्ये एक महत्वपूर्ण स्तम्भको रुपमा स्वीकार गरी सहकारीसँगै हातेमालो गरी आर्थिक उन्नतिका कार्यक्रम ल्याएको देखिन्छ ।

टोल, समाजमा रहेका सामान्य व्यक्तिदेखि सम्पूर्ण उद्यमी सदस्यको प्रयासलाई सार्थक बनाउन एवम् उनीहरुको जीवन उकास्न सहकारीको अहम् भूमिका रहेको छ । पूँजी मात्र नभई सहकारीमा श्रम, सीप र प्रविधिलाई समेत उजागर गर्दै समाजको विकासमा अघि बढेको देखिन्छ तथापि सदस्यहरुसँग भएको पूँजीलाई एकिकृत गरी सदस्यको आर्थिक उन्नतिका लागि सदस्यको आय आर्जन प्रक्रियामा गुणस्तरीय ऋण लगानी गरी असुली कार्यलाई प्रभावकारी बनाईएको छ। संस्थाले हालसम्म मुख्य रुपमा गर्दै आएको बचत तथा ऋणको कारोबार नै संस्थाको मुख्य आम्दानीको स्रोत रहेकाले यसलाई अझ समय सापेक्ष र बैज्ञानिक तरिकाले सुरक्षित बनाउदै अगाडि देखिएका चुनौतीहरुलाई सामुहिक रुपमा समाधान गरी संस्थालाई दरिलो बनाउँदै लगिएको छ। सहकारीहरुको मुख्य व्यवसाय नै सुरक्षित र भरपर्दो ऋण लगानी हो । ऋणलाई मुख्य व्यवसायिक आधार मानेर यसलाई सुरक्षित गर्ने जिम्मा सम्पूर्ण सदस्यको हो । ऋणलाई जोखिमरहित तरिकाले लगानी गर्न सकियो भने मात्र सदस्यहरुलाई वित्तीय सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्न सकिन्छ। ऋण लगानी तथा असुली उपसमितिका तर्फबाट प्रदान गरिने गुणस्तरीय एवं सदस्यमैत्री सेवा प्रवाहका लागि वित्तीय एवम् व्यवसायिक साक्षरता लगायतका आधारभूत विषयवस्तुलाई मूल मन्त्र बनाई संस्थाको नीति नियमको परिधिभित्र रहि आफ्नो भूमिका निर्वाह गर्दै आएका छौं ।

विगतका वर्षहरुमा देखिए जस्तै यस वर्ष पनि मौद्रीक तरलता बढी रहेको र हालको विश्वव्यापी अवस्थामा नेपाली अर्थव्यवस्थामा पनि यसको ऋणात्मक प्रभाव देखा परेको छ। पछिल्लो समयमा सदस्यहरुलाई सहकारी उद्यमशिलतामा जोडेर संस्था व्यवसायिक सफलताको बाटोमा अगाडि बढेको छ । खाद्य देखि तरकारी लगायतका सामाग्रीहरुको उच्च आयातको अवस्था, देशको समग्र शोधान्तर घाटाका कारण वित्तीय क्षेत्रमा परेको प्रभावले आन्तरिक आर्थिक गतिविधिहरुमा संकुचन आइरहेको छ। लगानी पश्च्यात प्राप्त उत्पादनको बजारीकरण नहुँदा समग्र क्षेत्रसँगै हाम्रा शेयर सदस्यहरु पनि यसको चपेटामा पर्दा हाम्रो संस्था पनि यसबाट अछुतो रहन सकेन । हाम्रा सदस्यहरुको उद्यमशीलतामा देखिएको न्यूनता पनि यसै प्रभावको कारण भएकाले सदस्यहरुलाई वित्तीय साक्षरताका कक्षाहरुका माध्यमबाट सचेतना जगाई अगाडी बढिरहेको छ ।

यस उपसमितिले ऋण लगानीका सन्दर्भमा ऋण मागकर्ता सदस्यको आचरण, ऋण फिर्ता गर्न सक्ने क्षमता, धितोको अवस्था, ऋणीको आर्थिक विश्लेषण, व्यवसायिक विश्लेषणका आधारमा र असुलीका सम्बन्धमा सहकारीद्वारा प्रवाह गरिएको ऋणलाइ वर्गिकरण गरी जोखिमयुक्त ऋणी स्वयम्लाई यस विषम परिस्थितिमा सचेत र आवश्यक सतर्कता अपनाउन सुझाव दिनुका साथै संस्थाको नीति, नियमको पालना गरी व्यवसायको बृद्धि र विकासमा ध्यान दिन सुझाव प्रदान गर्दै आएको छ। सदस्यबाट सञ्चालनमा रहेको व्यवसायको निरन्तर अनुगमन र सदस्य भेटघाटलाई यस उपसमितिले आफ्नो उच्च प्राथमिकतामा राखेको छ । यस आ.व.मा उच्च स्तरको बचत र मध्ययम स्तरको लगानीको अवस्था रहेको व्यहोरा यस प्रतिवेदन मार्फन जानकारी गराउन चाहन्छौं। देशव्यापी रुपमा लगानीमा देखिएको प्रभाव हाम्रो सहकारीमा पनि देखिन आई अधिकतम तरलताको अवस्था सृजना भएको व्यहोरा समेत यसै प्रतिवेदन मार्फत जानकारी गराउन चाहन्छौं। यस वर्ष संस्थाको लगानी गत आ.व.कै अनुसार स्थिर अवस्थामा रहेको छ। अतः यहाँ गत आ.व. २०८२/०८३ को अन्तमा लगानीमा रहेको ऋणको विवरण प्रस्तुत गर्न चाहन्छौं ।

| क्र.सं. | ऋणको किसिम | कार्यक्रमगत लगानीमा बाँकी ऋण रकम रु. | | |
|---|---|---|---|---|
| | | बचत तथा ऋणतर्फ | लघुवित्ततर्फ | जम्मा |
| १ | सदस्य जमानत/साधारण ऋण | २०१९८४२.०० | १३२४७६६१६६.०० | १३२६७८६००८.०० |
| २ | आवधिक बचत लगानी ऋण | २८८८९४७.०० | ० | २८८८९४७.०० |
| ३ | लघुउद्यम/व्यवसायिक ऋण | २१८७८७९८७.०० | ५७९८३५३२२.०० | ७९८६२३३०९.०० |
| ४ | कर्मचारी कल्याण ऋण | १२३३४५२१.०० | ० | १२३३४५२१.०० |
| ५ | पशुपालन तथा तरकारी खेती ऋण | ० | ४८३२९१७.०० | ४८३२९१७.०० |
| ६ | मौसमी ऋण | ० | २६६५६६४.०० | २६६५६६४.०० |
| ७ | केन्द्रकोष ऋण | ० | ३४४४८०१४.०० | ३४४४८०१४.०० |
| जम्मा बाँकी ऋण | | २३६०३१२९७.०० | १९४६५४८०८३.०० | २१८२५७९३८०.०० |

गत वर्षहरुमा देखिएको प्रभाव यस आ.व.मा पनि बल्झिदै गई लगानीमा सिथिलता, नियमित किस्ता भुक्तानीमा कमी आई व्याजमात्र तिर्ने सदस्यहरु थपिदै गएका छन् । उद्यमी, व्यवसायीहरुमा लगानीको वातावरण अझै पनि नबन्दा उच्च तरलता सृजना भई लाभांस वितरणमा समेत प्रभाव परेको देखिन्छ । व्यापार व्यवसायमा भएको मन्दी र सदस्यहरुको क्रय क्षमतामा परेको प्रभावका कारण यस वर्ष पनि ऋण असुलीमा प्रभाव पर्दा भाखा नाघेको ऋण बढिरहेको छ ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

संस्थालाई सदस्यमैत्री सेवा प्रवाहका साथै सक्षम र सबल बनाउँदै लैजानुपर्छ भन्ने मूल मर्मका साथ संस्थाका नीति तथा नियमहरुको अधिनमा रही ऋण लगानी एवं असुलीका सम्वन्धमा निम्नअनुसार कार्य गरेको ब्यहोरासमेत यस अवसरमा जानकारी गराउन चाहन्छौं ।

**१. ऋण लगानी तथा असुली सम्बन्धी अवस्था :**

- ऋण नीति २०५९ तथा त्यसमा भएको संशोधन अनुसारका प्रावधानहरु लागु गरिएको छ ।
- ऋण लगानी गर्दा सदस्यहरुबाट योजना प्रस्तावनामा उल्लेख गरिएको ब्यहोरा अनुसार धितो निरीक्षण, मूल्यांकन, पूर्व कारोवारोकर्ता भए व्यवहारिक मूल्यांकनका आधारमा रहि ऋण लगानी तथा असुली उपसमितिको निर्णय अनुसार गर्ने गरिएको छ ।
- ऋणी भेटघाट, ऋण सदुपयोगिता निरीक्षण, व्यवसायको निरीक्षण गरी ऋण भुक्तानी गराउने समेत गरिएको छ ।
- लघुवित्ततर्फ कर्जा विश्लेषण गरी प्राप्त रिपोर्टको सीमाभित्र रहि समूहको निर्णय पश्चात मात्र ऋण लगानी गरिएको छ ।
- ऋण लगानी पूर्व पारिवारिक प्रमाणिकरण, व्यवसायिक तस्बीर र ठूला व्यवसायको हकमा एकल परिवारको कुनै सदस्यको ३ महिनाको बैंकिङ रिपोर्ट (आय-व्यय) अनिवार्य गरिएको छ ।
- गत आ.व.मा ऋण लगानी तथा असुलीको अवस्था हेर्दा लगानी ६४.२४% र असुली ६४.८२% उपलब्धी हासिल भएको छ ।

**२. ऋण परिचालन तथा असुली उपसमितिको बैठक संख्या र यसका निर्णयको अवस्था :**

- गत आ.व. २०८२/०८३ मा यस उपसमितिको बैठक २१ पटक र सेवाकेन्द्रलाई अख्तियारी दिएबमोजिमको बैठक ११२६ गरी कूल ११४७ पटक बैठक संचालन भएको देखिन्छ ।
- सदस्यले ऋण माग गर्दा अपनाउने विधि र माग गर्दा पेश गर्ने कागजातहरु पुगनपुगको अवस्था हेरी प्रमाणिकरण गर्ने र आवश्यकता अनुसार परिमार्जन सहित ऋणको सुरक्षणको व्यवस्था मिलाउने गरिएको छ ।
- ऋणी सदस्यहरुको व्यवसाय अनुगमन गरी ऋण असुली सम्बन्धी नीति निर्माण र योजना बनाउने गरिएको छ ।
- यस उपसमिति अन्तर्गत बसेका बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएको देखिन्छ ।

**३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण र धितो अवस्था :**

- संस्थाबाट प्रवाह हुने ऋण लगानी संस्थाको ऋण नीति २०५९ (संशोधन समेत) अनुसार भएको ।
- संस्था नियमनकारी निकायबाट जारी ऐन, नियम, निर्देशिका तथा मापदण्डको अधिनमा रहि लगानी प्रवाह गरिएको ।
- ऋण लगानी पूर्व सदस्यको परियोजना तथा धितो निरीक्षण, व्यवसायको अवस्था, घर भेटघाट अनि पारिवारीक छलफल गर्ने गरिएको ।
- संस्थाको कार्यक्षेत्र भित्र रहेका संस्था सदस्यहरुको व्यवसायमा बृद्धि विकासका आधारमा ऋण कारोवार संचालन गरिएको ।

**४. आ.व. २०८२/०८३ को अन्तसम्ममा ऋण कारोबारको अवस्था :**

| क्र.सं. | बिवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | ऋणी संख्या | १२७६४ | |
| २ | ऋण लगानी रकम रु. | १८५२६२२७८४७.३१ | |
| ३ | ऋण असुली रकम रु. | १६३४३६४८४६७.३१ | |
| ४ | लगानीमा बाँकी ऋण रकम रु. | २१८२५७९३८० | |
| ५ | भाखा नाघेको ऋण रकम रु. | २७१२७६१९५.३३ | |
| ६ | असुली प्रतिशत | ८७.५७ | |
| ७ | ऋण जोखिम कोषमा रहेको रकम रु. | १९३९७३८०२ | |
| ८ | ऋण ताकेता तथा घर भेटघाट | ११८१ | |
| ९ | ऋण सदुपयोगिता तथा धितो निरीक्षण | १०५२७ | |

**५. ऋण परिचालन तथा असुली उपसमितिको तर्फबाट दिइएका सुझाव :**

- मालपोत कार्यालयबाट कायम गरिएको सरकारी दररेट अनुसार धितो मूल्यांकन गर्ने गरेतापनि ऋण उपसमितिले क्षेत्र अनुगमन गरेर कायम गरेको रकम मात्र ऋण लगानी गर्ने व्यवस्था गर्नुपर्ने ।
- ऋण रकमको न्यूनतम ३% शेयर खरिद गरेको हुनुपर्ने प्रावधानलाई अझ प्रभावकारी रुपमा निरन्तरता दिनुपर्ने ।
- ऋण भुक्तानी समस्यामा रहेका सदस्यहरुसँग नियमित सम्पर्क, समन्वय तथा अनुगमन गरी पृष्ठपोषण गर्नुपर्ने ।
- सदस्यहरुको आय व्यय विश्लेषण गरी पुनरभूक्तानीको अवस्था मापन गरेर मात्र लगानीको व्यवस्था गर्नुपर्ने ।
- रु.१० लाख भन्दा माथिको ऋण लगानीका सन्दर्भमा धितो मूल्यांकन रजिष्टर्ड फर्ममार्फत गरी लगानी गर्ने व्यवस्था मिलाउने ।
- ऋण माग गर्ने सदस्यको स्वतन्त्र तवरले नैतिक, सामाजिक, आर्थिक र भौगोलिक धितो पहिचान गरी पहाडी भेगमा रहेका जग्गाको मूल्यांकन गर्दा न्यूनतम दर राखेर मात्र लगानी गर्ने व्यवस्था गर्नुपर्ने ।

अन्तमा, हामीलाई सुम्पिएको जिम्मेवारीलाई बहन गर्दै ऋण लगानी तथा असुली उपसमितिका तर्फबाट प्रतिवेदन पेश गर्न पाउँदा हामीलाई खुशी लागेको छ । आगामी दिनमा अझ राम्रो गर्न यहाँहरुको सुझावको अपेक्षा सहित हामीलाई सहयोग गर्नुहुने शेयर सदस्य लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद प्रकट गर्दछौं ।

**जय सहकारी !** **प्रतिवेदक**

**संयोजक : प्रेमप्रसाद चालिसे**

**सदस्यहरु : वेदनिधि रेग्मी, ऋषि भट्टराई**

# २४औं वार्षिक साधारणसभामा शिक्षा तथा तालिम उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८२/०८३

**श्रीमान् अध्यक्ष ज्यू,**

आदरणीय शेयर सदस्य ज्यूहरु, संचालक समिति, सल्लाहकार, विभिन्न समिति/उपसमितिका पदाधिकारी, सदस्य, कर्मचारी एवं शुभेच्छुक महानुभावहरुमा यस संस्थाको शिक्षा तथा तालिम उपसमितिको तर्फबाट सहकारीमय हार्दिक अभिवादन ।

*आदरणीय शेयर सदस्य ज्यूहरु,*

सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरुलाई मध्यनजर गर्दै सदस्यहरुको सीप विकास तथा क्षमता अभिवृद्धिका लागि संस्थाहरुले तालिम तथा सहकारी शिक्षाका कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ । सो पक्षलाई सवल र प्रभावकारी बनाउन संस्था संचालक समितिले सहकारी ऐन, नियम तथा संस्था विनियम बमोजिम हामीलाई शिक्षा तथा तालिम उपसमितिको महत्वपूर्ण पदहरुमा मनोनयन गरेकोमा हामीले प्राप्त जिम्मेवारीलाई आत्मसात गर्दै आफ्ना गतिविधिहरु संचालन गरेका छौं । अतः यस उपसमितिबाट जिम्मेवारी बहन गर्ने क्रममा दक्षता र सीपले भ्याएसम्म गरिएका क्रियाकलापहरु सम्मानित वार्षिक साधारणसभा समक्ष प्रतिवेदनको रुपमा प्रस्तुत गरिएको ब्यहोरा अनुरोध छ ।

सहकारी संस्थाका सदस्यहरु, संचालक समिति र कर्मचारीहरुलाई आवश्यकता अनुसार सहकारीको ज्ञान, सीप, धारणा र संस्कारको विकास र संस्था तथा व्यवसाय प्रवर्द्धन र व्यवस्थापनमा रचनात्मक सोचको विकास गर्न तालिम, गोष्ठी, शिक्षा शिविर तथा अन्तरक्रिया जस्ता शैक्षिक क्रियाकलाप हुनु नितान्त आवश्यक हुन्छ । यस संस्थामा पनि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तालिम, गोष्ठी, अन्तरक्रिया जस्ता कार्यक्रमहरु संचालन हुँदै आएका छन् । अतः आ.व. २०८२/०८३ मा संस्थाले सम्पन्न गरेका यस उपसमितिको कार्यक्षेत्र भित्रका क्रियाकलापहरुको स्वीकृति लक्ष्य र उपलव्धी मूल कार्यक्रममा समावेश गरिएको हुँदा यहाँ संक्षेपमा मात्र प्रस्तुत गरी सदस्य महानुभावहरुमा सुसूचित गर्न यो प्रतिवेदन प्रस्तुत गरिएको ब्यहोरा हार्दिक अनुरोध छ ।

**१. गत साधारणसभाबाट स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनको अवस्था :**

- सदस्यहरुको सहजताका लागि आवश्यक नीति नियमहरु तयार तथा परिमार्जन गरी लागु गरिएको छ ।
- उत्कृष्ट उद्यमी तथा बचतकर्ता सदस्य पुरस्कार, सामाजिक सम्मान, छात्रवृत्ति जस्ता कार्यक्रमहरु सम्पन्न भएका छन् ।
- समन्वय एवं सम्पर्क भेला, पुनर्ताजगी तालिम, सदस्य सीप विकास तालिम लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन् ।
- सहकारी शिक्षा तथा सचेतना, सामुदायिक समन्वयात्मक गोष्ठी, वित्तीय साक्षरता जस्ता कार्यक्रमहरु संचालन गरिएको छ ।
- केन्द्र तथा सदस्य र सामुदायिक राहत सहयोग जस्ता कार्यक्रमहरु संचालन गरिएका छन् ।
- संचालक समिति तथा उप-समितिका वैठकहरु नियमित रुपमा संचालन भएका छन् ।
- यस संस्थाका साझेदार संघ संस्थाहरुबाट संचालन भएका तालिम, गोष्ठी, अन्तरक्रिया, अध्ययन अवलोकन जस्ता कार्यक्रमहरुमा संस्थाका संचालक तथा कर्मचारीहरुको आवश्यकता अनुसार सहभागिता रहेको छ ।
- अन्य स्वीकृत कार्यक्रमहरु संस्था स्थापना दिवस, सहकारी दिवस, श्रद्धाञ्जली एवं समवेदना, शुभकामना आदान प्रदान, विभिन्न दिवस उत्सव, सदस्य सम्मान कार्यक्रम जस्ता विभिन्न दिवस तथा कार्यक्रमहरु संचालन गरिएको छ ।
- वार्षिक कार्यक्रम प्रगतिलाई विश्लेषण गर्दा आ.व. २०८२/०८३ मा सन्तोषजनक रुपमा प्रगति हाँसिल गरिएको छ ।

**२. आगामी वर्षका लागि थप कार्यक्रम तथा सुझावहरु :**

- सम्पत्ति शुद्धिकरण तथा कोपोमिस प्रणालीमा आवद्ध हुन बाँकी रहेका सदस्यहरुलाई अविलम्व आवद्ध गर्ने र सदस्यहरुलाई एक सहकारी एक सदस्यताको अवधारणा लागु गर्न अझैपनि प्रभावकारी रुपमा सहजीकरण गर्नुपर्ने ।
- संस्थागत सन्देशमूलक कार्यक्रम तथा गतिविधिहरुको भिडियो क्लीप तयार गरी सदस्य तथा समुदायमा जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने ।
- सहकारी सहकारीबीच स्वस्थ प्रतिस्पर्धाका लागि अन्तरसहकारी अध्ययन अवलोकन, अन्तरक्रिया लगायतका कार्यक्रम राख्नुपर्ने ।
- सदस्यहरुलाई दुग्ध व्यवसाय, कृषि तथा तरकारी खेती, पशुपालन जस्ता व्यवसायमा आत्मनिर्भर हुन आवश्यक सहजीकरण तथा सहयोग गर्नुपर्ने ।
- उद्यमी सदस्यलाई व्यवसायिक योजना निर्माण एवं ऋण परिचालन सम्बन्धमा तालिम तथा गोष्ठीहरु नियमित संचालन गर्नुपर्ने ।
- संस्थाको सेवा प्रवाह तथा सहकारी जागरण सम्बन्धी संचालक तथा शेयर सदस्यहरुबीच गोष्ठीहरु संचालन गर्नुपर्ने ।
- सदस्य, संचालक तथा कर्मचारीहरुलाई कम्तीमा वर्षको १ पटक सकारात्मक सोच विकासका लागि तालिम संचालन गर्नुपर्ने ।
- सेवाकेन्द्र स्तरमा सेवा प्रवाह सुदृढिकरणका लागि सेवाग्राही र सरोकारवालाबीच अन्तरसंवाद कार्यक्रम संचालन गर्नुपर्ने ।
- संस्थाका सदस्य, संचालक तथा कर्मचारीहरुको बिचमा हुने मिलन कार्यक्रमलाई निरन्तरता दिनुपर्ने ।
- उप-समितिका पदाधिकारीहरुले वर्षमा १ पटक सबै सेवाकेन्द्रहरुको अनुगमन गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्ने ।

अन्तमा, संस्था प्रभावकारी रुपमा संचालन एवं दिगो विकासका लागि सदस्य सेवामा समर्पित रही शेयर सदस्यहरुमा अन्तरनिहीत सहकारी भावनाको उजागर एवं क्षमता अभिवृद्धि गरी संस्थाको सेवा क्षेत्रलाई अझ बढी सेवामूखि बनाउँदै सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्न सबैको निरन्तर सक्रिय भूमिका रहिरहने विश्वास व्यक्त गर्दछौं ।

जय सहकारी !

**प्रतिवेदक**

**संयोजक : ईमादेवी पोखेल**

**सदस्यहरु : बालकृष्ण खरेल, भिमबहादुर जि.सी.**

**सदस्य सचिव : अम्विका खनाल**

# २४औं वार्षिक साधारणसभामा दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८२/०८३

**श्रीमान् अध्यक्ष ज्यू,**

आदरणीय सदस्य ज्यूहरु, संचालक समिति, सल्लाहकार, विभिन्न उपसमितिका पदाधिकारी, कर्मचारी एवं शुभेच्छुक महानुभावहरुमा संस्थाको यस दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उपसमितिको तर्फबाट सहकारिमय न्यानो अभिवादन व्यक्त गर्दछौं ।

*आदरणीय शेयर सदस्य महानुभावहरु,*

संस्थाले कृषक, सदस्य तथा उपभोक्ताको आवश्यकतालाई मध्यनजर गर्दै दुग्ध क्षेत्रको दिगो विकास, कृषकहरुको आर्थिक समृद्धिलाई मध्यनजर गर्दै किसानहरुलाई उचित मूल्यमा दुधको ग्यारेन्टी बजार उपलब्ध गराउने, शहरी उपभोक्तालाई पाश्चराइज दुध तथा दुग्धजन्य पदार्थ आपूर्ति गर्ने, पाश्चराइज दुध तथा दुग्धजन्य पदार्थको बढ्दो माग पुरा गर्न, संगठित दुध संकलन प्रणालीको विकास गर्ने र संगठित बजारीकरण प्रणालीको विकास गर्ने उद्देश्यले वातावरण दुग्धशाला संचालनमा ल्याई दुग्धशालाले उत्पादनहरुको गुणस्तरमा सम्झौता नगरी इमानदारीताका साथ आफ्नो सेवा प्रदान गरिरहेको छ । वातावरण दुग्धशाला कृषकहरुको लागि आर्थिक विकासको बहुमुल्य सम्पत्ति हो । दुग्ध उद्योगलाई विकास र गरिबी न्यूनिकरणको महत्वपूर्ण औजारका रुपमा सरकारले मान्यता दिएको देखिन्छ । यस मान्तयलाई आत्मसाथ गर्दै वातावरण दुग्धशालाले शहरी उपभोक्ता र ग्रामीण दुग्ध उत्पादक बिचको खाडल घटाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

कृषि क्षेत्रमा किसानहरुले व्यवसायिक रुपमा नभएर जिविकोपार्जनको रुपमा कार्य गर्दै आइरहेका छन् । त्यसैले वातावरण दुग्धशालाले यस आ.व.मा दुध उत्पादनका लागि विशेषतः दुग्ध संकलन, प्रशोधन एवं उत्पादक कृषकहरुसँग अन्तरक्रिया, बैठक जस्ता कार्य गरेको छ । सुर्खेतमा युवा पिढीको निम्ति वातावरण दुग्धशाला एउटा आकर्षित औद्योगिक व्यवसायिक क्रियाकलापको रुपमा अघि आएको छ । दुग्धशालाले उपभोक्ता र कृषकबिच सुमधुर सम्बन्ध बनाउने लक्ष्य लिएको छ । सोही लक्ष्यलाई सार्थक बनाउनको लागि उपभोक्तालाई गुणस्तरीय दुध उपलब्ध गराउनुपर्ने भएकोले यस उपसमिति पनि निरन्तर रुपमा सक्रिय रहँदै कृषक तथा उपभोक्ताको हितमा कार्यहरु गर्दै आएको छ । आगामी दिनमा लक्ष्य अनुरुप काम सम्पन्न हुनेगरी क्रियाशिल हुने प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छौ । अतः संस्थाको २४ औं वार्षिक साधारणसभाको यस अवसरमा सदस्यज्यूहरु लगायत अन्य शुभेच्छुक महानुभावहरुमा दुग्धशालाबारे जानकारी गराउने उद्देश्यले उपसमितिको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र रही कार्य सम्पन्न गर्दा गराउँदा प्राप्त नजिता तथा विवरणहरुको सारसंक्षेप निम्नअनुसार प्रस्तुत गरेका छौ ।

**१. वातावरण दुग्धशालाको हालको अवस्था :**

- दुग्धशालाले २ वटा सहकारी, ७ संकलन केन्द्र र १३ वटा व्यक्तिगत फर्मबाट औषतमा दैनिक २१०० लिटर दुध खरिद गरिरहेको छ ।
- दुग्धशालामा हाल ३९ वटा विक्री केन्द्र तथा ५२५ भन्दा बढी व्यक्तिगत उपभोक्ता रहेका छन् ।
- दुग्धशालाबाट करिब ५१० भन्दा बढी कृषक लाभान्वित भएका छन् ।
- दुग्धशालाले खरिद गरेको दुधलाई आवश्यकता अनुसार दही, पनिर, खुवा, घ्यू, छुर्पी समेत बनाई बिक्रि गर्दै आइरहेको छ ।
- संकलित दुधलाई प्रशोधन गरी प्याकेजिङ्ग, लोगो तथा लेभल, उपभोग मिति समेत राखी बिक्रि वितरण गर्ने गरिएको छ ।
- दुग्धशालामा चिस्यान केन्द्र निर्माण गरी भण्डारण क्षमतालाई प्रभावकारी तथा व्यवस्थित गरिएको छ ।
- संकलन केन्द्रबाट प्राप्त दुधको गुणस्तर परिक्षण गरी सोही अनुसारको भुक्तानी गर्ने गरिएको छ ।
- दुध संकलन केन्द्रलाई कृषकले समयमै रकम पाउनेगरी प्रत्येक महिना रकम भुक्तानी दिने व्यवस्था गरिएको छ ।
- आ.व. २०८२/०८३ मा ६५४९६० लिटर दुध खरिद गर्दा समग्र रुपमा रु.१६,६१,९१,४९२।४७ को कारोबारो गरी करसहित रु.२१,७७,५२५।३१ मुनाफा भएको छ भने आ.व.को अन्तमा रु.१,४९,३०,४८०।०१ को वासलाता रहेको छ ।

**२. दुग्धशालाको आगामी योजनाहरु :**

- दैनिक औषतमा २५०० लिटरसम्म दुध खरिद विक्रि गर्ने लक्ष्य लिएको छ ।
- दही उत्पादनलाई व्यवस्थित गर्न हट रुमको व्यवस्था गरिने छ ।
- फुटकर भन्दा थोक विक्रेता/विक्रि केन्द्र थप गरी विक्रि वितरणको व्यवस्थापन अझ प्रभावकारी बनाईने छ ।
- गत आ.व.बाट शुरु गरिएको छुर्पी उत्पादनलाई यस वर्ष अझ व्यवस्थित गर्ने योजना रहेको छ ।
- संस्थाको आफ्नै दुग्ध संकलन केन्द्र स्थापना गर्ने कार्यको थालनी गरी गुणस्तरीय दुग्ध संकलनमा जोड दिइने छ ।
- कृषक तथा संकलन केन्द्रलाई गुणस्तरीय दुध संकलन गर्न क्षमता अभिबृद्धिको कार्यलाई निरन्तरता दिईने छ ।
- पशु आहारा व्यवस्थापनको लागि सहुलियतामा घाँसको बेर्ना तथा बिँउ बितरण गर्ने व्यवस्था मिलाईने छ ।

**३. सुझावहरु :**

- प्राविधिक तथा सरसफाईको दृष्टिकोणले उपयुक्त स्थानमा छुट्टै दुध प्रशोधन केन्द्रको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।
- दुधबाट दुग्धजन्य पदार्थहरु मिठाई, आइस्क्रीम जस्ता वस्तु तयार पारी विक्रि वितरण गर्ने व्यवस्था गर्नुपर्ने ।

अन्तमा, दुग्धशालालाई अझ प्रभावकारी किसिमले संचालन गर्न संचालक समति, विभिन्न उपसमितिका पदाधिकारी तथा सबै शेयर सदस्यको समेत महत्वपूर्ण भूमिका रहिरहने विश्वास गर्दै हामीलाई सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छौं ।

**जय सहकारी !**

**प्रतिवेदक**

**संयोजक : प्रेमप्रसाद चालिसे**

**सदस्य : दुर्गा खत्री गिरी** | **सदस्य : सूर्यप्रसाद भट्टराई**

**सदस्य : हिमप्रसाद गौतम** | **सदस्य सचिव : हरिप्रसाद चालिसे**

# २४औं वार्षिक साधारणसभामा कार्यक्रम विस्तार तथा रोजगार प्रवर्द्धन उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८२/०८३

**श्रीमान् अध्यक्ष ज्यू,**

आदरणीय शेयर सदस्य ज्यूहरु, संचालक समिति, सल्लाहकार, विभिन्न समिति/उपसमितिका पदाधिकारी तथा सदस्य, कर्मचारी एवं सम्पूर्ण शुभेच्छुक महानुभावहरुमा संस्थाको यस कार्यक्रम विस्तार तथा रोजगार प्रवर्द्धन उपसमितिको तर्फबाट सहकारीमय हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छौं ।

*आदरणीय शेयर सदस्य ज्यूहरु,*

सहकारी संस्थाहरु सबल र सक्षम हुन पहिला सदस्यहरु सबल र सक्षम हुनु पर्दछ। सदस्यहरुको आर्थिक तथा सामाजिक उन्नति गर्न सहकारी संस्थाहरुको गठन भएको हुन्छ। जब सदस्यहरुले सहकारीको मूल्य, मान्यता र सिद्धान्तहरुप्रति सचेत भई आय आर्जन गरी आर्थिक तथा सामाजिक प्रगति गर्दछन्, तबमात्र उनीहरुको व्यवहारमा परिवर्तन आउँदछ र समाज सकारात्मक ढंगले रुपान्तरण हुन्छ। त्यसपछि मात्र सहकारी संस्थाले सार्थकता पाउँदछ। यसको लागि सहकारी संस्थाहरुले नेतृत्वदायी भूमिका खेल्नु पर्दछ। विशेषगरी समुदायहरुमा कार्यक्रमहरु विस्तार गरी धेरै भन्दा धेरै रोजगारीका अवसरहरु सृजना गर्नुपर्ने हुन्छ। यस संस्थाले पनि सदस्य तथा समुदायको माग अनुसार विभिन्न सेवामूलक तथा उत्पादनमूलक कार्यक्रमहरु विस्तार गरी समुदाय स्तरमा रोजगारीको सृजना गर्नेगरी आफ्ना गतिविधिहरु संचालन गरिरहेको पनि छ। संस्थाले कृषि तथा पशुपालन क्षेत्रमा व्यवसायीकरण गरी रोजगारी श्रृजना गर्ने लक्ष्य अनुरुप वातावरण दुग्धशाला, वातावरण खाद्य उद्योग जस्ता कार्यक्रम संचालन गर्नुको साथै सदस्यहरुले उत्पादन गरेका वस्तुहरुको बजारीकरण गर्न आवश्यक सहयोग तथा सहजिकरण गर्ने कार्य समेत गर्दै आईरहेको ब्यहोरा जानकारी गराउन चाहन्छौं ।

संस्थाले रोजगार प्रवर्द्धन तथा सदस्य एवं कृषकहरुको उत्पादनलाई बजारीकरण गर्न संचालन गरेको वातावरण दुग्धशाला तथा वातावरण खाद्य उद्योगबाट हाल ६०० भन्दा बढी कृषक सदस्यहरुको घरपरिवार स्वरोजगार भएका छन्। दुग्धशाला तथा खाद्य उद्योग कार्यक्रम अन्तर्गत प्रत्यक्ष रुपमा ४० जना भन्दा बढीले रोजगारी पाएका छन् भने ५० भन्दा बढीले व्यवसाय संचालन गरेका छन्। त्यस्तै सदस्यका घरपरिवारलाई स्वरोजगार बनाउन संस्थाले समय समयमा व्यवसायिक तथा प्राविधिक तलिमहरु संचालन गरी स्वरोजगार सिर्जना गर्ने प्रयास पनि निरन्तर रुपमा गरिरहेको छ ।

देशको राजनीतिक क्षेत्रमा देखिएका विभिन्न समस्याहरुका कारण हाल रोजगारीका अवसरहरु पनि गुम्दै गएको देखिन्छ। बैंक तथा वित्तीय संस्थाहरुमा तरलताको चुनौती यथावत रहँदा त्यसको असर सहकारी संस्था तथा सदस्यहरुमा समेत परेको देखिन्छ। जसका कारण यस संस्थाले पनि रोजगारीका क्षेत्रमा सोचेअनुसारको उपलब्धी हासिल गर्न सकिरहेको छैन ।

अतः यस चालु आर्थिक वर्षमा लगानीको श्रोत र बजारको सुनिश्चित भएमा कार्यक्रम विस्तार तथा रोजगारी प्रवर्द्धन गर्नेगरी संस्थाको निम्न अनुसारका व्यवसाय संचालन गर्ने योजना रहेको ब्यहोरा समेत जानकारी गराईन्छ ।

**१. आगामी योजना तथा केही नयाँ कार्यक्रमहरु :**

- वातावरण कोप मार्ट संचालन गर्ने ।
- उपभोक्ता मेम्बरसीप कार्ड संचालन गर्ने ।
- गुदपाक, पोष्टकारी, पेडा, चकलेट, आइसक्रीम आदिको उत्पादन एवं विक्री वितरण गर्नेगरी वातावरण कोशेली संचालनमा ल्याउने ।
- वातावरण खाद्य उद्योगतर्फ मसला प्रशोधन, बेसारको धुलो, टिमुरको पेष्ट आदि समेत विक्रि वितरण गर्ने ।

**२. नयाँ कार्यक्रम विस्तार गर्नुपूर्व गर्नुपर्ने कार्यहरु :**

- कार्यक्रमको व्यवसायिक योजना तर्जुमा तथा लगानीको श्रोत सुनिश्चितता गर्ने ।
- कार्यक्रम संचालनको खाका तयार पार्ने ।
- कार्यक्रम तथा व्यवसाय संचालन कार्यविधि तथा नीति नियमावली तयार पार्ने ।
- स्थानीय समुदायसँग छलफल तथा बजार विश्लेषण गर्नुपर्ने ।
- भौतिक पूर्वाधार निर्माणको कार्य गर्नुपर्ने ।

अन्तमा, कार्यक्रम विस्तार तथा रोजगारी सृजना एवं प्रवर्द्धन गर्ने कार्य एक चुनौतीपूर्ण तथा कठित कार्य हो। विशेषगरी समुदाय स्तरमा रोजगारी सृजना गर्नेगरी व्यवसाय एवं कार्यक्रम संचालन गर्नका लागि संचालक समिति, विभिन्न समिति, उपसमितिका पदाधिकारी तथा सबै शेयर सदस्यहरुको समेत महत्वपूर्ण भूमिका र सहयोग रहने विश्वास गर्दै हामीलाई सहयोग गर्नुहुने सम्पूर्णमा धन्यवाद दिन चाहन्छौं ।

जय सहकारी !

**प्रतिवेदक**

**संयोजक : पोषणराज रेग्मी**

**सदस्यहरु : टंकप्रसाद आचार्य, सरस्वती पन्त**

**सदस्य सचिव : किरण बस्नेत**

# २४औं वार्षिक साधारणसभामा खाद्य उद्योग प्रवर्द्धन तथा व्यवस्थापन उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८२/०८३

**श्रीमान् अध्यक्ष ज्यू,**

आदरणीय शेयर सदस्य ज्यूहरु, संचालक समिति, सल्लाहकार, विभिन्न उपसमितिका पदाधिकारी, कर्मचारी एवं शुभेच्छुक महानुभावहरुमा संस्थाको यस खाद्य उद्योग प्रवर्द्धन तथा व्यवस्थापन उपसमितिको तर्फबाट सहकारिमय हार्दिक अभिवादन व्यक्त गर्दछौं ।

*आदरणीय शेयर सदस्य महानुभावहरु,*

सहकारी संस्थाको जन्मदाता भनेका तपाई हामी शेयर सदस्यहरु हौं। सहकारी संस्थाले संचालन गर्ने क्रियाकलापहरु सदस्यलाई केन्द्रमा राखेर गर्नुपर्दछ । शेयर सदस्यहरु आर्थिक रुपमा बलिया भए भने मात्र सहकारी संस्था पनि बलियो हुन्छन् । सहकारी संस्थाहरु समुदायमा आधारित रहेका हुन्छन् । सहकारी संस्थाले सदस्यहरुको आधारभूत आवश्यकताका रुपमा रहेका आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास जस्ता समान उद्देश्य प्राप्त गर्न सहकारी संस्थाहरुको गठन भएका हुन्छन् । सदस्यहरुले सहकारीको मूल्य, मान्याता र सिद्धान्तहरुको व्यवहारगत आचरणको विकास गर्न सकेको अवस्थामा समुन्नत सहकारी समाजको निर्माण गर्न सकिन्छ। सदस्यहरुलाई बचत गर्ने बानीको विकास गर्न बचत तथा ऋणको कार्यक्रमबाट सुरुवात भएको यस सहकारी संस्थाले सदस्यहरुको आर्थिक विकासको लागि समेत कार्य गर्ने योजना बनाई कार्य प्रारम्भ गरेको अवगत नै छ।  समाजमा सकारात्मक परिवर्तन ल्याउन सहकारी संस्थाका सदस्यहरुले नेतृत्वदायी भूमिका खेल्नु पर्दछ। हाम्रो संस्थाले सदस्यहरुको माग अनुसार कार्यक्रम तथा सेवाहरु संचालन गर्दै आईरहेको नै छ। संस्थाले बचत तथा ऋण कार्यक्रम, समूहमा आधारित सामुहिक जमानतमा बिनाधितो कर्जा प्रवाह, दुग्धशाला जस्ता कार्यक्रमहरु सफलतापूर्वक संचालन गरेको कुरा जानकारी नै छ। यसै क्रममा संस्थाले सदस्यहरुको माग अनुसार कृषि क्षेत्रमा व्यवसायीकरण गरी रोजगारी श्रृजना गर्ने लक्ष्यका साथ सदस्यहरुले उत्पादन गरेका कृषिजन्य वस्तु संकलन, भण्डारण, प्रशोधन गरी बजारीकरण गर्न सहजिकरण गरी उपभोक्ताहरु माझ उच्च गुणस्तरीय उपभोग्य सामाग्री उपलब्ध गराउने पवित्र उद्देश्यले वीरेन्द्रनगर नगरपालिका, वडा नं. १२ औद्योगिक क्षेत्रमा (पलट नं. ३) मा वातावरण खाद्य उद्योगको स्थापना गरी संचालनमा ल्याइएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

कर्णाली प्रदेशकै अग्रणी सहकारी संस्था वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.ले आफ्नो उद्देश्य अनुरूप सदस्य, कृषक र उपभोक्ताहरूलाई जोड्ने ऐतिहासिक कार्यको सुरूवात गरेको छ। यस उद्योगले स्थानीय स्तरमा उत्पादित विशेषगरी कर्णाली प्रदेशका रैथाने जातका सबै प्रकारका दलहन, तेलहन र अनाजहरूलाई रैथाने जातका खाद्यन्न बालीहरुको आधुनिक प्रविधिबाट प्रशोधन गरी नेपाल सरकारको ऐन नियम अनुसारको प्रक्रिया पुरा गरी "वातावरण" ब्राण्डका शुद्ध स्वास्थ्यवर्द्धक र गुणस्तरीय खाद्य सामाग्रीहरू बजारमा उपलब्ध गराउने योजना रहेको छ। यो उद्योग स्थापनासँगै स्थानीय कृषक सदस्यहरूले आफ्ना उत्पादनको उचित बजार र मूल्य पाउने सुनिश्चितता गरिएको छ भने उपभोक्ताहरूले स्थानीय स्तरमै उत्पादित स्वास्थ्यवर्द्धक र गुणस्तरीय खाद्य सामाग्रीहरु उपभोग गर्न पाउने छन् । कृषि क्षेत्रको आधुनिकिकरण र आत्मनिर्भर अर्थतन्त्रको विकासमा यो उद्योगले कोशे ढुङ्गाको रूपमा कार्य गर्ने विश्वास समेत लिएका छौं।

हाम्रो सहकारीको मूल मर्म नै सदस्यहरूको आर्थिक उत्थान र समुदायको सेवा गर्नु हो। कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा स्थापना भएको यो उद्योग एउटा उद्योग मात्र नभई, हाम्रा हजारौं शेयर सदस्य तथा तिनमा आश्रित परिवार, स्थानीय कृषकहरूको पसिना र उपभोक्ताहरूको विश्वासको साझा सेतुको रुपमा विकास गर्ने  लक्ष्य लिएका छौं। कृषक सदस्यहरुको उत्पादनलाई उचित मूल्यमा सिधै खरिद गरी, उद्योगमा उच्च स्तरीय प्रशोधन र लेबलिङ गरेर हाम्रा आदरणीय उपभोक्ताहरूको भान्सासम्म 'शुद्ध, गुणस्तरीय र स्वास्थ्यवर्द्धक वातावरण ब्रान्ड'का खाद्य सामाग्री पुऱ्याउन हामी पूर्ण रूपमा प्रतिबद्ध छौं। कृषि क्षेत्रको व्यवसायीकरण, स्थानीय रोजगारीको सिर्जना र आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा यो खाद्य उद्योगले यस क्षेत्रमै एउटा उदाहरणीय कोशे ढुङ्गाको रूपमा कार्य गर्नेछ भन्ने हामीले दृढ विश्वास समेत लिएका छौं।

यस उद्योगको स्थापनाले रोजगारीको सृजना भएको छ भने हरेक वर्ष थप रोजगारी सृजना हुँदै जाने विश्वास लिएका छौं। उद्योगको सनातनी धार्मिक परम्परा अनुसार वैदिक पुजा अर्चना गरी २०८३ भाद्र १३ गते औपचारीक रुपमा समुद्घाटन गरी परिक्षण उत्पादन सुरुवात गरिएको छ। परिक्षण उत्पादन पूर्ण रुपमा सफल भए पश्चात नियामक निकायबाट आवश्यक प्रक्रिया पुरा गरी गुणस्तर चिन्हको प्रमाण पत्र र अनुज्ञा पत्र लिई उद्योगले आफ्नै ब्राण्डका गुणस्तरीय सामाग्रीहरु बजारमा उपलब्ध गराउने लक्ष्य लिएका छौं ।

उद्योगले स्थापना भएको छोटै समयमा निम्न अनुसारको कृषिजन्य वस्तुहरु खरिद विक्रि गरेको व्यहोरा जानकारी गराउँदछौं ।

| क्र.स. | विवरण | खरिद | विक्री | कैफियत |
|---|---|---|---|---|
| १ | गहुँ | ३० टन | २९.५ टन | |
| २ | तोरी | १४.३८ टन | १.१ टन | मौज्दात रहेको तोरीबाट शुद्ध तेल विक्रि गर्ने |
| ३ | मसुरो | १.८ टन | २६४ केजी | मौज्दात रहेको मसुरवाट  दाल बनाई वक्रि गर्ने |

**वातावरण खाद्य उद्योगले चालु आ.व.मा खरिद विक्री गर्ने वस्तुहरुको विवरण :**

| क्र.सं. | खाद्य वस्तुको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | गहुँ | ४० टन | |
| २ | धान | ५० टन | |
| ३ | मकै | १० टन | |
| २ | विभिन्न प्रकार दलहन | १० टन | |
| ३ | तोरी | २० टन | |
| २ | मसलाजन्य पदार्थ | १ टन | |

उद्योगको भौतिक संरचना तर्फको विवरण :

| क्र.स. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | उद्योगको भवन मर्मत तथा निर्माण | १ | सम्पन्न |
| २ | कर्मचारी आवास निर्माण | १ | सम्पन्न |
| ३ | कम्पाउण्ड भित्र टायल बिछ्याउने कार्य | १ | सम्पन्न |
| ४ | गोदाम घर निर्माण | १ | प्रस्तावित कार्यक्रम |
| ५ | मसला उद्योगको लागि भवन निर्माण | १ | प्रस्तावित कार्यक्रम |

मेसिनरी औजाहरु तर्फको विवरण :

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | धान कुट्ने आधुनिक मेसिन | १ | संचालन |
| २ | पिठो पिस्ने मेसिन | २ | संचालन |
| ३ | हस्कर | १ | संचालन |
| ४ | तोरी ग्रेडिङ्ग/चाल्ने मेसिन | १ | संचालन |
| ५ | तोरी पेल्ने मेसिन | १ | संचालन |
| ६ | आटा बनाउने मेसिन | १ | प्रस्तावित |
| ७ | मसला पिस्ने मेसिन | २ | प्रस्तावित |
| ८ | प्याकेजिङ मेसिन | २ | प्रस्तावित |
| ९ | ग्रेडिङ्ग मेसिन | २ | प्रस्तावित |

वातावरण खाद्य उद्योगबाट प्रदान गरिने सेवाहरु :

- धान कुटानी सेवा
- सबै प्रकारका अन्न तथा दलहन बाली पिसानी सेवा
- तेल पेल्ने
- सबै प्रकारका अन्य दलहन, तेलहन बिक्री
- मसला प्रशोधन
- प्याकेजिङ्ग

उद्योगका प्रस्तावित अन्य कार्यक्रमहरु :

| क्र.सं. | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | अनुज्ञा पत्र लिने | पटक | १ | |
| २ | थैला छाप्ने | वटा | १००० | |
| ३ | उद्योगको लोगो | वटा | १ | |
| ४ | गुणस्तर चिन्ह लिने | पटक | १ | |
| ५ | उपसमितिको बैठक | पटक | ६ | |
| ६ | अध्ययन अवलोकन भ्रमण | पटक | १ | |

यस उद्योगले औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेड, शाखा कार्यालय वीरेन्द्रनगर १२, सुर्खेतसँग मिति २०८२ माघ २६ गतेबाट ३५ वर्षसम्मको लागि जग्गा भाडामा लिने सम्झौता गरी उद्योग संचालन स्थल पलट नं. ३ को मर्मत गरी २०८३ बैशाखबाट अनौपचारिक रुपमा कृषिजन्य वस्तु खरिद विक्रि गर्दै आईरहेको व्यहोरा अवगत गराउँदै २०८३ असार मसान्तसम्म आईपुग्दा आय व्यय रु.२,३८,३४,०४९।३१ भई रु.१,४८,०३,४८४।- वासलात भएको ब्यहोरा समेत जानकारी गराउँदछौं ।

अन्तमा, उद्योग स्थापना गर्नु एक चुनौती तथा जोखिमपूर्ण कार्य पनि हो। अतः यस उद्योग स्थापना तथा संचालनको क्रममा अहोरात्र खटिनुहुने निर्माण व्यवसायी, प्राविधिक टोली, संस्थाका कर्मचारी, सदस्य, संचालक एवं लेखा समितिका साथीहरू र सधैं सकारात्मक ऊर्जा दिने स्थानीय समुदायप्रति हृदयदेखि नै हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछौं।

जय सहकारी !

**प्रतिवेदक**

**संयोजक : डिले वली**

**सदस्य : घनबहादुर जि.सी.** **सदस्य : गणेशकुमार पन्त**

**सदस्य : कृष्णा पाण्डे (भट्टराई)** **सदस्य सचिव : किरण बस्नेत**

# २४औं वार्षिक साधारणसभामा युवा तथा जेष्ठ नागरिक उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८२/०८३

**श्रीमान् अध्यक्ष ज्यू,**

आदरणीय शेयर सदस्य ज्यूहरु, संचालक समिति, सल्लाहकार, विभिन्न समिति उपसमितिका पदाधिकारी तथा सदस्यहरु, कर्मचारी एवं शुभेच्छुक महानुभावहरुमा संस्थाको युवा तथा जेष्ठ नागरिक उपसमितिको तर्फबाट सहकारीमय न्यानो अभिवादन ।

*आदरणीय शेयर सदस्य ज्यूहरु,*

सहकारी संस्था केवल बचत तथा ऋणको कारोबार गर्ने संस्था मात्र नभई सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक, सीपगत तथा नेतृत्व क्षमता विकास गर्ने साझा संस्था पनि हो । संस्थाको दिगो विकासका लागि वित्तीय पूँजीसँगै मानव पूँजीको विकास पनि अपरिहार्य हुन्छ । साथै युवा पुस्ता संस्थाको उर्जा, सिर्जनशीलता, प्रविधि, श्रम र भविष्यको नेतृत्व हो भने जेष्ठ नागरिक पुस्ता संस्थाको अनुभव, ज्ञान, इतिहास, संस्कार र सामाजिक सम्बन्ध र संस्थागत स्मृति हो ।

त्यसैले यी दुबै शक्तिलाई छुट्टाछुट्टै कार्यक्रमका रुपमा नभई एउटै विकास प्रक्रियामा जोड्ने उद्देश्यले यस उपसमितिको गठन भएको हामीले बुझेका छौं । अतः संस्था विकासका लागि आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक स्वरुपको स्तरउन्नति हुनु आजको आवश्यक्ता हो । अतः यस युवा तथा जेष्ठ नागरिक उपसमिति समाजका हरेक गतिविधिलाई आत्मसाथ गर्दै अगाडि बढेको छ । समाजमा रहेका युवा तथा जेष्ठ नागरिकसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन गरी यस संस्थाले उनीहरुको क्षमता विकास र सहभागितामा प्रभावकारी रुपमा जोड दिदै आएको छ ।

समाज परिवर्तनको लागि युवाको जोश, जाँगर र जेष्ठ नागरिकहरुको अनुभव तथा ज्ञानलाई सँगसँगै लिनुपर्ने अवस्था छ । संस्थाले विशेषगरी युवा तथा जेष्ठ सदस्यहरुलाई उच्च प्राथमिकतामा राखी उनीहरुसँग सम्बन्धित कार्य गर्नेगरी गठित यस उपसमितिबाट आफ्नो जिम्मेबारीलाई बहन गर्ने क्रममा संस्था संचालक समिति, विभिन्न उपसमितिसँग समन्वय गरी आ.व. २०८२/२०८३ मा सम्पन्न गरेका क्रियाकलापहरुको संक्षिप्त विवरण सदस्य महानुभावहरुमा संस्थाको २४ औं वार्षिक साधारण सभामा सुसूचित गर्नेगरी यो संक्षिप्त प्रतिवेदन प्रस्तुत गरिएको ब्यहोरा हार्दिक अनुरोध छ ।

**१. उपसमितिले सम्पन्न गरेका आफ्ना मुख्य क्रियाकालपहरुको विवरण :**

- संस्थामा आवद्ध ७० वर्ष पुरा भएका सबै ज्येष्ठ सदस्यहरुलाई सम्मान गरिएको छ ।
- सदस्यका छोराछोरी तथा विद्यार्थीहरुका लागि समय समयमा वित्तीय शिक्षा सम्बन्धी कार्यक्रम संचालन गरिएको छ ।
- शेयर सदस्यका दोस्रो पुस्ताका सदस्यहरुलाई उद्यमशीलता विकास सम्बन्धी वित्तीय तथा प्राविधिक सहयोग गरिएको छ ।
- वार्षिक साधारण सभाबाट स्वीकृत यस उपसमिति अन्तर्गतका अन्य विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ ।

**२. आगामी आ.व.का लागि प्रस्तावित कार्यक्रम तथा सुझावहरु :**

- युवाहरुलाई उद्यमशीलतासँग जोड्नेगरी "एक युवा : एक सीप र उद्यम" अभियान संचालन गर्नुपर्ने ।
- जेष्ठ नागरिकको ज्ञान, सीप, अनुभव र संस्थागत इतिहासको संरक्षण गर्ने अन्तरपुस्ता पुस्तान्तरण कार्यक्रम संचालन गर्नुपर्ने ।
- संस्थाका जेष्ठ सदस्यहरुलाई आवश्यकता अनुसार स्वास्थ्य परिक्षण तथा स्वास्थ्य शिविर संचालन गर्नुपर्ने ।
- संस्थाको कार्यक्षेत्र भित्रका युवाहरुलाई सेवाकेन्द्रहरु सँगको समन्वयमा उनीहरुको पहिचान र विश्लेषण गरी विभिन्न सीपमूलक तथा क्षमता अभिवृद्धिका तालिम एवं गोष्ठीको आयोजन गर्ने ।
- युवाहरुमा बचत गर्ने बानीको विकास तथा भविष्यको योजना निर्माणका लागि कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- युवा तथा जेष्ठ नागरिकहरुको सहभागितामा अनुभव र प्रविधिको सीप आदानप्रदान सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
- सदस्य तथा युवाहरुमा संस्थागत डिजिटल सेवाको विस्तार र क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- युवाहरुका लागि मनोसामाजिक, लागुऔषध दुर्व्यसनी सम्बन्धी परामर्श कार्यक्रम संचालन गर्नुपर्ने ।
- संस्थाको कार्यक्षेत्रभित्र रहेका जेष्ठ नागरिक दिवा सेवाकेन्द्र तथा आश्रमहरुमा आवश्यकता अनुसार सहयोग गर्ने ।
- सेवाकेन्द्र स्तरीय युवा सञ्जालहरु गठन गरी संस्थामा युवाहरुको सहभागितालाई बृद्धि गर्नुपर्ने ।

अन्तमा, यस उपसमिति अन्तर्गतका सेवा क्रियाकलापहरु संचालनमा सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्दै संस्थाको संस्थागत सेवा क्रियाकलापहरुलाई प्रभावकारी रुपमा संचालन गर्न तथा दिगो विकासका लागि सदस्य एवं समुदाय स्तरमा युवा, जेष्ठ नागरिक सबैको भूमिका महत्वपूर्ण रहने आशा गरिएको छ । साथै सहकारी भावनाको उजागर एवं क्षमता अभिबृद्धि गरी संस्थाको सेवा क्षेत्रलाई अझ बढी सेवामुखी बनाउन हामी सबैको सक्रिय भूमिका रहिरहने विश्वास गर्दै सल्लाह सुझावको समेत अपेक्षा राखेका छौं ।

जय सहकारी !

**प्रतिवेदक**

**संयोजक : सुवास आचार्य**

**सदस्यहरु : काँशीराम भट्टराई, कमला नेपाली**

**सदस्य सचिव : देवेन्द्रकुमार सेजुवाल**

# २४औं वार्षिक साधारणसभामा महिला तथा बालबालिका उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८२/०८३

श्रीमान् अध्यक्ष ज्यू,

आदरणीय शेयर सदस्य ज्यूहरु, संचालक समिति, सल्लााहकार, विभिन्न उपसमितिका पदाधिकारी सदस्य, कर्मचारी एवं शुभेच्छुक महानुभावहरुमा संस्थाको महिला तथा बालबालिका उपसमितिको तर्फबाट सहकारीमय न्यानो अभिवादन ।

*आदरणीय शेयर सदस्य ज्यूहरु,*

संस्थाको यस २४ औं वार्षिक साधारणसभामा महिला तथा बालबालिका उपसमितिको तर्फबाट प्रतिवेदन पेश गर्न पाउँदा हर्षित भएका छौं । संस्थाका शेयर सदस्य महानुभावहरुको साथ, सहयोग र समन्वय तथा प्राप्त सुझाव र सल्लाह अनुसार नै संस्था यो अवस्थामा आईपुगेको छ । संस्था विकासका लागि आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक स्वरुपको स्तरउन्नति हुनु आजको आवश्यक्ता हो । यस महिला तथा बालबालिका उपसमिति समाजका हरेक गतिविधिलाई आत्मसाथ गर्दै अगाडि बढेको छ । समाजमा रहेका महिला तथा बालबालिकासँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन गरी उनीहरुको क्षमता विकास र सहभागितामा जोड दिदै आएको छ ।

सुर्खेत जिल्लाको वराहताल गाउँपालिका, वडा न. ४ साझघाट निवासी बुवा दत्तबहादुर गुरुङ्ग र आमा देविसरा गुरुङ्गको कोखबाट वि.सं. २०४९ साल माघ १८ गते कान्छी छोरीको रुपमा जन्मनु भएको सोनु गुरुङ्गको बाल्यकाल मध्ययम परिवारमा बित्यो। बाल्यकालमा उहाँले सामान्य पढाइ लेखाइ गरेपनि उच्च शिक्षा भने लिन पाउनुभएन। उमेर बढ्दै गएपछि सोनु गुरुङ्गको २०६७ साल भाद्र २१ गते उहाँको वराहताल गाउँपालिका, वडा न.४ साजघाट निवासी बिष्णुबहादुर गुरुङ्गका माइला छोरा देवबहादुर गुरुङ्गसँग प्रेम विवाह गर्नुभयो। माईतमा चार भाइबहिनी मध्ये सबै भन्दा कान्छी बहिनीका रुपमा हुर्केकी सोनुको सानै उमेरमा भएको विवाहले जीवनमा जिम्मेवारी सहितको नयाँ अध्यायको सुरुवात भयो । विवाह पश्चातका केही वर्ष भने निकै कष्टकर र तनाबपूर्ण रहे। तत्कालिन समयमा श्रीमानको पनि कुनै ब्यापार व्यावसाय र रोजगार नभएका कारण सामान्य घर खर्च चलाउन समेत मुस्किल हुने गर्थ्यो।



*आफ्नो खुद्रा पसलमा सोनु गुरुङ्ग*

आम्दानीको उपाय खोज्दै जाँदा त्यही समयमा उहाँको गाउँघरमा वातावरण सुधार बहुउद्दश्यीय सहकारी संस्थाले विपन्न वर्गका मानिसको आयस्तर वृद्धि गर्ने उद्देश्यका साथ लघुवित्त कार्यक्रम संचालन गरेको थाह पाउनुभयो। त्यो थाह पाएपछि उहाँ तत्कालिन तरंगा गा.वि.स., वडा नं. ४, साजघाटमा रहेको साजघाट वातावरण महिला केन्द्र, केन्द्र नं. ४९ मा आवद्ध हुनु भयो। संस्थाको शेयर सदस्य भएको केहि महिना पछि उहाँले पहिलो पटक रु.२०,०००। ऋण लिएर आफ्नै घरमा सानो खुद्रा पसलबाट व्यवसाय सुरु गर्नुभयो । पसलबाट पनि राम्रो आम्दानी गर्न थाल्नुभयो। त्यसपछि उहाँले क्रमश: संस्थाबाट ऋण लिएर व्यवसाय बृद्धि गर्दै जानुभयो र अहिले पछिल्लो पटक संस्थाबाट नवौं पटकको बिना धितो ऋण रु.५,५०,०००। लिनुभएको छ। व्यवसाय पनि राम्रो चलेको छ।

अहिले उहाँले खाद्यन्न खुद्रा पसलका साथसाथै बोईलर कुखुराको पनि व्यवसाय गर्नु भएको छ । श्रीमानले पनि शिक्षण पेशा गर्नु हुन्छ। श्रीमान्को जागिर र उहाँको ब्यापारबाट मासिक रु.५० देखि ६० हजारसम्म सहजै आम्दानी हुने गरेको उहाँले बताउनु भयो । **दुःख नगरी सुख प्राप्त हुँदैन । संघर्ष नै जीवन हो । त्यसैले ईमानदारीताका साथ मेहनत र परिश्रम गरेमा सफलता आफैं प्राप्त हुने** उहाँको बुझाई रहेको छ । यो सबै वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाले आफूलाई सिकाएको भन्दै **वातावरण संस्थाको सदस्य हुँ भन्न पाउँदा गर्व महशुस हुने गरेको** पनि उहाँले बताउनुभयो ।

*(लेखन/संकलन : मोहन प्रकाश पौड्याल)*

# सुखदु:खको भरपर्दो साथी हो वातावरण संस्था

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं. ३, मसुरीखेत बस्ने बुवा भक्तिप्रसाद कोइराला र आमा खगिसरा कोइरालाको कोखबाट वि.सं. २०३२ साल जेठ १० गतेका दिन काँइली सन्तानको रुपमा राधिका गुरुङ्गको जन्म भएको थियो । सामान्य अवस्थाको परिवार भएकाले उहाँले राम्रोसँग पढाई गर्न नि पाउनु भएन । घरको काँइली छोरी भएका कारण घर व्यबहार सम्हालनु पर्ने पनि उहाँको जिम्मेवारी थियो । त्यस समयको चलन अनुसार सानै उमेरमा विवाह गरिदिने चलनचल्तीका कारण उहाँको पनि कलिलै उमेरमा दुर्गा गुरुङ्गसँग विवाह भयो ।

विवाह गरेपछि उहाँलाई थप घरायसी जिम्मेवारी पनि थपियो । उहाँको परिवारको आयस्रोत कम भएका कारण घर व्यबहार चलाउन पनि गाह्रो हुन्थ्यो । विवाह पश्चात पनि उहाँका दिनहरु अभावमा बित्न थाले । त्यसमाथि छोराछोरी जन्मिएपछि त झन जिम्मेवारी थपियो । बच्चाहरुलाई उचित शिक्षादिक्षामा समेत समस्या पर्न थाल्यो । उहाँ आफु धेरै पढ्ने रहर हुँदाहुँदै पनि पढ्न नपाउँदाको पिरलोले उहाँलाई सँधै सताउँथ्यो । उहाँ आफुले जति दु:ख कष्ट सहेर भएपनि आफ्ना सन्तानहरुलई उचित शिक्षा चाँहि दिने संकल्पमा हुनुहुन्थ्यो । आफ्नो जस्तो पढ्ने इच्छा चाहन हुँदाहुँदै पनि पढ्न नपाएको पिडा सन्तानले भोग्न नपरोस् भन्ने सोच्नुहुन्थ्यो । तर घरको आर्थिक अवस्था भनेजस्तो थिएन । कुनै सहकारी संस्थामा आवद्ध भएर ऋण कारोबारो गरौं भने पनि भनेजस्तो सजिलो थिएन । तर त्यही समयमा उहाँ बसेको नजिकै बस्ने एक जना दिदीले लघुवित्तको समूहमा आवद्ध भएपछि व्यवसाय गर्न बिना धितो ऋण पाइने जानकारी उहाँलाई दिनुभयो । त्यो सुनेपछि उहाँ अचम्मित हुनुभयो र बिना धितो ऋण दिने संस्था खोज्दै जाने क्रममा उहाँ वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को यरिचोक सेवाकेन्द्रमा जानुभयो ।



*पशुपालन व्यवसाय गर्नुभएको सदस्य राधिका गुरुङ्ग*

वातावरण संस्थाको यरिचोक सेवाकेन्द्रमा गएपछि उहाँले लघुवित्त कार्यक्रमको बारेमा अझ धेरै कुरा थाह पाउनुभयो । लघुवित्त कार्यक्रमको बारेमा थाह पाएपछि उहाँ यरिचोक सेवाकेन्द्रको केन्द्र नं. ७ मा समूहका सबै सदस्यको अनुमतिमा आबद्ध हुनुभयो । त्यसपछि उहाँले नियमित बचत गर्नुभयो र संस्थाको नियम अनुसार नै पहिलो पटकमा रु.५०,०००।- ऋण लिई बाखापालन व्यवसाय सुरु गर्नुभयो । व्यवसायमा गरेको लगानीबाट केही आम्दानी र नियमित किस्ता तिर्न सहज हुँदै गयो । त्यसपछि उहाँले पुन: दोस्रो पटकमा रु.७५,०००।-, तेस्रो पटकमा रु.१,००,०००।- गरी हाल पछिल्लो पटक रु.५,००,०००।- ऋण कारोबार गर्नुभएको छ । अहिले उहाँले बाखापालन, भैंसीपालन र तरकारी खेती व्यवसाय पनि गर्नुभएको छ । यी व्यवसायबाट मासिक रु.१५,०००।- देखि रु.५०,०००।- सम्मको आम्दानी गरिरहनु भएको छ । उहाँलाई किस्ता तिर्नमा कुनै समस्या छैन । छोराछोरीलाई पनि राम्रो विद्यालयमा पढाउनु भएको छ । अहिले उहाा भन्नुहुन्छ, **“बजारमा चलिरहेका हल्लाका पछाडी कोही दिदीबहिनीहरु नलाग्नु होला । जुन ऋण हामीले उपभोग गर्न पाईरहेका छौं, त्यो पैसा पनि हामी जस्तै दिदीबहीनीहरुले जम्मा गरेको पैसा हो । दु:ख पर्दा लिएको ऋण दु:खै गरेर तिरौं । हल्लाका पछाडी लागेर आफ्नो समय बर्बाद नगरौ ।”**

अहिले उहाँले आफ्नो मनमा आँट र साहस हुँदा दरिलो साथ दिएको वातावरण संस्थाको बारेमा सबै दिदीबहिनीहरुलाई भन्ने गर्नुभएको छ । **केही गर्न खोज्ने मेहनति र इमानदार युवाहरुको लागि वातावरण संस्था सुखदु:खको भरपर्दो साथी** हुनसक्ने उहाँ बताउनुहुन्छ । आफ्नो सफलतामा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाको प्रत्यक्ष रुपमा तहत्वपूर्ण योगदान रहेको बताउने उहाँ केहि व्यवसाय गर्ने सोच भएका तर लगानी गर्ने पूँजी नभएका दिदीबहिनीहरुका लागि वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. सँधै भरपर्दो साथी हुने उहाँको बुझाई रहेको छ ।

*(लेखन/संकलन : छविकुमारी आचार्य)*

# सहकारीले कोरेको सफलताको यात्रा

हरेक सफलताको पछाडी एउटा संघर्षको कथा लुकेको हुन्छ । त्यही संघर्षलाई अवसरमा बदल्ने साहस र सही समयमा पाएको अवसर तथा साथले सामान्य जीवनलाई असाधारण बनाउन सक्छ । सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिका ६, तोरीबारी निवासी भद्रकला वि.क.को जीवनयात्रा पनि त्यस्तै प्रेरणादायी कथा हो । वि.सं. २०४४ साल माघ ३ गते बुबा अवे कामी र आमा आइती कामीको कोखबाट जन्मिनुभएकी भद्रकला माइतीकी जेठी छोरी हुनुहुन्थ्यो । सामान्य आर्थिक अवस्था भएको परिवारमा हुर्किनुभएकी उहाँले पढाइमा रुचि हुँदाहुँदै पनि आर्थिक अभावका कारण कक्षा ७ पछि विद्यालय छोड्नुपर्‍यो । त्यसपछि उहाँको औपचारिक शिक्षाको यात्रा रोकियो, तर जीवनसँगको संघर्ष भने त्यहींबाट सुरु भयो । १८ वर्षको उमेरमा गाउँकै प्रेमबहादुर वि.क.सँग उहाँको विवाह भयो । विवाह पछि धेरै समय नबित्दै एक छोरा र एक छोरी जन्मिए । सानो परिवारको सपना बोकेर नयाँ घरमा प्रवेश गरेपनि आर्थिक अभावले जीवन सहज बन्न सकेन । श्रीमानको मिस्त्री कामबाट आएको सीमित आम्दानीले घरखर्च चलाउनै मुस्किल पर्थ्यो । दिनप्रतिदिनको बढ्दो खर्च र जिम्मेवारीले भविष्यको चिन्ता थपिँदै गयो ।

उहाँको मनमा आफ्नै व्यवसाय गर्ने ठुलो इच्छा थियो । बाखा पालेर आम्दानी बढाउने योजना पनि थियो । तर लगानी गर्ने पैसा थिएन । गाउँघरका साहुसँग ऋण माग्दा कसैले विश्वास गर्दैनथे । कसैले ऋण दिन माने भनेपनि अत्यन्तै महँगो ब्याज तिर्नुपर्ने अवस्था थियो । त्यही कारण व्यवसाय गर्ने सपना वर्षौंसम्म मनमै सिमित रह्यो । यही क्रममा वि.सं. २०६६ साल जेठ १५ गते उहाँ वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको मेहेलकुना सेवाकेन्द्र अन्तर्गत झरना वातावरण महिला केन्द्र, केन्द्र नं. ४१ मा आवद्ध भई सस्थाको सदस्य बन्नुभयो । नियमित बचत गर्न थालेपछि संस्थाले उहाँलाई रु.२०,००० को पहिलो ऋण उपलब्ध गरायो । पहिलो पटक ऋण लिँदा उहाँको मनमा डरपनि थियो यदि व्यवसाय सफल भएन भने ऋण कसरी तिर्ने ? तर डरभन्दा ठुलो उहाँको आत्मविश्वास थियो । श्रीमानको मिस्त्री कामबाट आएको आम्दानी र आफ्नै मेहनतको भरमा उहाँले बाखापालन व्यवसाय सुरु गर्नुभयो । सुरुका केही महिना निकै चुनौतीपूर्ण भए । तर समयसँगै बाखाको संख्या बढ्दै गयो, आम्दानी पनि बढ्न थाल्यो । ऋणको किस्ता समयमै तिर्न सकिने अवस्था बन्यो । व्यवसाय सफल हुँदै गएपछि सहकारीले पनि उहाँमाथि विश्वास बढाउँदै गयो । त्यसपछि क्रमश: रु.५०,०००, रु.१,००,०००, रु.१,५०,०००, रु.२,००,०००, रु.३,००,००० हुँदै हाल रु.३,५०,००० सम्मको ऋण कारोबार गर्दै उहाँले आफ्नो व्यवसायलाई निरन्तर विस्तार गर्दै जानुभएको छ । बाखापालनसँगै उहाँले मिल सञ्चालन पनि सुरु गर्नुभएको छ । यसले आम्दानीका स्रोतहरू थप बलियो बनाए । आज भद्रकला वि.क.को मासिक आम्दानी करिब रु.६०,००० पुगेको छ ।



*बाखालाई घाँस खुवाउँदै भद्रकला वि.क.*

**एक समय दैनिक खर्च जुटाउन संघर्ष गर्ने परिवार आज आर्थिक रूपमा आत्मनिर्भर बनेको छ ।** सम्पति जोड्न सफल हुनुभएको छ । छोराछोरीलाई गुणस्तरीय शिक्षा दिन सक्नुभएको छ । परिवारको जीवनस्तरमा उल्लेखनीय सुधार आएको छ । **भद्रकला वि.क. आज आफ्नो परिवारका लागि मात्र होइन, गाउँका धेरै महिला तथा सहकारी सदस्यहरूका लागि पनि प्रेरणाको स्रोत बन्नुभएको छ ।** उहाँको सफलताले सानो अवसरलाई सही रूपमा उपयोग गर्न सके ठुलो परिवर्तन सम्भव हुन्छ भन्ने प्रमाणित गरेको छ । उहाँ **भावुक हुँदै भन्नुहुन्छ एक समय पैसा नभएर व्यवसाय गर्ने सपना मात्रै थियो । सहकारीबाट पाएको रु.२०,००० ऋणले मेरो जीवनको दिशा बदलिदियो ।** सुरुमा ऋण तिर्न सकिन्न कि भन्ने डर थियो । तर मेहनत, श्रीमानको साथ र सहकारीको विश्वासले आज म आत्मनिर्भर बनेकी छु । अहिले बाखापालन र मिल व्यवसायबाट मासिक करिब रु.६०,००० सम्म आम्दानी हुन्छ । मेरो छोराछोरीको भविष्य उज्यालो बनाउन सकेकी छु । **सहकारी संस्था उहाँको जीवन परिवर्तनको आधार बनेको छ । भद्रकला वि.क.को कथा केवल एउटा सदस्यको सफलता मात्र होइन, सहकारीको मूल्य र उद्देश्यको जीवन्त उदाहरण पनि हो ।** सही समयमा प्राप्त आर्थिक पहुँच, नियमित बचत, मेहनत, इमानदारीता र आत्मविश्वासले कुनै पनि परिवारलाई गरिबीबाट समृद्धितर्फ डोर्‍याउन सक्छ भन्ने सन्देश उहाँको जीवनले दिएको छ । **आज उहाँको सफल जीवनले एउटा कुरा भन्छ "सपना देख्न कहिल्यै नछोड्नुहोस सही अवसर, अथक मेहनत र सहकारीको साथ पाएपछि असम्भव जस्तो देखिने सपना पनि एक दिन अवश्य पुरा हुन्छ ।"**

*(लेखन/संकलन : खगेन्द्र पौडेल)*

# जीवन रुपान्तरणमा वातावरणको योगदान

दैलेख जिल्लाको नारायण नगरपालिका, वडा नं. ७ बस्ने बुवा विरबहादुर खनाल र आमा पार्वती खनालको कोखबाट ठुली कान्छी छोरीको रुपमा वि.सं. २०४२ साल बैशाख २४ गतेका दिन मधुकुमारी थापाको जन्म भएको थियो। उहाँको बाल्यकाल सामान्य रुपमा बित्यो। उहाँको स्वभाव शान्त र सरल भएकोले सानोमा सबैले माया गर्थे। घरायसी कामकाज, घाँस दाउरासँगै उहाँले एस.एल.सी. सम्मको पढाई पनि पुरा गर्नुभएको थियो। गाउँघरको कृषि व्यवसायले ठुलो परिवार पाल्न गाह्रो हुन्थ्यो। उहाँ २०६० सालमा नारायण नगरपालिका, वडा नं. ६ निवासी जगतबहादुर थापासँग १८ बर्षको उमेरमा सामाजिक परम्परा अनुसार बिबाह बन्धनमा बाँधिनु भयो। एक त सानै उमेरमा बिबाह त्यसमाथि घरको जिम्मेवारीले उहाँलाई सताउन थाल्यो। उहाँको परिवारको आर्थिक अवस्था कमजोर भएकाले सामान्य घर व्यबहार चलाउन पनि समस्या हुन्थ्यो। समस्या सामाधान गर्न केहि ब्यबसाय गर्ने सोच गर्दा पनि आर्थिक अभावका कारणले सफल हुन सकेन। घरमा कमाईकाज केही थिएन। घर ब्यबहार चुलोचौको तथा छोराछोरीको शिक्षादिक्षाको जिम्मेवारी समेत उहाँको काँधमाथि थियो।



*आफ्नो पसलमा मधुकुमारी थापा*

घर व्यवहार चलाउन उहाँको मनमा केहि व्यापार व्यवसाय गर्ने सोच आयो। व्यापार व्यवसायमा लगानी गर्ने रकमको बारेमा सोचबिचार गर्दा उहाँले बिनाधितो ऋण प्रबाह गर्ने वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रमको बारेमा थाहा पाउनु भयो। कार्यक्रमको बारेमा राम्रोसँग बुझेपछि उहाँले संस्थामा आवद्ध हुने निर्णय गर्नुभयो। सोही सोच र निर्णयले उहाँले आफ्नै पहलमा २०७६ सालमा संस्थाको डुङ्गेश्वर सेवाकेन्द्र अन्तर्गत केन्द्र नं. १११ मा आफुसँगै अन्य दिदी बहिनीहरुलाई पनि आबद्ध गराउनु भयो। कार्यक्रममा आबद्ध भएपछि सुरुमा बचत तथा ऋण कारोबार गर्दा कस्तो होला ? किस्ता तिर्न नसक्ने हो कि ? भन्ने चिन्ताले सतायो तर उहाँले आफुले ब्यबसाय गरेमा पक्कैपनि किस्ता तिर्न सकिन्छ भन्ने आत्मबलका साथ सुरुमा रु.१,००,००० ऋण लगेर प्लास्टिक सरसमानको प्यापार सुरु गर्नुभयो। नभन्दै व्ययापार पनि राम्रो भयो। आम्दानी पनि राम्रो हुन थाल्यो। त्यसपछि उहाँले संस्थाबाट थप ऋण लिएर व्यापारलाई बढाउँदै भाँडा पसल पनि सुरुवात गर्नुभयो।

व्यवसायको सफलताले उहाँको दिनप्रतिदिन प्रगति तथा आत्मबल समेत बृद्धि हुँदै गयो। उहाँले संस्थाबाट व्यापार व्यवसाय गर्ने भनेर पटक पटक क्रमशः रु.१,००,०००, रु.२,००,०००, रु.३,५०,००० हुँदै अहिले रु.५,००,००० सम्मको नियमित ऋण कारोबार गर्नुभएको छ। संस्थाबाट ऋण लगेर गरेको व्यवसायबाट प्राप्त आम्दानीले उहाँले हाल फेन्सी पसललाई निरन्तरता दिनु भएको छ। साथै सोही व्यवसायको आम्दानीबाट छोराछोरीको पढाई लेखाई र घर व्यवहार चलाउनु भएको छ। हाल उहाँले आफ्नो व्यवसायबाट मासिक रु.७०,००० सम्म बचत गर्न सफल हुनुभएको छ।

**उहाँ संस्थाबाट लिएको ऋणको सही सदुपयोग गरी व्यवसायमा लगनशील, ईमान्दार र निरन्तर लागिपरेमा जीबनमा सफल हुन जस्तोसुकै कठिनाई आएपनि सफलता हात पार्न सकिन्छ भन्नुहुन्छ।** किनकि उहाँसँग लगनशिलता, ईमान्दारीता र निरन्तरता दिने क्षमता थियो तर व्यवसाय सुरु गर्ने रकम र भरपर्दो साथ दिने कोहि थिएन। यस्तो अवस्थामा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाले बलियो आर्थिक साथ दिएको र आफूले संस्थाबाट लिएको ऋणको सही सदुपयोग गरेको उहाँको भनाई छ। **आफ्नो अहिलेको सफलता र जीवन रुपान्तरणमा वातावरण संस्थाको प्रत्यक्ष रुपमा साथ र योगदान रहेको बताउने उहाँ केही गर्ने सोच भएका दिदीबहिनीहरुका लागि वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था सँधै भरपर्दो साथी हुने समेत उहाँको बुझाई रहेको छ।**

*(लेखन/संकलन : प्रेम चालिसे)*

# दु:खको समयमा वातावरणको दरिलो साथ

सल्यान जिल्लाको सिद्धकुमाख गाउँपालिका, वडा नं. ५, घरेली स्थित बुवा कालुराम सार्की र आमा भुमिका सार्कीको आठ सन्तान मध्ये आठौं सन्तानको रुपमा वि.सं. २०४७ साल पौष महिनाको १६ गतेका दिन लिला नेपालीको जन्म भएको थियो। उहाँको बाल्यकालको धेरैजसो समय घरायसी कामकाजमै बित्यो र उमेर बढ्दै गएपछि २३ वर्षको उमेरमा उहाँले बनगाड कुपिण्डे नगरपालिका, वडा नं. १ बस्ने गणेश नेपालीसँग विवाह गर्नुभयो।

विवाह पछि उहाँलाई थप घरायसी जिम्मेवारी थपियो। उहाँको परिवारको आय श्रोत राम्रो थिएन। आम्दानी राम्रो नहुँदा उहाँलाई घर व्यवहार चलाउन गाह्रो हुन थाल्यो। दुई सन्तानको आमा भएपछि, अनि आमाको महत्व र जिम्मेवारी बुझ्न थाल्नु भयो। घरायसी खर्च बढ्दै गएपछि उहाँले श्रीमानसँग सल्लाह गरेर केही व्यवसाय गर्ने सोच बनाउनुभयो। त्यसपछि श्रीमान श्रीमती मिलेर बनगाड कुपिण्डे नगरपालिका १, सल्लीबजारमा कोठा भाडामा लिएर जुत्ता सिलाउने काम सुरु गर्नुभयो। व्यवसाय सुरु त गर्नुभयो तर व्यवसायमा लगानी बृद्धि गर्ने पूँजीको अभावले सो पसल राम्रोसँग चलिरहेको थिएन। त्यसै समयमा आफ्नै गाउँघरमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.ले सञ्चालन गरेको समुहमा आधारित बिना धितो कर्जा लगानी कार्यक्रम आएको थाहा पाउनुभयो। थाहा पाएपछि २०७२ साल वैशाख २१ गतेका दिन उहाँ संस्थाको देवस्थल सेवाकेन्द्रमा रहेको केन्द्र नं. १५ सेती वातावरण महिला केन्द्रमा आबद्ध हुनुभयो।




*पसलमा ग्राहकसँग ब्यस्त लिला नेपाली*

संस्थामा आवद्ध भएपछि उहाँले पहिलो पटक रु.२५,०००। कर्जा लिई जुत्ता सिलाई सँगसँगै गणेश शु सेन्टर नाममा पसल नै सुरु गर्नुभयो। त्यसपछि उहाँमा केहि आँट र साहस बढ्दै गयो। किस्ता तिर्न र थोरै थोरै बचत गर्न सजिलो भएका कारण कर्जा रकम पनि बृद्धि गर्दै सोही व्यवसायमा लगाउदै जानुभयो। व्यवसाय संचालन गर्दै गर्दा संस्थाबाट उहाँले क्रमश रु.५०,०००।, रु.१,७०,०००।, रु.३,००,०००।, रु.४,००,०००। गर्दै अहिले रु.५,००,०००। लिई सोहि व्यवसायमा लगानी थप्नु भएको छ। संस्थाबाट भनेको समयमा निरन्तर ऋण पाउँदा आफुले सोचे अनुसारको व्यवसाय गर्न सहज भएको उहाँको भनाइ छ। हाल श्रीमान श्रीमती दुबै जना सोहि व्यापारमा पुरा समय दिएर लाग्नु भएको छ। व्यापारबाट अहिले औसतमा दैनिक रु.२,०००। सम्मको आम्दानी गर्दै आउनु भएको छ। जुन आम्दानीबाट उहाँलाई घर व्यवहार चलाउन निकै सहज मात्र नभइ दैनिक बचत समेत गर्न सहज भएको छ। साथै सो व्यापारको कमाईबाट घर निमार्ण समेत गरेको उहाँले बताउनु भयो।

**लगानी गर्ने रकम नभएर व्यापारबाट दु:ख पाइरहेको समयमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.ले आफूलाई दरिलो साथ दिएको उहाँले बताउनुभयो।** त्यसैले आफ्नो व्यवसाय प्रति लगनशिल र ईमान्दार भइ लागिरहेको उहाँ भन्नुहुन्छ। जीवनमा सफलता हात पार्न वातावरण संस्थाको महत्वपूर्ण साथ रहेको बताउने उहाँ आफ्नो पछिल्लो सफलता र जीवन रुपान्तरणमा यस सहकारी संस्थाको ठूलो योगदान रहेको समेत उहाँले बताउनु भयो।

*(लेखन/संकलन : मिलनकुमार तारामी)*

# ऋणको सही सदुपयोग : आर्थिक समृद्धिको आधार

पुष्पा शाही हमालको जन्म वि.सं. २०४५ साल बैशाख १३ गते बुवा रामप्रसाद जैसी र आमा जुनादेवी जैसीको कान्छी छोरीको रुपमा चौकुने गाउँपालिका ८, गुटु, सुर्खेतमा भएको हो। पञ्चपुरी नगरपालिका, वडा नं. ५, सुर्खेत निवासी मनबहादुर शाहीसँग १९ बर्षको उमेरमा उहाँको विवाह भएको थियो। उहाँको दुई छोरी र एक छोरा रहेका छन्। आर्थिक दृष्टिकोणले उहाँको परिवार सामान्य अवस्थाको थियो। उहाँको परिवारमा आम्दानीको कुनै स्रोत थिएन। विवाह पश्चात उहाँ परिवारको आर्थिक अवस्थालाई सुदृढ बनाउने उपायहरुको खोजीमा रहिरहनुभयो। व्यापार व्यवसायबाट आम्दानी बढाउने योजना पनि थियो। तर लगानी गर्ने पैसा थिएन। गाउँघरका साहुसँग ऋण माग्दा कसैले विश्वास गर्दैनथे। कसैले ऋण दिन माने पनि अत्यन्तै महँगो ब्याज तिर्नुपर्ने अवस्था थियो। त्यही कारण व्यवसाय गर्ने उहाँको सपना वर्षौंसम्म मनमै सिमित रह्यो।

यहि क्रममा वि.सं. २०७० सालतिर उहाँको गाउँघरमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रम पुग्यो। संस्थाको कार्यक्रमको बारेमा थाह पाएपछि उहाँ वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको बाबियाचौर सेवाकेन्द्र अर्न्तगत शुभकामना वातावरण महिला केन्द्र, केन्द्र नं. ८७ मा आवद्ध हुनुभयो। संस्थाको सदस्य बनेपछि उहाँले नियमित रुपमा बचत तथा ऋणको कारोबार गर्न सुरु गर्नुभयो। सुरुमा संस्थाबाट रु.५०,०००।- ऋण लिएर खुद्रा पसलको सुरुवात गर्नुभयो। सानो लगानीबाट सुरु गरिएको व्यवसायलाई उहाँले निरन्तर मेहनत, इमानदारी र लगनशिलताका साथ अगाडी बढाउनु भयो। व्यवसाय विस्तारसँगै आवश्कता अनुसार सहकारी संस्थाबाट थप कर्जा सुविधा पनि लिदै जानुभयो। पटक पटक संस्थाका ऋण कारोबार गर्नुभएको उहाँले पछिल्लो पटक बिना धितो रु.५,००,०००।- ऋण परिचालन गरी व्यवसायलाई थप विस्तार गर्नुभएको छ।



*आफ्नो पसलमा पुष्पा शाही हमाल*

व्यापार पनि राम्रोसँग चलेको छ। लिएको ऋणको सही सदुपयोग गरेका कारण उहाँलाई नियमित किस्ता तथा ब्याज भुक्तानी गर्न कुनै समस्या छैन। उहाँको श्रीमानले पनि व्यवसायमा पूर्ण रुपमा साथ दिदै सामान ढुवानी तथा विक्रि-वितरणमा सहयोग गर्नुहुन्छ। श्रीमान श्रीमतीको संयुक्त मेहनत, लगनशीलता र परिश्रमका कारण व्यापारमा निरन्तर उन्नति प्रगति भइरहेको छ। आज उहाँको परिवार आर्थिक रुपमा आत्मनिर्भर बनेको छ। व्यापारबाट प्राप्त आम्दानीले परिवारको जीवनस्तरमा उल्लेखनीय सुधार आएको छ। सन्तानको शिक्षादिक्षा, घर परिवारको खर्च तथा भविष्यका योजनाहरु सहज रुपमा व्यवस्थापन गर्नको लागि बचत समेत गरिरहनुभएको छ। **उहाँको अहिलेको सफलता हेर्दा ऋणको सही सदुपयोग नै आर्थिक समृद्धिको आधार भएको पुष्टि गरेको छ भने सहकारीबाट प्राप्त ऋणलाई उत्पादनमूलक क्षेत्रमा सही रुपमा परिचालन गरेमा आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भन्ने प्रेरणादायी सन्देश पनि बनेको छ।**

**पुष्पा शाही हमालको सफलता केवल एउटा सदस्यको मात्र सफलता होइन। यो सफलता सहकारीको मूल्य, मान्यता र उद्देश्यको जीवन्त उदाहरण पनि हो।** सही समयमा प्राप्त आर्थिक पहुँच, नियमित बचत, मेहनत, इमानदारीता र आत्मविश्वासले कुनै पनि परिवारलाई गरिबीबाट समृद्धितर्फ डोऱ्याउन सक्छ भन्ने सन्देश उहाँको जीवनले दिएको छ। आज उहाँको सफल जीवनले एउटा कुरा भन्छ **"सपना देख्न कहिल्यै नछोड्नुहोस, सही अवसर, अथक मेहनत र वातावरण जस्ता संस्थाको साथ पाएपछि असम्भव जस्तो देखिने सपना पनि एक दिन अवश्य सम्भव हुन्छ।"**

*(लेखन/संकलन : मिलन सिजापती)*

# खोला तर्न नसक्ने बटुवाको लागि पुल हो वातावरण

कर्णाली प्रदेशको दैलेख जिल्ला अन्तर्गत साविकको गमौडी गा.वि.स. हाल दुल्लु नगरपालिका वडा नं. १० निबासी विजय सार्की र पट्टु सार्कीको कोखबाट राईली छोरीको रुपमा वि.सं. २०४७ साल माघमा विमलाकुमारी मेनालको जन्म भएको थियो। अनौपचारिक शिक्षा मात्र पढ्नु भएको विमला निम्न वर्गिय परिवारमै जन्मिनु र हुर्किनुभयो। ५ दिदीबहिनी र २ दाजुभाइका साथ रहनु भएको विमलाका बुवाको भरपर्दो आम्दानीको श्रोत केहि थिएन। छोराछोरीको शिक्षादिक्षा र लालनपालन, चाडपर्व मनाउनका लागि उहाँको बुवा भारतमा काम गर्न जानुपर्थ्यो। बुवा आमालाई जतिसुकै दुःख भएपनि उहाँलाई भने वास्तविक दुःख कष्ट के हो थाहा थिएन। १७ वर्षको कलिलो उमेरमै उहाँ दुल्लु ५, मुडादेवल स्थित चन्द्रबहादुर नेपालीसँग २०६४ सालमा वैवाहिक बन्धनमा बाँधिनु भयो।

विवाह पश्चात पनि उहाँलाई अभावले साथ छोडेन। घरमा धन सम्पत्तिको नाममा पुर्ख्यौली पाखोबारी मात्र थियो। विवाह भएको केही महिनामा श्रीमान रोजगारीको सिलसिलामा भारत जानुभयो र एक बर्ष बस्दा पनि केही कमाई नहुँदा रित्तो हात घर फर्किनु भयो। समय बित्दै जाँदा बिमला ४ छोराछोरीको आमा समेत बन्नु भयो। एकातिर गरिबी अर्को तिर बालबच्चा हुँदा शिक्षा, स्वास्थ्यमा समस्या हुँदै गयो। त्यसै क्रममा भविष्यमा केही राम्रो काम गर्नुपर्छ र असल मान्छे बन्नुपर्छ भन्ने चिन्तन भएकी विमला बैकल्पीक व्यवसायको खोजीमा लाग्नुभयो। तर व्यवसाय सञ्चालन गर्नका लागि उहाँसँग आर्थिक नभएका कारण आँट गर्न सक्नु भएको थिएन। तर समय बित्दै जाँदा दुल्लु स्थित वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था सञ्चालन भइरहेको जानकारी पाउनु भयो। उक्त जानकारी पाएपछि उहाँ २०७३ साल पौष २९ गते केन्द्र नं. १३५ मुडा देवल वातावरण महिला केन्द्रमा संलग्न हुनु भयो।



*पसलमा व्यस्त विमलाकुमारी मेनाल*

आर्थिक अभाबको कारण कसैलाई पनि भोकै मर्न नपरोस भनेर समाजलाई आर्थिक रुपमा सवल र सक्षम बनाउने उद्देश्य लिएको संस्थामा आवद्ध हुन पाउँदा उहाँ निकै हर्षित र खुशी हुनुभयो। भावि सन्ततिको जीवन र आफ्नो जीवन सुखमय बनाउन केही न केही काम गर्नुपर्छ भन्ने उद्देश्य भएकी बिमलाले यस संस्थाबाट सुरुमा रु.५०,०००। कर्जा लिई शिवशंकर ग्लाउस हाउस व्यवसायमा लगानी गर्नुभयो। प्रत्येक दिन उहाँको मेहनत बढ्दै गयो। व्यवसाय पनि फस्टाउँदै गयो। उहाँले व्यवसाय बढाउनका लागि हाल रु.३,००,०००। सम्मको कारोवार गर्नुभएको छ। छोराछोरी नजिकैको बिद्यालयमा पढाउनु भएको छ। हाल व्यवसायमा दुबै जना संलग्न रहेर काम गरिरहेको र श्रीमानसँगै काम गर्न पाउँदा निक्कै नै सहज महशुस गर्नु भएको छ। ब्यापार व्यवसायबाटै दुल्लु बजारमै १ वटा घडेरी लिनुभएको छ। ब्यापारबाट दैनिक जसो रु.२,०००। सम्म आम्दानी हुने गरेको उहाँले बताउनु भयो।

**खोला तर्न नसकेको बटुवालाई पुल बनेर सहयोग गर्ने वातावरण संस्थालाई कहिल्यै भुल्न नसक्ने उहाँको भनाई रहेको हो।** राज्यको वित्तीय पहुँच नपुगेको स्थानमा पनि गएर वातावरणले विपन्न वर्गलाई आर्थिक रुपमा सचेत र सवल बनाएको उहाँको बुझाई रहेको छ। यस्तै राम्रो काम गर्दै लाखौ परदेशी दाजुभाइलाई स्वदेशमै बस्ने वातावरण सिर्जन गर्न महत्वपूर्ण कदम चालोस, धेरै भन्दा धेरै स्वरोजगारी सिर्जनामा वातावरणको साथ सहयोग रहिराखोस भन्ने उहाँको संस्थाप्रति अपेक्षा समेत रहेको छ।

*(लेखन/संकलन : लोकबहादुर वली)*

# सफल उद्यमी बन्न वातावरणको साथ

सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका, वडा नं. १२ बस्ने बुवा धनबहादुर कामी र आमा पाना सुनार्नीको कोखबाट दोस्रो सन्तानको रुपमा वि.सं. २०५४ साल कार्तिक १८ गतेका दिन जन्मिनुभएकी विपना सुनारको दैलेख जिल्ला, नारायण नगरपालिका वडा नं. ९ बस्ने प्रेमबहादुर सुनारसँग २१ बर्षको सानै उमेरमा विवाह भएको थियो। सानै उमेरमा विवार र घरायसी कारणले गर्दा उहाँले पढाईलाई निरन्तरता दिन सक्नु भएन। कक्षा १० सम्मको पढाईलाई रोकेर उहाँ घर व्यवहारमै ब्यस्त हुनुपर्ने भयो।

विवाह पश्चात उहाँको काँधमा ठूलो जिम्मेवारी आयो। घर व्यवहार चलाउनु पर्ने भयो। घरको आर्थिक अवस्था पनि त्यति राम्रो थिएन। श्रीमानको पनि पढाई धेरै थिएन। दुबै जनाको पढाई धैरै नभएको कारण भनेजस्तो काम पनि नपाउने अवस्था थियो। त्यसपछि दुबै जनाको सल्लाह अनुसार कृषि पेशालाई नै व्यवसायिक रुपमा सुरु गर्ने सोच बनाउनु भयो। किनकी आम्दानीको स्रोत त्यति राम्रो नभएकाले आर्थिक संकट बढ्दै जान थालेको थियो। छोराछोरीहरु पनि हुर्कन थालेका थिए। घरमा छोरा छोरीको पढाई लेखाई, दैनिक घर खर्चले दिन प्रतिदिन पिरोल्दै थियो। मनमा अनेक कुराहरु खेल्दै थिए। के गर्ने ? कसो गर्ने ? कृषि पेशालाई निरन्तरता दिनेकी अरु नै पेशातर्फ जाने ? कुनै मेलोमेसो पाउनुभएको थिएन। दुबै जना कृषि पेशामा नै भएकाले घर व्यवहार चलाउन नसकिने अवस्था सिर्जना भएको थियो। अरु कुनै पेशा व्यवसाय सुरु गरौं भने लगानी गर्ने आफुसुग पैसा पनि थिएन। गाउँमा सापटी खोजेर पाईदैन, पाईहाले मासिक चर्को ब्याज र सावा एकमुष्ट भुक्तानी गनुपर्ने। सावा एकमुष्ट भुक्तानी गर्न पनि सम्भव थिएन। त्यसै सिलसिलामा ठूलो आँट र सानो र कम साथमा लिएर उहाँको श्रीमान घर भन्दा केही टाढाको सानो बजारमा आफ्नो सीप अनुसारको सुनका गहना बनाउने काम सुरु गर्न जानुभयो। तर लगानी गर्ने प्रयाप्त रकम नहुँदा समस्या धेरै थिए। समस्याहरुलाई कसरी व्यवस्थापन गर्ने होला भनेर सोच्दै जाँदा भगवानले त आँट म पुऱ्याउँछु भनै झै भयो। उहाँले बिनाधितो ऋण प्रवाह गर्ने वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रमको बारेमा थाहा पाउनु भयो। कार्यक्रमको बारेमा र म्रोसँग बुझेपछि उहाँले संस्थामा आवद्ध हुने सोच पनि गर्नुभयो। त्यसपछि उहाँ संस्थाको चामुण्डा सेवाकेन्द्र अर्न्तगत विशाल बजार वातावरण महिला केन्द्र, केन्द्र नं. २३ मा २०७७ सालमा आबद्ध हुनुभयो। संस्थामा आबद्ध भएपछि सुरुमा बचत तथा ऋण कारोबार गर्दा कस्तो होला ? किस्ता तिर्न नसक्ने हो कि भन्ने चिन्ताले सतायो। तर उहाँले आफुले व्यवसाय गरेमा पक्कै पनि किस्ता तिर्न सकिन्छ भन्ने आत्मबलका साथ सुरुमा रु.५०,००० ऋण लगेर त्यहि सुन बनाउने व्यवसाय सुरुवात गर्नु भयो। सुरुवात गरेसूगै विस्तारै व्यवसायमा ग्राहकहरुले पुराना गहना मर्मतसूगै नया सामानको पनि माग गर्न थाल्नु भयो। नभन्दै उहाँले सोचेजस्तै व्यापार राम्रो हुँदै गयो। व्यवसायको दिनदिनै सफलताले उहाँको आत्मबल समेत वृद्धि हुँदै गयो। उहाँले संस्थाबाट व्यवसाय गर्ने भनेर पटक पटक क्रमश रु.२,००,०००, रु.३,००,००० हुँदै हाल रु.५,००,००० ऋण कारोबार गर्नुभएको छ। संस्थाबाट ऋण लगेर गरेको व्यवसायबाट प्राप्त आम्दानीले उहाँले अहिले सोही सुन पसललाई ठूलो व्यवसायको रुपमा विकास गर्नु भएको छ। अहिले दुबै जना सोही व्यवसायमै स्वरोजगार हुनु भएको छ। हाल उहाँले आफ्नो व्यवसायबाट मासिक रु.१,६०,००० सम्म बचत गर्न सफल हुनुभएको छ।



*आफ्नो पसलमा विपना सुनार*

वातावरण जस्ता संस्थाको साथ र आफ्नो लगनशीलता, ईमान्दारीता र निरन्तरताले जीबनमा सफल हुन कुनै कठिनाई नपर्ने उहाँ बताउनु हुन्छ। **किनकि उहाँसँग लगनशिलता, ईमान्दारीता र व्यवसायलाई निरन्तरता दिने क्षमता थियो तर व्यवसाय सुरु गर्ने रकम र भरपर्दो साथ दिने कोहि थिएन। यस्तो अवस्थामा वातावरण संस्थाले बलियो आर्थिक सहयोग गरेर आफूलाई सफल उद्यमी बन्न साथ दिएको उहाँको भनाई छ।** आफ्नो पछिल्लो सफलतामा वातावरण संस्थाको प्रत्यक्ष रुपमा सहयोग र योगदान रहेको बताउने उहाँ **केही गर्ने सोच भएका दिदीबहिनीहरुका लागि वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था सधै भरपर्दो साथी हुने उहाँको सल्लाह रहेको छ।**

*(लेखन/संकलन : भिषण पुलामी मगर)*

# सफलताको सारथी वातावरण

कमला अधिकारीको जन्म सुर्खेत जिल्लाको चिङगाड गाउँपालिका, वडा नं. १ निवासी बुवा झकबहादुर आचार्य र आमा तिर्था आचार्यको कोखबाट दोस्रो सन्तानको रुपमा वि.सं. २०३६ साल भाद्र २९ गते सामान्य परिवारमा भएको थियो। उहाँको जन्म सामान्य परिवारमा भएकाले विद्यालयको औपचारिक शिक्षा लिन पाउनु भएन। उहाँको बाल्यकाल घाँस, दाउरा, मेलापातमै बितेको थियो। घाँस दाउरा, मेलापात गर्दै गर्दा बाल्यकाल पनि राम्रोसँग बित्न नपाउदै सुर्खेत जिल्ला चिङगाड गाउँपालिका वडा नं. १ बस्ने सुरथबहादुर अधिकारीसँग १७ बर्षको कलिलो उमेरमा सामाजिक परम्परा अनुसार वि.सं. २०५३ सालमा उहाँको विवाह भयो। कलिलो उमेरमा विवाह भएकाले घर व्यवहार कसरी चलाउने भन्ने जानकारी पनि थिएन। यस्तो अवस्थामा सबै जिम्मेवारी काँधमा आईपऱ्यो। घर परिवारको आर्थिक अवस्था पनि राम्रो थिएन।

परिवार तथा श्रीमानको कमाईबाट दैनिक जीवन निर्वाह गर्न धौ-धौ हुन्थ्यो। यसै क्रममा उहाँको परिवारमा सन्तानका रुपमा तीन छोराको जन्म भयो। परिवारमा सन्तानहरुको लालन पालन, शिक्षा दिक्षाका कारण थप जिम्मेवारी थपियो। गाउँघरमा सामान्य खेतिपाती र ज्यालामजदुरी गरी जसोतसो दैनिकी चल्दै थियो। दिनप्रतिदिन महंगीले गर्दा घर खर्च धान्न मुस्किल परेपछि व्यापार व्यवसाय गर्ने सोच बनाउनु भयो। तर उहाँसँग लगानी गर्नका लागि पैसा थिएन। पैसाका लागि धेरै पटक गाउँमा साहुहरुको घरमा धाउनु भयो। कसैले पनि विश्वास गर्नु भएन। उहाँको व्यवसाय गर्ने आशा निराशामा परिणत भयो। उहाँलाई समस्या भईरहेको बेला वि.सं. २०६९ सालमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.ले संचालन गरेको लघुवित्त कार्यक्रम मार्फत समुदायमा रहेका महिला दिदीबहिनीहरुलाई समुहमा आबद्ध गराई बचत गर्ने बानीको विकास गराउने र व्यवसाय गर्न इच्छुक व्यक्तिहरुलाई सामुहिक जमानतमा बिना धितो कर्जा लगानी गर्ने गरेको बारे थाहा पाउनु भयो। यो कुरा थाहा पाएपछि उहाँ संस्थाको मेहेली धरमपोखरा सेवाकेन्द्र अन्तर्गत गमला वातावरण महिला केन्द्र, केन्द्र नं. ७० गठन गरी सदस्यता लिनु भयो।



*आफ्नो बाखा फार्ममा कमला अधिकारी*

संस्थामा आबद्ध भएपछि उहाँले पहिलो पटक रु.१०,०००।- ऋण लिई ३ वटा बाखा खरिद गरी बाखापालन व्यवसाय सुरु गर्नु भयो। पारिवारीक सल्लाह अनुसार बाखापालन व्यवसायलाई व्यवसायिक रुपमा अगाडी बढाउने र रोजगारीका लागि श्रीमान भारत जाने गरेकोमा अबदेखि नजाने गरी बाखाको खोर समेत निर्माण गर्नुभयो। बाखापालन व्यवसाय बढाउनका लागि उहाँले थप ऋण लिने सोच बनाउनु भयो। सोही अनुसार संस्थाबाट उहाँले क्रमश रु.२०,०००।-, रु.५०,०००।-, रु.१,००,०००।-, रु.२,००,०००।- र पछिल्लो पटक रु.२,५०,०००।- कर्जा कारोबार गर्नु भएको छ। अहिले उहाँले बाखापालन व्यवसाय सँगसँगै व्यवसायिक फलफुल खेती पनि गर्नुभएको छ। जसबाट घरायसी खर्च र छोराहरुको शिक्षादिक्षामा कुनै समस्या भएको छैन। यस व्यवसायबाट बार्षिक रु.३,००,०००।- सम्म आम्दानी गरिरहनु भएको छ। भएको आम्दानीबाट खर्च गरेर बचेको पैसा पनि बचत गरिरहनु भएको छ। परम्परागत खेतीबाट भन्दा पशुपालन व्यवसाय र कागती खेतीबाट राम्रो आम्दानी हुने गरेको उहाँ बताउनु हुन्छ। साथमा तरकारी खेती पनि गरिरहनु भएको छ। उहाँले बीस रोपनी जग्गामा ३०० बोट कागती खेती गर्नुका साथै ३३ वटा बाखा पाल्नु भएको छ।

**लगनशील र इमान्दारी भएर निरन्तर रुपमा आफ्नो काममा लाग्ने हो र परिवार तथा संस्थाको भरपर्दो साथ हुने हो भने जीवनमा सफलता हासिल गर्न कुनै समस्या नपर्ने उहाँको भनाई छ।** मम‍ा व्यवसाय गर्ने योजना र आँट थियो तर लगानी गर्ने रकम थिएन। यस्तो अवस्थामा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को ठूलो सहयोग र साथ पाएको कुरा उहाँ बताउनु हुन्छ। **व्यवसाय गर्ने सोच भएका दिदीबहिनीहरुका लागि वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. सँधै भरपर्दो साथी मात्र नभएर प्रेरणाको स्रोत र जीवनको सारथी पनि रहेको उहाँको बुझाई छ।**

*(लेखन/संकलन : लिलबहादुर सिजापती मगर)*

# संस्थाको सानो सानो लगानीबाट समाजमा आयो परिवर्तन

सुर्खेत जिल्लाको पूर्वी क्षेत्रमा पर्ने साबिकको खानिखोला गा.वि.स वडा नं. १ बस्ने बुवा खुमानबहादुर चन्द र आमा मनकुमारी चन्दको कोखबाट वि.सं. २०३३ साल पौष १० गते तेस्रो सन्तानको रुपमा जन्मिनुभएको गोल्मा सिंहको बाल्यकाल सुखमा नै बित्यो । तर परिवारमा धेरै छोरी भएकाले उहाँले जीवनमा केही कठिनाई भने भोग्नु पर्‍यो । गाउँघरमा घाँस दाउरा, मेलापात गर्दै उहाँले प्राथामिक तहसम्मको शिक्षा भने अध्ययन गर्न पाउनु भएको थियो । समय क्रमसँगै उमेर बढ्दै गयो र १६ वर्षको कलिलो उमेरमै २०४९ सालमा सिम्ता गाउँपालिका, वडा नं. ९ मा बस्ने महेन्द्र सिंहसँग परम्परागत रुपमा उहाँको मागी विवाह भयो। विवाहसँगै उहाँले नयाँ घरको थप जिम्मेवारी पनि बहन गर्नुपर्‍यो। घरकी माहिली बुहारी भएकाले घरको जिम्मेवारी पनि बढि थियो । उहाँको श्रीमानको कुनै जागिर तथा पेशा व्यवसाय नभएकाले घर व्यवहार चलाउन पनि कठिन थियो ।

परिवारमा आम्दानीको स्रोत नभएपछि उहाँको श्रीमानले घर व्यवहार चलाउनको लागि सानो ब्यापार शुरु गर्नु भयो। उहाँले ४-५ बर्ष ब्यापार गरेपनि सोचे अनुसारको आम्दानी भइरहेको थिएन । जसोतसो घर व्यवहार मात्र चलाउनु भएको थियो । दिनप्रतिदिन घरको आर्थिक अवस्था कमजोर हुँदै गएर दैनिक समस्याहरु पनि बढ्दै गएका थिए। चारवटा सन्तानको पढाइ लेखाइ, घर व्यवहार निकै नै समस्या भइरहेको थियो । व्यापारलाई राम्रोसँग चलाउन उहाँसँग भनेजस्तो लगानी गर्ने रकम थिएन । छोराछोरीलाई खानपान, लत्ताकपडा र पढाइलेखाइ जेनतेन गरेर चलाउनु परेको थियो। त्यसपछि श्रीमानले २०६९ सालमा अर्को विवाह गरेर अनेत्रै बसेपछि उहाँमाथि झन ठुलो समस्या आइलाग्यो। त्यतिबेला उहाँले धेरै दु.ख, कष्ट र सघर्ष गर्नुपर्‍यो। भनिन्छ, धैर्य र संघर्षले मानिसलाई एकदिन अवश्य नै सफल बनाउछ । श्रीमानले साथ छोडेपनि उहाँमा आँट र साहस भने अझै थियो। उहाँले पुनः सोही पसल गर्ने योजना गर्नु भयो । तर पसल शुरु गर्नको लागि उहाँसँग पैसा थिएन। त्यही समयमा जामुने बजारमा बिना धितो ऋण दिने वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रम छ भन्ने थाहा पाउनुभयो । यो थाहा पाएपछि उहाँले पनि संस्थाको शेयर सदस्य भएर कारोवारो गर्ने निधो गर्नुभयो। सोही बमोजिम उहाँ संस्थाको जामुने बजारस्थित राकम सेवाकेन्द्रको केन्द्र नं. ११५, दुनी वातावरण महिला केन्द्रमा मिति २०७१/०९/२७ गतेबाट आबद्ध भई ऋण कारोवारो गरी पसल व्यवसायलाई पुनः शुरुवात गर्नुभयो। उहाँले संस्थाबाट ऋण लिएर नास्ता पसलमा लगानी गर्नुभयो । मेहेनतका साथ व्यवसाय चलाएकोले आर्थिक अवस्था पनि राम्रो हुँदै गयो । आम्दानी राम्रो हुन थालेकाले बाल बच्चालाई पनि राम्रो शिक्षा दिन थाल्नुभयो। त्यसपछि उहाँले कस्मेटिक सँगसँगै फेन्सी पसल पनि शुरु गर्नुभयो । यो व्यवसायबाट पनि अहिले उहाँले राम्रो आम्दानी गरिरहनु भएको छ । संस्थाबाट उहाँले क्रमशः रु.५०,०००।, रु.१,००,०००।, रु.१,५०,०००।, रु.२,००,०००।, रु.२,५०,०००।, रु.३,००,०००।, रु.३,५०,०००। हुँदै पछिल्लो पटक रु.४,००,०००। ऋण कारोबार गरेर सोही व्यवसायमाा लगानी गर्नुभएको छ। व्यवसायको स्तरउन्नति गर्दै जानुभएको छ ।



*आफ्नो पसलमा ब्यस्त गोल्मा सिंह*

**सानो लगानीबाट शुरु गरेको व्यवसायलाई निरन्तरता दिदै अहिले ठूलो बनाउनुभएको छ ।** समाजमा एक सफल व्यवसायीको रुपमा चिनिनुभएको छ । उहाँले कस्मेटिक र फेन्सी पसलबाट मासिक रु.५० देखि ६० हजारसम्म आम्दानी हुने गरेको बताउनु भयो। उहाँ सोही पेशामा नै सन्तुष्ट हुनुहुन्छ। यसै व्यवसायबाट आफुलाई घर खर्च चलाउन, छोराछोरीलाई पढाउन पुगेको छ। साथै अहिले छोरीलाई शिक्षक बनाउन समेत सफल हुनुभएको छ। यही व्यवसायबाट छोरालाई बैदेशिक रोजगारीमा पठाउन सफल हुनुभएको छ । सबै परिवार व्यवसायमा ब्यस्त हुनुहुन्छ । **यसरी निरन्तर रुपमा संस्थाले हरेक समयमा भनेको जति नै आर्थिक सहयोग गरेकोमा उहाँ संस्थाप्रति निकै खुशी हुनुहुन्छ ।** संस्थाको सहयोगले एक सफल व्यवसायी भएकोमा उहाँ खुशी हुनुहुन्छ । **ग्रामीण भेगका दिदीबहिनीहरुलाई संस्थाले दिएको ससानो ऋणबाट उत्पादनमुखी व्यवसायमा लगानी गरेकाले आफु मात्र नभएर समाजका अन्य दिदीबहिनीहरु पनि व्यवसायी बनी समाज नै परिवर्तन र आत्मनिर्भर भएको उहाँले बताउनुभयो ।** ग्रामीण समुदायका दिदीबहिनीहरु संस्थासँगको सहकार्यले उद्यमी बनेर थुप्रै राम्रा राम्रा अवसरहरु प्राप्त गर्न पनि सफल भएको उहाँको बुझाई रहेको छ ।

*(लेखन/संकलन : वीरेन्द्रकुमार नेपाली)*

# मेरो सफलताको सारथी बन्यो वातावरण

सुर्खेत जिल्ला अन्तर्गत लेकवेशी नगरपालिका निवासी बुबा नरबहादुर गुरुङ्ग र आमा पिमली पुन मगरको कोखबाट वि.स. २०४५ साल जेठ १८ गतेका दिन पहिलो सन्तानको रुपमा तुलसी चन्दको जन्म भएको थियो । गाउँघरमा घाँस दाउरा र मेलापात गर्दै उहाँले उच्च शिक्षा हासिल गर्न नपाएपनि ८ कक्षासम्म औपचारिक शिक्षा पढ्ने अवसर प्राप्त गर्नुभएको थियो । माईतीघरमा उहाँको बाल्यकाल दु:ख कष्ट सहँदै र हाँसखेल समेत गर्दै बित्दै थियो त्यही अवस्थामा १७ बर्षको कलिलै उमेरमा २०६२ सालमा सुर्खेत जिल्लाको हालको भेरीगंगा नगरपालिका, वडा नं. १३ बस्ने राजेन्द्र चन्दसँग विवाह भयो । कलिलै उमेरमा विवाह भएसँगै अब उहाँको काँधमा घरको ठूलो जिम्मेवारी थपिएको महशुस हुन थाल्यो । विवाह पश्चात उहाँको संघर्षका दिनहरु सुरु भए । उहाँलाई सँधै एउटै कुराले पिरोल्ने गर्थ्यो कि, मैले जसरी आफ्नो बाल्यकाल बिताए पनि मेरा सन्तानले त्यसरी दु:ख कष्ट सहन नपरोस् । कुनै कुराको कमी नहोस् भन्ने थियो ।

सुरुमा घरको कान्छी बुहारी भएको नाताले घरायसी कामधन्दा बाहेक अन्य केहि कुराहरु सोच्ने समय भएन । तर २ सन्तानकी आमा बनेपछि भने उहाँलाई पैसाको महत्व बढ्न थाल्यो । बालबच्चा ठुला हुँदै गएसँगै उनीहरुका विभिन्न आवश्यक्ता पनि बढ्दै गए । श्रीमान नेपाल आर्मीमा जागिरे भएतापनि पारिवारीक खर्च र समस्या बढेकाले सम्पूण खर्च एक्लैको कमाईले धान्न धौ थियो । अन्य आम्दानीको कुनै स्रोत थिएन । जसले गर्दा परिवारमा झन आर्थिक भार बढ्दै थियो । त्यसै समयमा धन कमाउन भनी दुबै जनाको सल्लाहमा उहाँले सानो कस्मेटिक व्यवसाय सुरु गर्नेगरी भेरीगंगा नगर पालिका वडा नं. ११ मा कोठा भाडामा लिएर बस्न थाल्नुभयो । तर व्यवसाय सुरु गर्न आफुसँग त्यति धेरै पैसा थिएन । गाउँघरतिर ऋण गर्दा चर्को ब्याजदर र गरगहना धितो राख्नुपर्ने र धितो राख्ने गहना समेत थिएन । जसले गर्दा ऋण पाउन गाह्रो भइरहेको थियो । यस्तै क्रममा उहाँले गाउँघरमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. को लघुवित्त कार्यक्रमको बारेमा थाहा पाउनुभयो । लघुवित्त कार्यक्रमले समुह बनाई बिना धितो ऋण कारोबार गर्ने गरेको थाहा पाएपछि उहाँलाई पनि संस्थामा बसेर कारोबार गर्ने ईच्छा जाग्यो । त्यसपछि श्रीमानको सल्लाह अनुसार उहाँ संस्थाको खलटाकुरा वातावरण महिला केन्द्र, केन्द्र नं. २४ मा आवद्ध हुनुभई सो केन्द्रको केन्द्र प्रमुखको भूमिका समेत निभाउन सफल हुनुभयो ।



*बाखालाई घाँस खुवाउँदै तुलसी चन्द*

वातावरण संस्थामा आवद्ध भएपछि उहाँले संस्थाबाट पाइने बिना धितो ऋणको सुविधा लिएर आफ्नो योजना अनुसार कस्मेटिक व्यवसाय सुरु गर्ने निर्णय गर्नुभयो । सोही अनुसार घरपरिवारको सल्लाह बमोजिम उहाँले पहिलो पटक रु.१२,०००। ऋण लिएर सानो कस्मेटिक व्यापार सुरु गर्नभयो । सो व्यापार पनि विस्तारै राम्रोसँग चल्दै गयो । त्यसपछि उहाँले संस्थाबाट क्रमश: रु.५०,०००।, रु.१,२०,०००।, रु.१,८०,०००।, रु.२,५०,०००।, रु.४,००,०००। गरेर धेरै पटक ऋण कारोबार गरी व्यवसायलाई विस्तार गर्नुभयो । व्यापारबाट पनि राम्रो आम्दानी हुँदै गयो । अहिले उहाँको श्रीमान पनि नेपाल आर्मीबाट अवकास लिएर व्यवसायमै संलग्न हुनुभएको छ । भेरीगंगा १३ मा रहेको आफ्नै घरमा व्यवसायिक रुपमा बाख्रा पालन र तरकारी खेती गरि रहनु भएको छ । हाल पछिल्लो पटक पुन: रु.५,००,०००।- ऋण लिएर सोही व्यवसायमा लगानी गर्नुभएको छ । व्यवसायको आम्दानी र श्रीमानको नोकरीबाट भएको कमाईबाट भेरीगंगा १३ मा एउटा पक्की ढलान घर बनाएर आफ्नै घरमा बाख्रा पालन व्यवसाय सञ्चालन गरिरहनु भएको छ । साथै सोही व्यवसायबाट दुई छोराहरुलाई राम्रो स्कुलमा पढाइरहनु भएको छ ।

**अहिले उहाँ भन्नुहुन्छ, सुरुमा व्यवसाय गर्दा यति ठुलो सफलता हासिल गरिएला भन्ने सोचेकै थिइन । तर संस्थाको साथ र आफ्नो लगनशिलता, इमान्दारीता र निरन्तरतासँगै जीवनमा सफलता ठुलो सफलता प्राप्त भएको छ ।** सुरुमा व्यवसायमा लगानी गर्ने रकम र भरपर्दो साथ दिने कोहि थिएन । **यस्तो अवस्थामा वातावरणले आर्थिक साथ दिएको उहाँको भनाई छ ।** अहिले घर परिवारको खर्च चलाउन एकदमै सहज भएको छ । **साथै ऋण कसरी चलाउने, बचत किन र कसको लागि गर्ने भन्ने धेरै कुराको ज्ञान समेत भएको उहाँ बताउनुहुन्छ । आफ्नो सफलतामा वातावरण संस्थाको प्रत्यक्ष रुपमा योगदान र साथ रहेको बताउने उहाँ केहि गर्ने सोच भएका दिदीबहिनीको लागि वातावरण संस्थामा आवद्ध हुन समेत सल्लाह दिने गर्नुहुन्छ ।**

*(लेखन/संकलन : सिर्जना शाही)*

# वातावरणको साथले सफल कृषि उद्यमी

कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाको कालिमाटी गाउँपालिका वडा नं. २ निवासी बुबा खलङ्गे खासु मगर र आमा लक्ष्मी खासु मगरको कोखबाट वि.सं. २०२१ साल कार्तिक १४ गतेका दिन जन्मनुभएको कृष्णी पुन मगरको सानै उमेरमा कालिमाटी गाउँपालिका वडा नं. २ बस्ने भुपबहादुर पुनसँग विवाह भयो । १५ वर्षकै उमेरमा विवाह भएका कारण उहाँले पढाइलाई निरन्तरता दिन सक्नुभएन । सानै उमेरदेखि घर व्यवहारमै ब्यस्त हुनुपर्ने भयो । श्रीमानको पनि पढाई धेरै थिएन । दुबै जनाको पढाई धेरै नभएका कारण भनेजस्तो काम पनि नपाउने भएको कारण दुबैजनाको सरसल्लाह अनुसार उहाँहरुले कृषि पेशालाई नै व्यवसायिक बनाउने सोच बनाउनु भयो ।

विवाह पश्चात श्रीमान र आफ्नो दुबैजनाको नोकरी र आम्दानी हुने किसिमको व्यवसाय नहुँदा परिवारको समस्याहरु दिनप्रतिदिन बढिरहेको थियो । छोराछोरी पनि धेरै थिए । २ छोरा र ९ छोरी गरी ११ सन्तानको आमा बन्नु भएकी कृष्णी पुनको बालबच्चाहरु पनि हुर्कन थालेपछि घर खर्च पनि बढ्दै गयो। घरमा छोराछोरीहरुको पढाई लेखाई, विवाह ब्रतुन सबै कुराले उहाँलाई दिनप्रतिदिन पिरोल्दै गएको थियो। घर खर्च बढ्दै गएपछि मनमा अनेक थरिका कुराहरु खेल्न थाले। कुनै व्यवसाय गर्न आफुसँग पैसा पनि थिएन । गाउँमा सापटी रुपैयाँ खोजेर पाईदैन। पाईहाले पनि मासिक रुपमा चर्को ब्याज र साँवा एकमुष्ट भुक्तान गर्नुपर्ने। साँवा एकमुष्ट भुक्तान गर्न समेत सम्भव थिएन । तर त्यही समयमा गाउँघरमा उखान छ, "त आँट म पुर्‍याउछु" भनेजस्तै भयो उहाँलाई । त्यही समयमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाले समुह बनाएर व्यवसाय गर्ने महिला दिदीबहिनीहरुलाई समुहमा आधारित किस्ता किस्तामा तिर्नेगरी ऋण दिन्छ भन्ने कुरा उहाँले थाहा पाउनुभयो । यो थाहा पाएपछि उहाँले गाउँमा समुह बनाएर संस्थामा आवद्ध हुनुभयो । त्यसपछि उहाँले संस्थाबाट सानो ऋण लिएर भैंसी पालन तथा खेलो व्यापारको व्यवसाय सुरु गर्नुभयो। व्यवसाय पनि राम्रो हुँदै गयो। व्यवसायको सफलतासँगै उहाँले व्यवसाय बढाउनकै लागि संस्थाबाट ऋण कारोबार पनि बढाउँदै लानुभयो । सुरुवामा उहाँले रु.८,०००। बाट सुरु गरेको ऋणको कारोबार हाल बिना धितो रु.४,००,०००। सम्म कारोबार गर्नुभएको छ । पछिल्लो पटक संस्थाबाट लिएको रु.४,००,०००। ऋणले त्यही भैंसी पालन व्यवसायमै लगानी गर्नुभएको छ । हाल उहाँ यही व्यवसायमा ब्यस्त र खुशी हुनुहुन्छ



*भैंसीको हेरचाहमा ब्यस्त कृष्णी पुन मगर*

घरपरिवारको साथ र वातावरण संस्थाको सहयोगबाट उहाँ अहिले एक सफल कृषि उद्यमी बन्न सफल हुनुभएको छ । **उहाँको कृषि व्यवसायबाट अहिले वार्षिक १०-१२ क्वीन्टल गहुँ र १५-२० मुरी धानसम्म बिक्री गर्नुहुन्छ । भैंसी पालन व्यवसायबाट दुध विक्रीका साथै कृषि व्यवसायलाई आवश्यक पर्ने मलको पनि व्यवस्था गर्नुहुन्छ ।** संस्थाबाट भनेको समयमा निरन्तर ऋण पाउँदा र आफुले सोचेअनुसारको व्यवसाय गर्न पाउँदा अहिले उहाँ निकै खुशी र सन्तुष्ट हुनुहुन्छ । **वातावरणले आफ्नो सफल कृषि उद्यमी बन्ने सपना पुरा गरिदिएकोमा उहाँ खुशी हुँदै आफ्नो सफलताका लागि वातावरण संस्थालाई सँधै धन्यवाद दिनुहुन्छ ।** उहाँ अहिले कुनैपनि व्यवसाय गर्न चाहने दिदीबहिनी तथा दाजुभाइहरुलाई पनि वातावरण संस्थाको सदस्य बन्न अनुरोध गर्नुहुन्छ ।

*(लेखन/संकलन : महेन्द्रबहादुर सारु मगर)*

## शुद्ध दुग्धजन्य पदार्थ खाऔं, स्वस्थ बनौं





सदस्य, उपभोक्ता तथा कृषकको माग बमोजिम यस वातावरण सुधार बहुद्देश्यीय सहकारी संस्था लि.ले वातावरण दुग्धशाला संचालनमा ल्याएको वातावरण दुग्धशालाबाट उत्पादित दुध, दही, घ्यु, पनिर, खुवा, छुप्री र क्रिम उपभोग गर्नुहुन अनुरोध छ ।

"हाम्रो प्रतिवद्धता, दुग्ध पदार्थमा शुद्धता"

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.

**वातावरण दुग्धशाला**

**वीरेन्द्रनगर ८, वातावरण भवन, सुर्खेत**

सम्पर्क नं.: ०८३-५२३०९३, मोवाईल नं.: ९८०१३६९९४२






# सबै रेमिटान्स सेवाहरु वातावरणबाट

**सदस्यहरुको सेवा सुविधालाई मध्यनजर गर्दै यस संस्थाका सुर्खेत, दैलेख र सल्यान जिल्लामा रहेका सबै सेवाकेन्द्रहरुबाट आई.एम.ई. लगायतका सबै रेमिटान्स कम्पनीहरुको एजेन्सी लिई सहज तथा प्रभावकारी किसिमले रेमिटान्स सेवाहरु संचालन भइरहेको ब्यहोरा सबैमा जानकारी गराईन्छ ।**

## संस्थाले प्रदान गर्ने रेमिटान्स सेवाहरु :

- आई.एम.ई.
- सिटी एक्सप्रेस रेमिट
- रिलायवल रेमिट
- हिमाल रेमिट
- मुक्तिनाथ रेमिट
- आईपे रेमिट



वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
Batawaran Sudhar Multipurpose Co-Operative Limited (BASUCOL)
वीरेन्द्रनगर-८, वातावरण मार्ग, सुर्खेत
०८३-५२३४२८/५२४१७७
edcolmicrofinance@gmail.com
सदस्यहरुको लागि
विशेष सुविधा
कृषि तथा पशुपालनमा
व्याज अनुदान
[redacted]
सुर्खेत जिल्ला भित्रका ईच्छुक सदस्यहरुले
कृषि र पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्दै सदस्यको आम्दानी वृद्धि गर्ने हाम्रो अभियानमा सहभागी बनौ ।
सहज कर्जा, कम ब्याजदर र व्याज अनुदानको साथमा आत्मनिर्भर बनौं ।
हाम्रा सेवाहरु
कृषि खेतीका लागि कर्जा
पशुपालन (गाई, भैसी, बाखा, कुखुरा आदि) को लागि कर्जा
कृषि उपकरण तथा पूर्वाधार सहयोग कर्जा
आकर्षक ब्याजदरमा व्याज अनुदान सुविधा
छिटो, सरल र सहज कर्जा प्रक्रिया
आर्थिक परामर्श तथा प्राविधिक सहयोग
व्याज अनुदानको सुविधा सहित कर्जा लिनुहोस्,
आफ्नो व्यवसायलाई फस्टाउनुहोस् ।
कसले लिन सक्नुहुन्छ ??
संस्थाका कृषि तथा पशुपालनमा संलग्न शेयर सदस्यहरुले मात्र
हाम्रो सहकारी, हाम्रो सम्वृद्धि !!

# सहकारीको ऋण
# अनिवार्य तिर्नै पर्छ !

सहकारी संस्था बाट लिएको ऋणको रकम भनेको सोही संस्याको अन्य शेयर सदस्यहरूले खाई नखाई दुख गरेर गरेको बचत रकम हो ।

"अन्य सदस्यहरूको मेहनतको कमाइको सम्मान गरौं,
ऋण समयमै तिरौं, सहकारीलाई सशक्त बनाऔं ।"

**सहकारीको सुदृढता, हाम्रो इमानदारीता !**

समयमै ऋण तिरौं, सहकारीलाई बलियो बनाऔं ।

## यदि तपाई पनि यस्तो गर्नुहुन्छ भने...

- तिर्न सक्ने क्षमता हुँदा हुँदै पनि तिर्न आलटाल गर्ने,
- आफनो दैनिक जीवनलाई उच्च खर्च सहित बिलासी रुपमा बिताउने तर ऋण तिर्न वास्ता नगर्ने,
- सके सम्म नतिर्ने मनसाय राख्न खोज्ने,
- तिर्न मन भएको तर तिर्नका लागि वास्तविक रूपमै समस्या परेकों भए पनि संस्थामा सम्पर्क गरी सल्लाह नगर्ने,
- ऋण नतिरी कुनै विकल्प नभएको कानुनी व्यवस्थालाई बुझ्न नखोज्ने वा बुझेर पनि बुझ पचाए जस्तो गर्ने,
- सहकारी अभियानमा लागि संस्था सञ्चालन गरेका व्यक्तिहरु नै ऋण तिर्न अटेर गर्ने ।

**ऋण लिनु सुविधा हो, तिर्नु जिम्मेवारी हो ।**

*आजै तिरौं, भोलिको सहकारी बलियो बनाऔं ।*

---

# वातावरण सुधार बहुउदेश्यीय सहकारी संस्था लि.

केन्द्रीय कार्यालयः वि.न.-८, सुर्खेत

# वातावरण खाद्य उद्योग



स्वस्थ र समृद्ध समुदायका लागि
हाम्रै स्थानीय उत्पादन र सेवा!



- ☑ गुणस्तरीय काँचो अन्न, दलहन, तेलहन र मसला खरिद-बिक्री
- ☑ आधुनिक मेसिनद्वारा भरपर्दो कुटानी, पिसानी र पेलानी सेवा
- ☑ स्थानीय उत्पादनलाई प्राथमिकता, शुद्धताको ग्यारेन्टी!

उद्योगको ठेगानाः वीरेन्द्रनगर-१२, औद्योगिक क्षेत्र (भवन नं. ३), सुर्खेत।

सम्पर्कः ☎ उद्योग फोनः ०८३-५२०४०१ | प्रबन्धकः ९८४८०४८८४०

# टिप्पणीका लागि

# संस्थाको वर्तमान सञ्चालक समिति, सल्लाहकार तथा विभिन्न समिति/उपसमितिका पदाधिकारी एवम् सदस्यहरू

## सञ्चालक समिति



खगेन्द्रप्रसाद भट्टराई
अध्यक्ष



प्रेमप्रसाद चालिसे – उपाध्यक्ष
पोषणराज रेग्मी – सचिव
हिरा बुढा मगर – कोषाध्यक्ष



डिले वली – सदस्य
काँशीमाया राना – सदस्य
यामकुमारी हमाल – सदस्य
सुवास आचार्य – सदस्य
ईमादेवी पोखेल – सदस्य

## सल्लाहकारहरू



कमलराज रेग्मी – संस्थापक सल्लाहकार
कृष्णप्रसाद पौडेल – संस्थागत सल्लाहकार
डम्वरप्रसाद अर्याल – संस्थागत सल्लाहकार
चन्द्रलाल आचार्य – संस्थागत सल्लाहकार
देवकुमार सुवेदी – सामाजिक सल्लाहकार
उत्तमप्रसाद आचार्य – कानुनी सल्लाहकार

## लेखा समिति



तिलक खनाल – संयोजक
भूमिसरा बि.सी.के.सी. – सदस्य
डिल्लीराम आचार्य – सदस्य

## ऋण लगानी तथा असुली उप-समिति



प्रेमप्रसाद चालिसे – संयोजक
वेदनिधि रेग्मी – सदस्य
ऋषि भट्टराई – सदस्य

## लघुवित्त प्रवर्द्धन तथा व्यवस्थापन उप-समिति



हिरा बुढा मगर – संयोजक
टंकप्रसाद आचार्य – सदस्य
मनकुमारी आचार्य – सदस्य
पुष्पा राणा के.सी. – सदस्य
श्यामलाल न्यौपाने – सदस्य सचिव

## शिक्षा तथा तालिम उप-समिति



ईमादेवी पोखेल – संयोजक
बालकृष्ण खरेल – सदस्य
भिमबहादुर जि.सी. – सदस्य
अम्बिका खनाल – सदस्य सचिव

## दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उप-समिति



प्रेमप्रसाद चालिसे – संयोजक
दुर्गा खत्री गिरी – सदस्य
सूर्यप्रसाद भट्टराई – सदस्य
हिमप्रसाद गौतम – सदस्य
हरिप्रसाद चालिसे – सदस्य सचिव

## युवा तथा जेष्ठ नागरिक उप-समिति



सुवास आचार्य – संयोजक
काँशीराम भट्टराई – सदस्य
कमला नेपाली – सदस्य
देवेन्द्रकुमार सेजुवाल – सदस्य सचिव

## खाद्य उद्योग प्रवर्द्धन तथा व्यवस्थापन उप-समिति



डिले वली – संयोजक
घनबहादुर जि.सी. – सदस्य
गणेशकुमार पन्त – सदस्य
कृष्णा पाण्डे भट्टराई – सदस्य
किरण बस्नेत – सदस्य सचिव

## कार्यक्रम विस्तार तथा रोजगार प्रवर्द्धन उप-समिति



पोषणराज रेग्मी – संयोजक
टंकप्रसाद आचार्य – सदस्य
सरस्वती पन्त – सदस्य
किरण बस्नेत – सदस्य सचिव

## महिला तथा बालबालिका उप-समिति



काँशीमाया राना – संयोजक
अनन्तप्रसाद पौडेल – सदस्य
हिमकुमारी पौडेल – सदस्य
शोभा ढकाल – सदस्य सचिव






संस्थाको २३ औं वार्षिक साधारणसभा अन्तर्गत एकाई बैठक नं. २ मा आफ्नो भनाई राख्नुहुँदै संस्थाका संस्थापक सल्लाहकार श्री कमलराज रेग्मी तथा उपस्थित अतिथि एवं शेयर सदस्यहरू




संस्थाको २३औं स्थापना दिवसको अवसरमा आयोजित जेष्ठ सदस्य सम्मान कार्यक्रमका सहभागीहरू



सहकारी संस्थाहरूतर्फ उत्कृष्ट करदाताको रूपमा प्रशंसा पत्र ग्रहण गर्दै संस्थाका अध्यक्ष श्री चन्द्रलाल आचार्य



संस्थाको आयोजनामा भएको सञ्चालक-कर्मचारी मिलन (वनभोज) कार्यक्रममा नाचगान गर्दै सहभागीहरू



संस्थाको आ.व. २०८२/०८३ को वार्षिक समिक्षा कार्यक्रममा उपस्थित संस्था पदाधिकारी एवम् सदस्यहरू

**CORRESPONDENCE ADDRESS:**

**Batawaran Sudhar Multipurpose Co-Operative Limited (BASUCOL)**

**Birendranagar-8, Surkhet**

**Phone No:** 977-083-523428, 524977

**E-mail:** edcolmicrofinance@gmail.com **Web Site:** https://edcolsurkhet.com

मुद्रणः **विन्ध्यावासिनी प्रिन्टर्स एण्ड सप्लायर्स**, वीरेन्द्रनगर-६, सुर्खेत